हाजी

सामाजिक अध्ययन

कक्षा-आठ

हाम्रो सामाजिक अध्ययन

कक्षा ८

प्रकाशक
नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक
नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर ।

© पाठ्यक्रम विकास केन्द्र, र जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, २०६०

यस पाठ्यपुस्तकसम्बन्धी सम्पूर्ण अधिकार पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुरमा निहित छ । पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिविना यसको पूरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइनेछैन ।

प्रथम संस्करण, २०५३
परिमार्जित संस्करण, २०६०
परिमार्जित संस्करण, २०६३
पुनर्मुद्रण २०६६
पुनर्मुद्रण २०६८

पाठ्यपुस्तकसम्बन्धी पाठकहरूका कुनै पनि प्रकारका टिप्पणीहरू भएमा पाठ्यक्रम विकास केन्द्र, सम्पादन तथा प्रकाशन शाखामा पठाइदिनुहुन अनुरोध छ । पाठकहरूबाट आउने टिप्पणीहरूलाई यो केन्द्र स्वागत गर्दछ ।

मूल्य रु : ४०।७५

मुद्रण : जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमी, भक्तपुर

तपाईंको पुस्तकमा छपाइप्रविधिसम्बन्धी कुनै त्रुटि फेला परेमा उक्त पुस्तक जनक शिक्षा सामग्री केन्द्र लिमिटेड वा नजिकको साझा प्रकाशनबाट साट्न सक्नुहुनेछ ।

• जनक शिक्षा सामग्री केन्द्र लिमिटेड

हामी भनाङ

शिक्षालाई व्यावहारिक जीवनमा समयसापेक्ष बनाई विद्यार्थीहरूमा राष्ट्रियता, राष्ट्रिय एकता, सार्वभौमिकता तथा प्रजातान्त्रिक मान्यताअनुरूपको भावना विकास गराउने र इमानदारी एवम् नैतिकता जस्ता आधारभूत मानवीय गुणहरूको विकास गराई सामाजिक जीवनयापनका लागि आवश्यक ज्ञान र सीप हासिल गराउने उद्देश्यअनुसार विद्यालयस्तरका पाठ्यक्रम पाठ्यपुस्तकहरूको विकास गर्ने प्रक्रिया चालू रहिआएको छ ।

परिमार्जित पाठ्यक्रमअनुसार सामाजिक अध्ययनलाई विभिन्न क्षेत्रका विद्वतवर्ग, शिक्षक तथा विद्यार्थीहरूको राय सुझाव लिई आवश्यक संशोधन एवम् परमार्जन गरी तयार गरिएको प्रस्तुत पुस्तकले विद्यार्थीहरू आफैं जिज्ञासु बनी स्वस्फूर्त भावना प्रस्फुटन गराई सिक्ने बानीको विकास गराउन सकून् भन्ने उद्देश्यमा आधारित छ । विद्यार्थीहरूलाई क्रियाकलाप गर्न, एटलस हेरी रेखाचित्र भर्न, चित्राङ्कन गर्न र प्रतिवेदन तयार पार्न सहयोग पुगोस् भन्ने अभिप्राय राखी द्विपृष्ठात्मक प्रारूप तय गरिएको छ । प्रत्येक एकाइको अन्त्यमा पाठ्यवस्तुको सारांश दिइएको छ । सामाजिक अध्ययनको अवधारणा नै विद्यार्थीहरू आफैं जिज्ञासु बनून् र नयाँनयाँ कुराहरूको खोजी गरी व्यक्तिगत क्षमतामा वृद्धि गरी सीपको विकास गर्न सकून् भन्ने चाहना हो । शिक्षकहरूले पनि स्थानीय परिवेशसँग मेल खाने सिर्जनात्मक क्रियाकलापको खोज र सिर्जना गरी विद्यार्थीको प्रतिभालाई प्रस्फुटन गराउने कार्यमा आफूलाई समर्पित गराउन सक्नुहुनेछ भन्ने आशा गरिएको छ ।

वि.सं. २०५३ मा **विश्वम्भर घिमिरे, डा. राजाराम सुवेदी** र **प्रा. शरणहरि श्रेष्ठ**ले लेख्नुभएको यस पाठ्यपुस्तकलाई **प्रा.डा. श्रीराम उपाध्याय, नारायणप्रसाद शर्मा, मुक्तिप्रसाद ज्ञवाली, भूपमणि निरौला, सुनिल अधिकारी, डिकबहादुर राई** र **दिनानाथ गौतम**द्वारा वर्तमान परिमार्जित पाठ्यक्रमअनुसार लेखन तथा परिमार्जन गरिएको हो । यसको थप परिमार्जन **लोकेन्द्रमान प्रधान, शिवप्रसाद सत्याल, जगन्नाथ अवा, डा. राजाराम सुवेदी, भरत नेपाली प्याकुरेल, डिल्लीप्रसाद शर्मा, सन्ध्या भट्टराई** र **चन्द्रकला मास्के** रहेको विषय समितिबाट भएको हो । प्रत्येक एकाइको परिचयात्मक पद्यांश यस केन्द्रका भूपमणि निरौला, डिकबहादुर राई र दिनानाथ गौतमद्वारा लेखिएका हुन् । यसको भाषा सम्पादन **विष्णुप्रसाद अधिकारी**बाट भएको हो ।

पाठ्यपुस्तक शिक्षणसिकाइ प्रक्रियाको महत्त्वपूर्ण सहयोगी साधन हो । जिज्ञासु विद्यार्थी र अनुभवी शिक्षकले पाठ्यक्रमद्वारा लक्षित विषयवस्तुलाई विविध स्रोत र साधनको उपयोग गरी अध्ययन एवम् अध्यापन गर्न गराउन सक्छन् । विभिन्न कारणहरूले विद्यालयहरूमा सहायक पाठ्यसामग्री पर्याप्त उपलब्ध नहुँदा शिक्षणसिकाइ पाठ्यपुस्तकमाथि अत्यधिक रूपमा निर्भर रहेको देखिन्छ । यसैले प्रस्तुत पाठ्यपुस्तक सकेसम्म स्तरयुक्त बन्न सकोस् भनी प्रशस्त प्रयास गरिएका छन् तापनि यस पुस्तकलाई अझ स्तरयुक्त बनाउन सहयोगी हुने सुझावको यो केन्द्र सदाझैं निरन्तर अपेक्षा गर्दछ ।

शिक्षा मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र

विषयसूची

क्र.सं.	विषयवस्तु	पृष्ठसङ्ख्या
एकाइ - १.	**हामी, हाम्रो समुदाय र राष्ट्र**	१ - १२
पाठ १.	हाम्रा विकासका क्षेत्रहरू	२
पाठ २.	विकास क्षेत्रको आवश्यकता	४
पाठ ३.	विकास क्षेत्रको महत्त्व	६
पाठ ४.	विकास क्षेत्रहरूमा विकासका प्रमुख कार्यहरू	८
पाठ ५.	क्षेत्रीय विकास कार्यहरूमा जनसहभागिता	१०
सारांश		१२
एकाइ - २.	**हाम्रा विकासका पूर्वाधारहरू**	१३ - २८
पाठ १.	शिक्षा	१४
पाठ २.	स्वास्थ्य	१६
पाठ ३.	यातायात	१८
पाठ ४.	सञ्चार	२०
पाठ ५.	विद्युत्	२२
पाठ ६.	खानेपानी	२४
पाठ ७.	विकासका लागि जनशक्ति	२६
सारांश		२८
एकाइ - ३.	**हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता**	२९ - ४४
पाठ १.	सामाजिक परम्परा	३०
पाठ २.	धार्मिक परम्परा	३२
पाठ ३.	चाडपर्वहरू	३४
पाठ ४.	राष्ट्रिय सम्पदाको परिचय	३६
पाठ ५.	राष्ट्रिय सम्पदाको संरक्षण	३८
पाठ ६.	राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्व	४०
पाठ ७.	सामाजिक सङ्घ संस्थाहरू	४२
सारांश		४४

एकाइ - ४.	**समाज, सामाजिक समस्या र विकृति**	**४५-५६**
पाठ १.	सामाजिक प्रचलन	४६
पाठ २.	सामाजिक असमानता	४८
पाठ ३.	सामाजिक समस्या	५०
पाठ ४.	सामाजिक विकृति	५२
पाठ ५.	सामाजिक विकृतिबाट बचाउन स्थानीय निकायको भूमिका	५४
सारांश		५६
एकाइ - ५.	**नागरिक दायित्व**	**५७-६८**
पाठ १.	बालअधिकार र कर्तव्य	५८
पाठ २.	बालअधिकारप्रति नागरिक दायित्व	६०
पाठ ३.	व्यवस्थापिका	६२
पाठ ४.	कार्यपालिका	६४
पाठ ५.	न्यायपालिका	६६
सारांश		६८
एकाइ - ६.	**हाम्रो पृथ्वी**	**६९-८४**
पाठ १.	धरातलमा ल्याउने परिवर्तनका तत्त्वहरू	७०
पाठ २.	पश्चिमाञ्चल क्षेत्रको प्राकृतिक, सामाजिक र आर्थिक अवस्था	७२
पाठ ३.	मध्यपश्चिमाञ्चल क्षेत्रको प्राकृतिक, सामाजिक र आर्थिक अवस्था	७४
पाठ ४.	सुदूरपश्चिमाञ्चल क्षेत्रको प्राकृतिक, सामाजिक र आर्थिक अवस्था	७६
पाठ ५.	नक्सा कार्य	७८
पाठ ६	उत्तर र दक्षिण अमेरिकाको प्राकृतिक अवस्था र सामाजिक जनजीवन	८०
पाठ ७.	अफ्रिकाको प्राकृतिक अवस्था र सामाजिक जनजीवन	८२
सारांश		८४

एकाइ – ७.	**मानव सभ्यता र हाम्रो विगत**	**८५–१००**
पाठ १. (क)	श्री पृथ्वीनारायण शाहको एकीकरण अभियान	८६
पाठ १. (ख)	एकीकरण अभियानका प्रमुख स्थलहरू	८८
पाठ २.	राजेन्द्रलक्ष्मीको शासनकाल	९०
पाठ ३.	राणाकालीन प्रधानमन्त्रीहरूका सामाजिक कार्यहरू	९२
पाठ ४.	श्री महेन्द्रको सामाजिक सुधार	९४
पाठ ५.	प्राचीन रोमको सभ्यता	९६
पाठ ६.	पुनर्जागरण	९८
सारांश		१००
एकाइ – ८.	**हाम्रो आर्थिक क्रियाकलाप**	**१०१–११२**
पाठ १.	कृषि उत्पादनका प्रमुख क्षेत्रहरू	१०२
पाठ २.	उद्योग सञ्चालित क्षेत्रहरू	१०४
पाठ ३.	कृषि र उद्योगबीचको आपसी सम्बन्ध	१०६
पाठ ४.	उद्योगहरूबाट आर्थिक उपलब्धि	१०८
पाठ ५.	आर्थिक उन्नतिका लागि साना, मझौला र ठूला उद्योगको भूमिका	११०
सारांश		११२
एकाइ – ९.	**हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग**	**११३–१२४**
पाठ १.	मित्र राष्ट्रहरूको परिचय	११४
पाठ २.	चीन र जापानसँगको सम्बन्ध र सहयोग	११६
पाठ ३.	फ्रान्स र जर्मनीसँगको सम्बन्ध र सहयोग	११८
पाठ ४.	संयुक्त राज्य अमेरिका र बेलायतसँगको सम्बन्ध र सहयोग	१२०
पाठ ५.	अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको योगदान	१२२
सारांश		१२४

एकाइ - १.

हामी, हाम्रो समुदाय र राष्ट्र



नेपाल देशमा जम्मा पाँच क्षेत्र, चौध अञ्चल ।
मेची, कोसी, सगरमाथा, नारायणी, जनकपुर ॥
लुम्बिनी, धवलागिरि, गण्डकी वागमती अनि ।
भेरी, सेती, महाकाली, कर्णाली रापती पनि ॥

पाठ – १. हाम्रा विकास क्षेत्रहरू

तल दिइएको नक्सा राम्ररी हेर । यो हाम्रो देश नेपालको नक्सा हो । यसको पूर्व, पश्चिम, उत्तर र दक्षिणमा कुनकुन देश पर्दछन् ? पत्ता लगाऊ । नेपालको नक्साले देखाएको क्षेत्रभित्र हामी सबै नेपालीहरू सामुदायिक एकतामा आ-आफ्नो भेषभूषा, भाषा तथा संस्कृतिको जगेर्ना गरी मिलीजुली बसेका छौं । हाम्रो देशलाई प्रशासनिक हिसाबले गाउँ विकास समिति/नगरपालिका, जिल्ला, अञ्चल र विकास क्षेत्रहरूमा विभाजित गरिएको छ ।



१.१ नेपालको नक्सा

हाम्रो देशलाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरिएको कुरा त माथिको नक्साबाट पनि प्रस्ट भएकै होला ! भाइ बहिनीहरू ! यी अञ्चलहरू घटीमा चार र बढीमा आठ जिल्लासम्म मिलेर बनेका जिल्लाहरूकै समूहका रूप हुन् । यस्तो विभाजनले सरकारलाई प्रशासनिक कार्य गर्न सजिलो पर्दछ । यसैले प्रत्येक अञ्चलमा केही अञ्चलस्तरीय सरकारी कार्यालयहरू छन् । अञ्चलबासीका बीचमा सामूहिक प्रयास र प्रतिस्पर्धाका आधारमा समेत जनसहभागिताका कामहरू हुन्छन् । ती अञ्चलमध्ये १० ओटाको नाम नदीको नामबाट, दुईओटाको पहाडको नामबाट र बाँकी दुईओटाको धार्मिक स्थलको नामबाट नामकरण गरिएका छन् ।

जिल्लाहरू मिलेर अञ्चल बनाइए झैं अञ्चलहरू मिलाएर विकास क्षेत्र बनाइएको छ । पूर्वाञ्चल विकास क्षेत्र, मध्यमाञ्चल विकास क्षेत्र, पश्चिमाञ्चल विकास क्षेत्र, मध्यपश्चिमाञ्चल विकास क्षेत्र र सुदूरपश्चिमाञ्चल विकास क्षेत्र गरी पाँच विकास क्षेत्रहरू रहेका छन् । यसरी देशलाई पाँच विकास

क्षेत्रमा विभाजन गर्नुको मुख्य उद्देश्य असन्तुलित विकासलाई हटाई पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म र तराईदेखि हिमालसम्म देशको विकास गर्न सहयोग र समझदारी पुऱ्याउनु हो । प्रत्येक विकास क्षेत्रमा एक क्षेत्रीय प्रशासन कार्यालय रहेको छ । यसले सम्पूर्ण विकास क्षेत्रभित्रका प्रशासनिक कार्यालयहरूको रेखदेख, समन्वय, निरीक्षण र नियन्त्रण गर्दछ । सो कार्यालयमा काम गर्ने मुख्य व्यक्तिलाई क्षेत्रीय प्रशासक भनिन्छ । नेपाल सरकारले क्षेत्रीय प्रशासकको नियुक्ति गर्दछ ।

क्रियाकलाप

१. माथि दिइएको नक्सा राम्ररी हेरेर चीनसँग मात्र सिमाना जोडिएका अञ्चलहरू, भारतसँगमात्र सिमाना जोडिएका अञ्चलहरू र भारत र चीन दुवैसँग सिमाना जोडिएका अञ्चलको सङ्ख्या र नाम पत्ता लगाऊ ।

२. प्रत्येक विकास क्षेत्रका विकास केन्द्रहरू कुनकुन हुन्, नेपालको नक्सा (एटलस) मा पत्ता लगाऊ र तलको तालिका भर :

क्र.सं.	विकास क्षेत्र	अञ्चलहरूको नाम	जिल्लाको सङ्ख्या	विकास केन्द्र
१.	सुदूरपश्चिमाञ्चल	सेती र महाकाली		
२.	मध्यपश्चिमाञ्चल			
३.	पश्चिमाञ्चल			
४.	मध्यमाञ्चल			काठमाडौं
५.	पूर्वाञ्चल			

३. माथिको तालिका पूरा गरिसकेपछि तलका प्रश्नहरूको छोटो उत्तर लेख ।

(क) सबैभन्दा धेरै र सबैभन्दा थोरै जिल्लाहरू मिलेर बनेका विकास क्षेत्रहरू कुनकुन हुन् ?

(ख) तिम्रो अञ्चलको नाम के हो र यो कुन विकास क्षेत्रमा पर्दछ ?

(ग) कुन विकास क्षेत्रमा सबैभन्दा बढी मानिसहरू बसोबास गर्दछन्, यसको कारण के होला ?

(घ) तिम्रो जिल्लाको नाम के हो र तिम्रा छिमेकी जिल्ला कुनकुन हुन् ?

(ङ) तिम्रो अञ्चलभरिका जिल्लाका सदरमुकामहरूका नाम लेख ।

४. हाम्रो देशलाई १४ अञ्चल र पाँच विकास क्षेत्रहरूमा विभाजन गरी आफू बसेको विकास क्षेत्रमा पर्ने जिल्लाहरू नक्सामा देखाऊ ।

तिम्रो समुदायमा

१. आफ्नो अञ्चलको नक्सा कोरी त्यसमा आफ्नो जिल्ला देखाऊ र अञ्चलका केही विशेषताहरूको उल्लेख गर ।

२. तिम्रो गा.वि.स/नगरपालिकामा कति वडाहरू छन्, किन वडामा विभाजन गरिएको होला, स्थानीय व्यक्तिसँग सोधपुछ गरी प्रतिवेदन तयार पार र कक्षामा प्रस्तुत गर ।

पाठ – २. विकास क्षेत्रको आवश्यकता

पूर्व मेचीदेखि पश्चिम महाकाली र दक्षिणमा तराईदेखि उत्तरमा हिमालसम्म फैलिएको नेपाल राज्यको क्षेत्रफल जम्मा १,४७,१८१ वर्ग कि.मि. छ । यो सानो देश नेपाल भौगोलिक विविधताले भरिपूर्ण छ । यहाँका पहाड, उपत्यका, जङ्गल, हिमाल आदिको कारणबाट कृषि, उद्योग, व्यापार आदिको विकास सबै ठाउँमा एकनास छैन । कुनै पनि देशको विकास र निर्माण कार्यका लागि सबभन्दा पहिले त्यहाँ पूर्वाधारहरू (Infrastructure) को विकास हुनुपर्छ । विकासका पूर्वाधार भनेको यातायात र सञ्चार, शिक्षा, स्वास्थ्य, खानेपानी, बिजुली आदि हुन् । यी सबै कुराहरू नेपालको विविधताको कारणले विभिन्न ठाउँमा फरकफरक छन् र कतिपय ठाउँहरू यस हिसाबले साह्रै पछाडि परेका छन् ।

सबै ठाउँमा स्थानीय स्रोत र साधनको परिचालन हुन सकेको छैन । रोजगारका अवसरहरू फरकफरक छन् । कृषि उब्जनीको मात्रा र बालीहरू पनि फरक छन् । मानिसहरू पहाडबाट तराईतर्फ, गाउँबाट सहरतर्फ बसाइँ सर्ने प्रवृत्ति छ । यी सबै कुरालाई ध्यानमा राख्दा देशको सबै ठाउँमा समानरूपमा विकास कार्यहरू सञ्चालन हुनुपर्छ । स्थानीय तहमा प्राप्त साधन र स्रोतको उचित सदुपयोग गरेमा मानिसको जीवनपद्धति स्तरीय बनाउन सकिन्छ । यस्ता प्रयासहरू गरिएमा जनसङ्ख्याको वितरणमा ठूलो असमानता आउँदैन । सबै क्षेत्रको समानुपातिक विकास हुन्छ ।

देशको उन्नतिका निम्ति वातावरण अनुकूल हुन्छ । त्यसैले देशमा रोजगारका अवसरहरू सबै ठाउँमा एकैनास बनाउन स्थानीय स्रोत र साधनको विकास गरी नेपालका पिछडिएका ठाउँहरूको समेत समानुपातिक हिसाबले विकास गराउन विकास क्षेत्रको अवधारणा ल्याइएको हो । सरकारले सञ्चालन गर्ने विकासका विविध कार्यहरू र प्रदान गरिने स्रोत विकास क्षेत्रको आधारमा सञ्चालन र बाँडफाँड गर्दा माथि उल्लेख गरिएअनुसार अनुकूल वातावरण सिर्जना गर्न सकिन्छ र सामाजिक न्यायका हिसाबले सबै नेपालीले विकासको प्रतिफल प्राप्त गर्न सक्छन् । यसैले स्व. राजा वीरेन्द्रबाट नेपाललाई पाँच विकास क्षेत्रमा विभाजन गरी क्षेत्रीय सन्तुलन कायम गर्दै देशलाई विकासको पथमा अग्रसर गराउने प्रयास भएको थियो । राजाबाट क्षेत्रगत भ्रमण गरेर पनि सन्तुलित र समानुपातिक विकासलाई अगाडि बढाउने प्रयास भएको पाइन्छ । हालको राजनैतिक व्यवस्थामा पनि यो अवधारणालाई अझ महत्त्वका साथ अगाडि बढाइएको छ ।

क्रियाकलाप

१. नेपाल भौगोलिक विविधताले भरिपूर्ण देश हो भनी उदाहरणसहित पुष्टि गर ।

२. छोटो उत्तर लेख :

(क) तराईलाई अन्नभण्डार किन भनिन्छ ?

(ख) पहाडी क्षेत्रको विकास पछाडि परेको छ, किन ?

(ग) विकासका पूर्वाधारहरू केके हुन्, सूची बनाऊ ।

(घ) नेपालका अधिकांश जनता कुन भागमा बस्छन्, तिनीहरूको अवस्था कस्तो छ ?

३. तलका शीर्षकहरूमा आफ्नो मौलिक तर्क दिंदै कक्षामा छोटो वक्तव्य देऊ ।

- स्थानीय स्रोत र साधनको महत्त्व
- ग्रामीण क्षेत्रमा बसोबास गर्ने जनसङ्ख्याको अवस्था
- विकासका पूर्वाधारहरू
- नेपालमा बसाइँसराइ

४. "नेपाललाई ५ विकास क्षेत्रमा बाँडिएको हुँदा विकासको प्रतिफल सबै ठाउँमा पुग्न सक्छ र देशको चौतर्फी र समानुपातिक विकास हुनसक्छ" भन्ने कुरालाई पुष्टि गर्न दुई व्यक्तिबीचमा गरिने संवाद तयार गर ।

५. तलका कुनकुन वाक्यले विकास क्षेत्रको आवश्यकता देखाउँछ ।

खाली ठाउँमा (√) वा (×) लगाऊ :

(क) सरकारको प्रशासनिक कार्य सजिलो हुन्छ ।

(ख) स्थानीयस्तरमा विकास निर्माणका कार्यहरू सम्पन्न हुन्छन् ।

(ग) स्थानीय स्रोत र साधनको परिचालन हुन्छ ।

(घ) बसाइँसराइको कारणबाट जनसङ्ख्याको वितरण असमान हुन्छ ।

(ङ) रोजगारका अवसरहरू विभिन्न ठाउँमा उपलब्ध हुन सक्छन् ।

(च) स्थानीय जनताले विकासका कार्यहरू केही गर्नुपर्दैन ।

(छ) सबै नेपालीलाई सामाजिक न्याय उपलब्ध हुन सक्छ ।

तिम्रो समुदायमा

तिम्रो गाउँ/सहरभित्र क्षेत्रीय विकासका अवधारणाअनुसारका विकास निर्माणका कुनकुन कामहरू भएका छन् । स्थानीय गा.वि.स.तथा नगरपालिकामा सम्पर्क राखी कामहरूको सूची बनाऊ र कक्षाका सबै साथीहरूसँग छलफल गरी एउटा प्रतिवेदन तयार गर ।

शब्दार्थ

समानुपातिक = बराबर

पाठ – ३. विकास क्षेत्रको महत्त्व

राजन र सुषमा कक्षा आठमा पढ्ने विद्यार्थी हुन् । सामाजिक अध्ययनको कक्षामा शिक्षकले ती दुईजनालाई विकास क्षेत्रको महत्त्व झल्काउने संवाद गर्न लगाउनुभयो । उनीहरू खुसी हुँदै आपसमा तल दिइएअनुसार कुराकानी गरी कक्षाका सबै साथीहरूलाई सुनाए ।

सुषमा : साथी राजन ! हामीले अघिल्लो पाठमा हाम्रो देशका पाँच विकास क्षेत्रहरूका बारेमा केही जानकारी हासिल गरिसक्यौँ । ती क्षेत्रको आवश्यकता किन परेछ भन्नेबारे पनि छलफल गऱ्यौँ। साँच्चिकै यी विकास क्षेत्रहरूको ठूलो महत्त्व छ भन्ने लाग्यो मलाई त, राजन तिम्रो विचार के छ ?

राजन: नेपाललाई विकास क्षेत्रमा विभाजन गरिएको हुनाले सरकारले राष्ट्रिय बजेटमा विकास कार्यका निम्ति छुट्याउने रकम सबै क्षेत्रमा समानरूपले बाँड्नुपर्ने हुन्छ । यसले गर्दा विकासको प्रतिफल सबैले पाउन सक्छन् भन्ने विकासको निम्ति क्षेत्रगत स्वस्थ प्रतिस्पर्धा हुँदा देशको विकासको गति तीब्र हुन मद्दत पुग्छ ।

सुषमा : राजन ! तिमीले भनेका कुराहरू चित्त बुझ्दा छन् । विकास क्षेत्रहरूको अवधारणाले गर्दा सबै क्षेत्रमा उपलब्ध हुने स्थानीय स्रोत र साधनको राम्रो सदुपयोग हुने सम्भावना रहन्छ । बाटोघाटो, विद्युत्, सञ्चार, शिक्षा, स्वास्थ्य आदि सुविधाहरू सबै क्षेत्रमा पुऱ्याउनुपर्छ भन्ने मानसिकता सरकारको भइरहन्छ । यसले गर्दा देशको समानुपातिक विकास हुन सहयोग पुग्छ ।

राजन : विभिन्न विकास क्षेत्रका सामाजिक र साँस्कृतिक कुराहरूको खोजी, अनुसन्धान, संरक्षण र संवर्द्धन गराउने कार्यमा समेत विकास क्षेत्रको अवधारणले सहयोग पुऱ्याउँछ । यही अवधारणा अनुरूप नेपाललाई विकास क्षेत्रमा बाँडी क्षेत्रगत योजनाहरू बनाई देशको चौतर्फी विकास गर्नका निम्ति भएका प्रयासहरू सराहनीय छन् ।

सुषमा : राजन ! अब राम्ररी सोचविचार गर्ने बेला आएको छ । विकास क्षेत्रको महत्त्व बुझेर हामी सबैले आ-आफ्नो तर्फबाट देश विकासको लागि सहयोग गर्नुपर्दछ । यसका लागि स्थानीय जनसहभागिता पनि जुटाउनुपर्दछ । अनि मात्र देशको विकास हुन्छ ।

राजन : लौ त, सुषमा ! अहिलेलाई घरतिर लागौँ ।

क्रियाकलाप

१. सुषमा र राजनबीचमा भएको संवाद जस्तै विकास क्षेत्रको महत्त्व झल्कने एक अर्को संवाद तयार पार ।

२. समानुपातिक विकास भनेको के हो, आपसमा छलफल गरी यसको महत्त्वबारे लेख ।

३. तलको तालिका भर :

क्र.सं.	विकास क्षेत्र	महत्त्वपूर्ण स्रोत र साधनहरू
१.	पूर्वाञ्चल	सगरमाथा, कञ्चनजङ्घा, चिया, अलैंची
२.	मध्यमाञ्चल	
३.	पश्चिमाञ्चल	
४.	मध्यपश्चिमाञ्चल	
५.	सुदूरपश्चिमाञ्चल	

४. तलका वाक्यहरू पढी ठीक (√) बेठीक (×) छुट्याऊ :

(क) विकास क्षेत्रहरूको समानुपातिक विकास हुनु राम्रो हो ।

(ख) देशलाई विकास क्षेत्रमा बाँड्दा क्षेत्रीय विकासको अवधारणा आउँछ ।

(ग) विकास क्षेत्रको अवधारणामा आधारित विकास आयोजनाहरूको कार्यान्वयन हुनु धेरै राम्रो हो ।

(घ) देशको विभिन्न ठाउँमा उपलब्ध स्रोतहरूको राम्रो उपयोग गर्न पनि विकास क्षेत्रको अवधारणाले सहयोग पुऱ्याउँछ ।

(ङ) विकास क्षेत्रअनुसार बजेटको बाँडफाँड गर्नु न्यायोचित हुँदैन ।

५. विकास क्षेत्रहरूका महत्त्वबारे एक छोटो निबन्ध लेख ।

तिम्रो समुदायमा

१. स्थानीयस्तरका एक राजनैतिक कार्यकर्ता वा सामाजिक कार्यकर्ता (समाजसेवी) वा अन्य कुनै बौद्धिक व्यक्तिहरूलाई आमन्त्रण गरी विकास क्षेत्रहरू र विकास कार्यक्रमबारेमा एक अन्तर्क्रिया कार्यक्रमको आयोजना गर ।

२. स्थानीय इलाकाको भ्रमण गरी विकासका लागि काम लाग्ने स्थानीय स्रोत र साधनको खोज तलास गरी सूची बनाऊ ।

पाठ - ४. विकास क्षेत्रहरूमा विकासका प्रमुख कार्यहरू

नेपालको चौतर्फी विकासका निम्ति विकास क्षेत्रको अवधारणा राखी आयोजनाहरू सञ्चालन गर्ने मानसिकता सरकारको रहेको कुरा अघिल्ला पाठहरूबाट पनि प्रस्ट भइसकेको छ । यस पाठमा हामी विभिन्न विकास क्षेत्रहरूमा केकस्ता विकास कार्यहरू भइरहेका छन् भन्नेबारे छलफल गर्नेछौं ।

हाम्रो देशमा विकास कार्यहरू भन्नाले कृषि विकास, बाटोघाटोको विस्तार, शिक्षाको विकास, खानेपानी र सिँचाइको व्यवस्था, घरेलु तथा कुटीर उद्योगको स्थापना र सञ्चालन, हुलाक, टेलिफोनको विस्तार आदि मुख्यरूपमा अगाडि आउँछन् । प्रत्येक विकास क्षेत्रअन्तर्गतका जिल्लाहरूमा मुख्यरूपमा यिनै कुरासँग सम्बन्धित विकास कार्यहरू सञ्चालन भइरहेको पाउछौं । उदाहरणका निम्ति पूर्वाञ्चलमा - नगदेबाली जुट, चिया, अलैंची, पशुपालनजस्ता कृषिकार्यहरू, कृषि औजार बनाउने, कपडा बुन्ने, खुकुरी बनाउने, तेल पेल्ने आदि घरेलु उद्योगहरू सञ्चालन गरिएको पाइन्छ । त्यहाँका ठूलाठूला सहर विराटनगर, धरान, राजविराज, दमक, इलाम, भद्रपुर, लाहान, इटहरी, धनकुटा आदिमा केही ठूला तथा मझौला उद्योग सञ्चालित छन् । यी सहरहरूमा अस्पताल, विद्यालय तथा क्याम्पसहरूले पनि जनतालाई सेवा पुऱ्याई राखेका छन् । यस्तै प्रकारले मध्यमाञ्चल क्षेत्रमा काठमाडौं उपत्यका, जनकपुर, हेटौंडा, भरतपुर, बीरगन्ज, बनेपा, त्रिशूली आदि ठूला व्यापारिक केन्द्रहरूमा व्यापार चल्नुका साथै विभिन्न उद्योगहरू सञ्चालित छन् ।

विकासका कार्यहरूलाई कृषि, वन तथा भूसंरक्षण आयोजनाहरूले पनि सहयोग पुऱ्याएका छन् । पश्चिमाञ्चलको पोखरा र अन्नपूर्ण क्षेत्रमा पर्यटन व्यवसायको विकासको ठूलो सम्भावना रहेको छ । मध्यपश्चिमाञ्चल विकास क्षेत्र र सुदूरपश्चिमाञ्चल विकास क्षेत्रहरू विकासको स्तरमा केही पछाडि परेको जस्तो देखिए पनि त्यहाँ यातायातको विस्तार र अन्य विकासका गतिविधिहरूलाई अगाडि बढाइएको छ । पहाडी र हिमाली क्षेत्र दुर्गम भएकाले विकास कार्यहरूमा ढिलाइ हुन्छ र विकास खर्च पनि बढी लाग्छ । यस्ता क्षेत्रमा फलफूल विकास,पर्वतारोहण, पशुपालन तथा जडीबुटी उत्पादन कार्य बढाई मानिसको जीवनस्तर उकास्न सकिन्छ । सुदूरपश्चिमाञ्चलमा विकासका पूर्वाधारको अभावले विकास कार्य तुलनात्मक हिसाबले कम भएको पाइन्छ । विकासका पूर्वाधारको असुविधा नै यहाँको मुख्य समस्या हो । योजनाबद्ध रूपमा सबै विकास क्षेत्रहरूमा आफ्नो साधन र स्रोतले भ्याएसम्म सरकारले विकास कार्यहरू अगाडि बढाइरहेको छ । पर्यटन व्यवसाय र उद्योगधन्दाले पनि देशको आर्थिक विकासमा सहयोग पुऱ्याएका छन् ।

क्रियाकलाप

१. तलको तालिका भर :

विकास क्षेत्रहरू	विकास कार्यहरू		
	कृषिसम्बन्धी	उद्योगधन्दासम्बन्धी	सामाजिक कार्यसम्बन्धी
सुदूरपश्चिमाञ्चल	-	-	
मध्यपश्चिमाञ्चल	-	खुकुरी बनाउने, तेल पेल्ने आदि	
पश्चिमाञ्चल	-	-	विश्वविद्यालयको स्थापना
मध्यमाञ्चल	-	कृषि औजार	-
पूर्वाञ्चल	चिया खेतीको विस्तार	-	-

२. नेपालका पाँचओटा विकास क्षेत्रमा सञ्चालन हुन सक्ने विकास कार्यहरूको सूची बनाऊ ।

३. कक्षालाई पाँच समूहमा बाँडी प्रत्येकले एक विकास क्षेत्रको प्रतिनिधित्व गरी आफूमध्येबाट एक नेता छानी आफ्नो विकास क्षेत्रका विकासका गतिविधिहरू आफ्नो समूहमा छलफल गरी कक्षामा प्रस्तुत गर ।

४. प्रत्येक विकास क्षेत्रमा सञ्चालन भएका एक एकओटा ठूला आयोजनाहरूको नाम देऊ ।

५. प्रत्येक विकास क्षेत्रको प्रमुख दुई सहरहरूलाई नक्सामा देखाऊ ।

६. समूह 'क' र समूह 'ख' मा दिइएका तथ्यहरूको जोडा मिलाऊ :

समूह क		समूह ख
(क) चियाखेतीको विकास	(...)	मध्यपश्चिमाञ्चल विकास क्षेत्र
(ख) कुलेखानी जलविद्युत् केन्द्र	(...)	सुदूरपश्चिमाञ्चल विकास क्षेत्र
(ग) बबई सिँचाइ आयोजना	(...)	पूर्वाञ्चल विकास क्षेत्र
(घ) भीमदत्त पन्त मार्ग	(...)	पश्चिमाञ्चल विकास क्षेत्र
(ङ) रारा राष्ट्रिय निकुञ्ज	(...)	मध्यमाञ्चल विकास क्षेत्र
(च) उखु खेती		

तिम्रो समुदायमा

तिम्रो स्थानीय समुदायमा सञ्चालित कुनै ठूला योजना भए तिनको विवरण देऊ र अन्य विकासका गतिविधिहरू केके छन्, कसरी कार्य भएको छ, स्थानीय व्यक्तिहरूसँग अन्तर्क्रिया गरेर समुदायको विकास सम्बन्धमा छलफल गरी छोटो प्रतिवेदन तयार पार ।

शब्दार्थ

अन्तर्क्रिया = एक आपसको छलफल / प्रश्नोत्तर

पाठ – ५. क्षेत्रीय विकास कार्यहरूमा जनसहभागिता

विकास निर्माणका कार्यहरूबाट जनता लाभान्वित हुन्छन् र उनीहरूको जीवनस्तर बढ्दै जान्छ । विकासका कामहरू सरकारले मात्रै गरेर साध्य हुँदैन । यसका निम्ति जनताहरू पनि आफैं लाग्नुपर्छ । विकास कार्यमा जनताहरू पूर्णरूपमा संलग्न भएमा सो कार्य राम्रो र दिगो हुन्छ । त्यसैले सरकारले पनि विकास कार्यमा जनतालाई सहभागी गराउने नीति लिएको छ । दिइएको तस्बिर र समाचार राम्ररी पढ र जनसहभागिताको महत्त्वबारे कक्षामा विस्तृत छलफल गर ।

जनश्रमदानबाट एक करोडको बाटो खन्न गाउँले कट्टिए

कान्तिपुर, समाचारदाता

धैबुङ (रसुवा) ९ फागुन – दुर्गम भेगकै एकमात्र प्राथमिक स्वास्थ्य केन्द्र (प्रास्वाके) सम्म मोटरबाटो पुऱ्याउन दक्षिणी रसुवाका बासिन्दा कम्मर कसेर लागिपरेका छन् ।

भोर्ले – १,बाँसखोलादेखि धैबुङ – ८ प्रास्वाकेसम्म १ कि.मि. २ सय ४२ मिटर लम्बाइ र ४ मिटर चौडाइको बाटो जनश्रमदानबाट खन्न यिनीहरू एक महिना अघिदेखि कस्सिएका छन् ।

सदरमुकाम धुन्चेदेखि २८ कि.मि.दक्षिणमा पर्ने यो बाटो पासाङल्हामु मार्गको धैबुङ – ७ घुम्तीदेखि दुई कि.मि.को दूरीमा छ । घुम्तीदेखि बाँसेखोला (जिबजिबे) सम्मको दुई कि.मि. बाटो विगतमा सम्पन्न भइसकेकाले निर्माणाधीन बाटो पूरा भएपछि प्रास्वाके पासाङ ल्हामु मार्गसँगै जोडिन पुग्छ ।

"प्रास्वाकेलाई एम्बुलेन्स र एक्सरे उपकरण दिने दाता भेटिएका छन् तर बाटो नभएकाले जनश्रमदानबाट काम सुरु गरेका छौं", सडक निर्माण समितिका अध्यक्ष विष्णुप्रसाद पौडेल भन्छन् – "एक करोडको बाटो हो, हेर्दै जाउँ कति खन्न सकिन्छ ।" जिल्ला पूर्वाधार विकास कार्यालयका ओभरसियर राजुभाइ महर्जनको

१.२ बाटो खन्दै गरेको दृश्य

इस्टिमेटअनुसार उक्त बाटो श्रमदानबाट सम्पन्न गर्दा ९८ लाख ९१ हजार ७५ रुपियाँ लागत पुग्छ तर ठेकेदारलाई दिँदा १ करोड २५ लाख १२ हजार २ सय ७ रुपियाँ लागत पुग्छ ।

समितिले हालसम्म छ सय मिटर बाटो खनिसकेको छ तर बाटो छिचोलेर प्रास्वाकेसम्म पुऱ्याउन त्यति सजिलो छैन । तीन घुम्ती पार गरेर बाटोलाई अगाडि बढाउनुपर्छ । बाटोमा पाखा, पहरो, रूखहरू छन् । समितिले एक महिनासम्ममा बाटो पूरा गर्ने लक्ष्य लिएको छ ।

सडक निर्माण गर्न समितिले २० हजार रुपियाँका सामान उधारो जुटाएको छ । अन्य औजार स्वयं स्थानीयबासीले ल्याउने गर्छन् । हामीले कोदालो मात्र होइन, खाजा पनि आफैँ ल्याएर काम गरेका छौँ धैवुङ – ९ जिबजिबेका ५७ वर्षीय मानबहादुर तामाङ कोदालो खन्दै बोल्छन् । आफ्नो गाउँको विकासका लागि आफैँ नकस्सिए कसले हेर्छ र ! काममा केटाकेटीदेखि बूढाबूढीसम्म जुटेका छन् । कुनै घरबाट ३ जनासम्म दैनिक काममा आएका छन् । यसरी आउने घरको सङ्ख्या आधा दर्जन छ । काममा आउनेहरू प्रायः बिहान १० बजेदेखि साँझ ५ बजेसम्म खटेका छन् । समुदायले दुःखकष्टका साथ प्रास्वाकेसम्म बाटो पुऱ्याउन लागेकोमा खुसी व्यक्त गर्दौ डा. सुनिल कोइराला आफू अझ बिरामीको सेवामा तल्लीन हुन प्रेरणा मिलेको खुसी व्यक्त गर्छन् । प्रास्वाकेमा दैनिक ५०–६० जना बिरामी आउने गरेका छन् ।

सडक बनेपछि स्वास्थ्य क्षेत्रका अलावा स्थानीय बजार प्रवर्द्धनमा समेत ठूलो सहयोग पुग्ने उपभोक्ताको आशा छ । स्थानीय आलु, काउली, बन्दा र दूध अन्य बजारमा पुऱ्याएर समुदायले आयआर्जन बढाउन सक्ने अध्यक्ष पौडेलको दाबी छ ।

क्रियाकलाप

१. शिक्षक र विद्यार्थीहरू मिलेर तिमीहरूले आफ्नो विद्यालयको भलाइको निम्ति विभिन्न काम गरेका हौला । ती केके हुन्, तिनको महत्त्व के छ छलफल गरी लेख ।

२. नेपालका विभिन्न विकास क्षेत्रको विकासलाई अगाडि बढाउन कसरी कार्य गर्नुपर्ला ?

३. तलकामध्ये केके कुरा जनसहभागितामा सम्पन्न हुन सक्छन्, हुनसक्ने र नसक्ने कुराहरू छुट्याई तालिका बनाऊ ।

बाटोघाटो निर्माण, हवाइ मैदान निर्माण, स्वास्थ्य चौकी निर्माण, कुलो खन्ने काम, विद्यालयको खेलमैदान बनाउने, वृक्षरोपण गरी वनजङ्गल बढाउने, नदीमा मोटर हिड्न सक्ने पक्की पुल बनाउने, खानेपानीको व्यवस्था गर्ने, नदीको पानीबाट बिजुली निकाल्ने, सौर्यशक्तिबाट बिजुली निकाल्ने ।

४. ग्रामीण क्षेत्र र सहरी क्षेत्रमध्ये कुन क्षेत्रमा बढी जनसहभागिता जुटाई विकास निर्माण कार्य गर्न सकिन्छ, सहरी क्षेत्र र ग्रामीण क्षेत्र भन्ने विषयमा विद्यार्थीको बीचमा कक्षागत वादविवादको कार्यक्रमको आयोजना गर ।

तिम्रो समुदायमा

कक्षाका सबै विद्यार्थीहरू र स्थानीय व्यक्तिहरू मिलेर स्थानीय इलाकामा सरसफाइ वा बाटोघाटो मर्मत गर्ने वा अन्य कुनै विकास निर्माणको कार्यमा सरिक हुन सो कार्यको विवरण उल्लेख गरी एक समाचार पत्रमा प्रकाशित गर्न अनुरोध गर्दै सम्पादकलाई पत्र लेख ।

सारांश

यस एकाइमा तिमीले निम्नलिखित कुराहरू सिक्यौ :

- पाँच विकास क्षेत्र र चौध अञ्चलहरूको नाम बताउन ।
- देशलाई विकास क्षेत्र र अञ्चलहरूमा विभाजन गर्नाका कारणहरू उल्लेख गर्न ।
- आ-आफ्नो अञ्चलको नक्सा कोरी आफ्नो जिल्ला देखाउन ।
- विकास क्षेत्रको आवश्यकता र महत्त्व पहिचान गर्न ।
- क्षेत्रीय विकासका पूर्वाधाहरू पहिल्याउन ।
- विकास क्षेत्रहरूमा भइरहेका विकासका कार्यहरू उल्लेख गर्न ।
- प्रत्येक विकास क्षेत्रमा अन्य थप आयोजनाहरू सूचीकृत गर्न ।
- स्थानीय जनसहभागिताका आधारमा गर्न सकिने कामहरूको विवरण दिन ।
- सहरी क्षेत्र तथा ग्रामीण क्षेत्रमध्ये कुन क्षेत्रमा जनसहभागिता बढी हुन सक्छन्, सामूहिक छलफल गर्न र जनसहभागिताबाट गर्न सकिने कामहरू सूचीकृत गर्न ।
- सम्पादकलाई चिठी लेख्न, वादविवाद गर्न, संवाद तयार पार्न ।

एकाइ - २.

हाम्रा विकासका पूर्वाधारहरू



शिक्षा लिन सबैजना विद्यालय जाऔं ।

रोग लागी बिरामी भए स्वास्थ्य चौकी धाऔं ।

बिजुलीले गाउँ सहर झलमल्ल पारौं ।

सबै क्षेत्र नेपालमा मोटर गुडाऔं ।

हामी सब्ले घरघरमा स्वच्छ पानी पिऔं ।

इमेलबाट साथीलाई समाचार पठाऔं ।

पाठ - १. शिक्षा

हाम्रो देशमा शिक्षा लिने दिने प्रक्रिया प्राचीन कालदेखि चलेको पाइन्छ । सुरुसुरुमा शिक्षा दिनका लागि औपचारिक संस्थाहरू थिएनन् । बालबालिकाहरूले पेसासँग सम्बन्धित कुराहरू, सामाजिक मूल्य र मान्यताका कुराहरू आदि आमाबाबुबाट नै सिक्ने गर्दथे । कतिपय कुराहरू धर्मले निश्चित गरेअनुसार हुन्थ्यो । त्यसैले शिक्षाको प्रारम्भ धार्मिक संस्थाहरूबाट सुरु भएको पाइन्छ । हिन्दु परम्पराअनुसार गुरुकुल शिक्षा प्रणालीमा आधारित शिक्षा दिइन्थ्यो । बौद्ध परम्पराअनुसार गुम्बा र बिहारमा पनि पढाइ हुन्थ्यो । त्यस्तै सत्तल र पिँढीमा पनि पढाइ हुन्थ्यो ।

हाम्रो देशमा औपचारिक आधुनिक शिक्षाको सुरुवात सर्वप्रथम वि.सं. १९१० मा जङ्गबहादुर राणाले गरेको देखिन्छ । उनले दरबार स्कुलको स्थापना गरी अङ्ग्रेजी शिक्षाको सुरुवात गरेको देखिन्छ । नागरिक समाज तथा जनसमुदायको तर्फबाट सर्वप्रथम वि.सं. १९३२ मा भोजपुरको दिङ्लामा बालागुरु षडानन्दले संस्कृत विद्यालयको स्थापना गरेका थिए । जङ्गबहादुरपछि शिक्षालाई विशेषरूपमा जोड दिई वि.सं. १९५८ मा राणा प्रधानमन्त्री देवशमशेरले भाषा पाठशालाहरू खोलेको देखिन्छ । उनले देशका विभिन्न भागमा १०० भन्दा बढी भाषा पाठशालाहरू खोल्न लगाएका थिए । भाषा पाठशालामा पठनपाठन गर्नका लागि तत्कालीन समयमा राजा जयपृथ्वीबहादुर सिंहले 'अक्षराङ्क शिक्षा' लेखी शिक्षाको विकासमा ठूलो सघाउ पुऱ्याएको देखिन्छ ।

त्यसपछि राणा प्रधानमन्त्री चन्द्रशमशेरको पालामा वि.सं. १९७५ मा त्रि-चन्द्र कलेजको स्थापना गरी नेपालमा उच्च शिक्षाको सुरुवात गरेका थिए । शिक्षाको विकासमा वि.सं. १९९० सालमा नेपालमा एस्.एल्.सी. बोर्डको स्थापना गरी एउटा महत्त्वपूर्ण थालनी गरेको देखिन्छ ।

वि.सं. २००७ सालभन्दा अगाडि औपचारिक शिक्षामा ठूलो प्रगति नभए पनि केही आधारहरू खडा गरिएका थिए । त्यसवेलासम्म देशमा जम्मा दुई प्रतिशत जति मात्र साक्षरता थियो । वि.सं. २०१६ सालमा त्रिभुवन विश्वविद्यालयको स्थापना भएपछि शिक्षाको विकासमा थप प्रयास गरेको देखिन्छ । त्यसपछि शिक्षाको विकासमा वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजना महत्त्वपूर्ण रहेको देखिन्छ । यस योजनामार्फत् परम्परागत शिक्षा प्रणालीको सट्टा व्यावसायिक शिक्षा हुनुपर्ने कुरामा जोड दिएको देखिन्छ । त्यसपछि वि.सं. २०३१ मा स्व. राजा बीरेन्द्रबाट प्राथमिक तहमा निःशुल्क शिक्षाको घोषणा गरिबक्सियो र त्यसलाई क्रमिकरूपमा कार्यान्वयनमा ल्याइयो । वि.सं. २०३८ सालमा विद्यालयहरूमा पाठ्यक्रमहरूमा संशोधन गरियो । त्यसपछि शिक्षाको विकासमा महत्त्वपूर्ण सीमा स्तम्भको रूपमा वि.सं. २०४९ सालमा विद्यालय स्तर को पाठ्यक्रम परिवर्तन गरी नयाँनयाँ कार्यक्रमहरू ल्याइयो ।

२०४९ पछि नै उच्च शिक्षातर्फ पनि बहुविश्वविद्यालयको अवधारणा ल्याई काठमाडौँ विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालय आदि विश्वविद्यालयहरू खुलेको देखिन्छ । त्यस अघि नै नेपाल संस्कृत विश्वविद्यालय खुलिसकेको थियो । यसरी २००७ सालमा दुई प्रतिशतको हाराहारीमा रहेको साक्षरता प्रतिशत २०५८ सम्म आइपुग्दा ५३.७४ प्रतिशत पुगेको छ तापनि अन्य मुलुकहरूको तुलनामा यो कम देखिन्छ ।

नेपालमा शिक्षा विकासका प्रमुख चरणहरू

वि.सं. १९१० दरवार हाइस्कुलको स्थापना
वि.सं. १९३२ भोजपुरको दिङ्लामा संस्कृत विद्यालयको स्थापना
वि.सं. १९५८ भाषा पाठशालाको सुरुवात
वि.सं. १९७५ त्रिचन्द्र कलेजको स्थापना
वि.सं. १९९० एस्.एल्.सी. बोर्डको स्थापना
वि.सं. २०१६ त्रिभुवन विश्वविद्यालयको स्थापना
वि.सं. २०२८ राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू
वि.सं. २०३८ पाठ्यक्रम कार्यान्वयन योजना
वि.सं. २०४९ राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन
वि.सं. २०५५ उच्चस्तरीय राष्ट्रिय योजना आयोगको प्रतिवेदन

२.१ त्रिचन्द्र क्याम्पस

क्रियाकलाप

१. हाम्रो देशमा प्राचीन कालमा कस्तो शिक्षा प्रणाली थियो ?
२. हाम्रो देशमा शिक्षाको विकासमा भएका महत्त्वपूर्ण घटनाहरूको टिपोट गरी त्यसलाई क्रमबद्धरूपले समयरेखामा देखाऊ ।
३. आजभन्दा ५० वर्ष पहिले शिक्षा लिने दिने परिपाटी र हालको परिपाटीमा केके समानता र भिन्नताहरू छन्, शिक्षकसँग सहयोग लिई कक्षामा छलफल गरी टिपोट गर ।
४. हाल प्रचलनमा रहेको पठनपाठन परिपाटि तिमीलाई कस्तो लाग्छ, त्यसमा संशोधन गर्नुपर्ने भए केके कुरामा संशोधन गर्नुपर्ला, सुझावहरू तयार गरी आफ्नो जिल्लामा रहेको जिल्ला शिक्षा कार्यालयमा पठाऊ ।

तिम्रो समुदायमा

तिमी रहेको ठाउँको कम्तीमा १० परिवारको शिक्षासँग सम्बन्धित कुराहरूको तथ्याङ्क सङ्कलन गरी साक्षरता प्रतिशत निकाल ।

फारामको नमुना

क्र सं	परिवारको सदस्यको नाम	उमेर	शैक्षिक योग्यता
१.			
२.			

नोट : ६ वर्षभन्दा मुनि उमेर भएकाको विवरण नभर्ने ।

साक्षरता निकाल्ने सूत्र : $\frac{\text{पढेलेखेको मानिसको सङ्ख्या}}{\text{जम्मा जनसङ्ख्या}} \times १००$

शब्दार्थ

गुरुकुल शिक्षा प्रणाली = गुरुको आश्रम गई निश्चित अवधिसम्म त्यहीँ बसेर शिक्षा आर्जन गर्ने प्रचलन ।

भाषा पाठशाला = नेपाली भाषाको माध्यमलाई प्राथमिकता दिई खोलिएको विद्यालय ।

पाठ – २. स्वास्थ्य

स्वास्थ्य सेवाको विकास र वर्तमान अवस्थाको बारेमा शिक्षिका सुङ्नीमा र विद्यार्थी राहुलबीच भएका कुराकानीको प्रमुख अंश ।

राहुल : स्थास्थ्य सेवा भनेको के हो ?

सुङ्नीमा : मानिसलाई विभिन्न प्रकारका रोगहरू लाग्न सक्छन्, ऊ विभिन्न रोग वा दुर्घटनामा परी बिरामी हुन सक्छ । यसरी मानिस विभिन्न कारणबाट बिरामी भएको अवस्थामा गरिने उपचार तथा सेवालाई नै स्वास्थ्य सेवा भनिन्छ ।

राहुल : मानिस बिरामी हुँदा उपचार गर्नुपर्छ भन्ने कुराको सुरुवात कसरी भयो ?

सुङ्नीमा : प्राचीनकालमा आजको जस्तो अस्पताल, डाक्टर र औषधीहरू थिएनन् । त्यस समयमा जङ्गलमा पाइने जडीबुटीहरूबाट विभिन्न प्रकारका रोगहरूको उपचार गरिन्थ्यो । नेपालमा सिंहदरवार बैद्यखानाको स्थापना गरी यसैबाट आयुर्वेदिक उपचार पद्धतिको विकास भएको पाइन्छ, जुन आजभोलि पनि प्रचलनमा रहेको छ ।

राहुल : आधुनिक उपचार पद्दतिको सुरुवात कहिले र कसरी भयो त मिस ?

सुङ्नीमा : औषधी विज्ञानले नयाँनयाँ औषधी पत्ता लगाएपछि त्यसको प्रयोग गर्न डाक्टर र नर्सहरूको उत्पादन सुरु भयो । हाम्रो देशमा भने वीरशमशेरले वि.सं. १९४७ मा वीर अस्पताल स्थापना गरेपछि संस्थागतरूपमा आधुनिक उपचार पद्धतिको सुरुवात भएको देखिन्छ ।

राहुल : हाम्रो देशमा हाल कतिओटा स्वास्थ्य संस्थाहरू रहेका छन् र यसबाट जनतालाई कस्तो सुविधा पुगेको छ त मिस ?

सुङ्नीमा : वि.सं. २०५८ को तथ्याङ्कअनुसार हाम्रो देशको विभिन्न ठाउँमा अस्पताल ८५ ओटा, प्राथमिक स्वास्थ्य केन्द्र १८० ओटा, स्वास्थ्य केन्द्र १३ ओटा, स्वास्थ्य चौकी ६९६ ओटा, उपस्वास्थ्य चौकी ३१७४ ओटा र आयुर्वेदिक सेवा केन्द्र २८५ ओटा रहेका छन् । यिनीहरूले साधारणदेखि अति जटिलसम्मको उपचार तथा स्वास्थ्य सेवाहरू उपलब्ध गराउँदै आएका छन् ।

राहुल : मिस, हाम्रो देशमा यति धेरै स्वास्थ्य संस्थाहरू हुँदाहुँदै पनि स्वास्थ्यसम्बन्धी धेरै समस्याहरू भएको कुरा सुनिन्छ, ती समस्याहरू केके हुन् ?

सुङ्नीमा : स्वास्थ्य संस्थाहरू यति धेरै देखिए पनि अझै पर्याप्त मात्रामा छैनन् । त्यस्तै स्वास्थ्यकर्मी कम भएकाले पनि आवश्यक सेवा पुऱ्याउन सकिएको छैन । चाहिए जति औषधी पुऱ्याउन सकिएको छैन । कुनै ठाउँमा मानिसहरू आफै उपचार गर्न जाँदैनन् । उनीहरू अस्पतालमा

भन्दा धामी झाँक्रीमा बढी विश्वास गर्छन्। सहरी क्षेत्रमा सुविधा सम्पन्न अस्पतालहरू र प्रशस्त मात्रामा डाक्टरहरू भए पनि सर्वसाधारणको पहुँच अझै बढाउनु परेको छ।

राहुल : त्यसो भए समस्याको समाधान के हो त मिस ?

सुङ्नीमा : अस्पताल वा स्वास्थ्य चौकी नबनेको ठाउँमा बनाउनुपर्छ। डाक्टर तथा अन्य स्वास्थ्यकर्मीहरूमा सेवाको भावना विकास हुनुपर्छ। दुर्गम ठाउँमा पनि पर्याप्त मात्रामा औषधी पुऱ्याएर बिरामीको उपचार गर्नुपर्छ।



२.२ वीर अस्पताल

क्रियाकलाप

१. तिमी बसेको स्थानको स्वास्थ्य सेवा, त्यससँग सम्बन्धित समस्याहरू र समाधानका उपायहरू समेट्ने गरी एउटा संवाद तयार पार।

२. मानौँ तिम्रो गाउँमा एउटा सुविधा सम्पन्न स्वास्थ्य चौकी बनाई गाउँका सबै जनतालाई स्वास्थ्य सेवा सुलभ ढङ्गले पुऱ्याउनु छ भने ककसले केके काम गर्नुपर्दछ, लेख।

कसले गर्ने	के काम गर्ने
नेपाल सरकार -	डाक्टर उपलब्ध गराउने
गाउँ विकास समिति -	
विद्यार्थी -	

तिम्रो समुदायमा

१. नजिकैको कुनै एउटा औषधी पसलमा वा स्वास्थ्य चौकी गई कुनै एउटा औषधीको सिसी वा प्याकेट हेरी निम्नलिखित कुराहरूको टिपोट गर :

औषधीको नाम : बनाउने कम्पनीको नाम :

प्याकिङ गरिएको मिति : म्याद सकिने मिति :

उपयोग गर्ने तरिका : अन्य केही भए :

शब्दार्थ

आयुर्वेदिक उपचार पद्धति = जडीबुटीहरूको प्रयोग गरी उपचार गर्नु, योगा गर्ने तरिका

पाठ – ३. यातायात

सडक यातायात

हाम्रो देशमा सडक विकासको अवस्था यसप्रकार रहेको छ : *(सडकको लम्बाइ किलोमिटरमा)*

अञ्चल	सडक	अञ्चल	सडक
मेची	११८५	लुम्बिनी	१,५८३
कोसी	१४४०	धवलागिरी	९७
सगरमाथा	८५६	राप्ती	१००९
जनकपुर	२०७८	भेरी	१२०६
बागमती	२५७८	कर्णाली	नबनेको
नारायणी	२००९	सेती	८१०
गण्डकी	१२७५	महाकाली	७०८
		जम्मा –	१६,८३४

स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, २०५८



२.३ (क) सडकका किसिम

हवाई यातायात

नेपालमा हवाई यातायातको वर्तमान अवस्था

विमानस्थल संख्या : ४५

विमान सेवा सञ्चालन गर्ने कम्पनीहरू :

१. सरकारी : नेपाल वायु सेवा निगम

२. निजी : यति एयर, बुद्ध एयर, एभरेष्ट एयर, कस्मिक एयर, माउन्टेन एयर, लुम्बिनी एयर, कर्णाली एयर, सीता एयर आदि ।

नेपालबाट सिधै हवाई सम्पर्क भएका देशहरू: भारत, बङ्गलादेश, पाकिस्तान, चीन, थाइल्यान्ड, सिङ्गापुर, कतार, मलेसिया आदि । नेपाल आउने विदेशी हवाइ सेवाहरू : इन्डियन एयर लाइन्स, थाई एयरलाइन्स, पाकिस्तान एयर लाइन्स, कतार एयरलाइन्स आदि ।

रेल यातायात: जनकपुरदेखि जयनगरसम्म - ५३ कि.मि. रेलमार्ग

रज्जुमार्ग : काठमाडौं - हेटौंडा (हाल बन्द)

केबुलकार: कुरिनटारदेखि मनकामनासम्म - १.३ कि.मि.(निजी क्षेत्र)

जल यातायात : देशको विभिन्न नदीहरूमा डुङ्गा सञ्चालन तथा भोटेकोसी, सुनकोसी, कर्णाली त्रिशूली आदि नदीहरूमा राफ्टिङ सेवा सञ्चालन ।

परम्परागत यातायातका साधनहरू : घोडा, खच्चर, चौंरी, भेडा, च्याङ्ग्रा, गधा, गोरु गाडा आदिबाट हिमाली, पहाडी तथा तराई क्षेत्रमा सामान ढुवानी हुने ।



२.३ (ख) आन्तरिक उडानमार्ग

क्रियाकलाप

१. हाम्रो देशमा सर्वसाधारणले सबैभन्दा बढी प्रयोग गर्ने यातायात कुन हो ?

२. हाम्रो देशको कर्णाली अञ्चलमा अहिलेसम्म सडक यातायात नहुनुको कारणहरू केके होलान् ?

३. यातायातलाई विकासको पूर्वाधारका रूपमा किन लिइन्छ ?

४. तिम्रो जिल्लामा सबैभन्दा बढी कुन यातायातको साधन प्रयोगमा रहेको छ, उक्त यातायातको साधन धेरै हुनुमा केके कारणहरू होलान् ?

५. तिम्रो जिल्लामा यातायातको विकासको बारेमा कक्षामा छलफल गरी तलको तालिकामा दिइएअनुसार लेख :

२० वर्ष पहिले कस्तो थियो ?	अहिले कस्तो छ ?	२० वर्षपछि कस्तो होला ?
जस्तै : १. मोटर बाटो थिएन २. ३.	कच्ची बाटो छ	पक्की बाटो हुनेछ

तिम्रो समुदायमा

१. तिमी बसेको स्थानमा पाइने यातायातका साधनहरूको सूची बनाई त्यसमध्ये सबैभन्दा उपयोगी कुन होला, कक्षामा छलफल प्रस्तुत गर ।

२. नेपालको नक्सा बनाई प्रमुख राजमार्गहरू र हवाई सेवा सञ्चालन भएका स्थानहरू देखाऊ ।

शब्दार्थ

राफ्टिङ = डुङ्गा जस्तै मनोञ्जनका लागि नदीहरूमा प्रयोग गरिने यातायातको साधन ।

पाठ - ४. सञ्चार

पचास वर्ष पहिले हाम्रो देशमा सञ्चारको अवस्था

- कुनै एक ठाउँको घटनाको खबर अर्को ठाउँमा पुग्न महिनौँ लाग्ने ।
- केही जिल्ला सदरमुकाम र सहरी क्षेत्रमा मात्र हुलाकको स्थापना ।
- सूचना आदानप्रदानको मुख्य माध्यम चिठी त्यो पनि अत्यन्त कम पढेलेखेका मानिस भएकाले थोरै प्रतिशत व्यक्तिहरूमा मात्र सीमित ।
- रेडियो नेपालको भर्खर स्थापना भएको । रेडियो प्रसारण देशको आधा भागमा पनि राम्रो नसुनिने । त्यसमा पनि अत्यन्त सीमित व्यक्तिहरूको हातमा मात्र रेडियो सेट रहेको ।
- आकाशवाणी सेवाको स्थापना भए पनि अत्यन्त सीमित जिल्लाहरूसँग मात्र सेवा उपलब्ध भएको ।
- टेलिफोन सेवा देशको अत्यन्त उच्चवर्गका व्यक्तिहरूले केवल सोखका रूपमा मात्र प्रयोगमा ल्याउने गरेका ।
- सरकारी पत्रिकाका रूपमा गोरखापत्रको प्रकाशन भए पनि देशको अत्यन्त थोरै ठाउँमा पुग्ने ।
- देशको ९० प्रतिशतभन्दा बढी क्षेत्र सञ्चार सम्पर्कभन्दा बाहिर रहेको । सञ्चार साधनका रूपमा मानिसबाट नै मौखिकरूपमा एक ठाउँको खबर अर्को ठाउँमा पुऱ्याउने गरिन्थ्यो ।
- विश्वको अत्यन्त थोरै मुलुकसँग मात्र सञ्चार सम्पर्क स्थापित रहेको ।

हाम्रो देशमा सञ्चारको वर्तमान अवस्था

- देशको ७५ जिल्लाकै सदरमुकामहरूमा टेलिफोन सेवा स्थापित ।
- देशको सबै सहरी क्षेत्र र सयौँ गाउँहरूमा समेत टेलिफोन सेवा उपलब्ध ।
- विगत केही वर्ष अगाडिदेखि देशका प्रमुख सहरहरूमा मोवाइलफोन सेवा सञ्चालन ।
- देशमा सबै किसिम (क्षेत्रीय, जिल्ला, छोटी, अतिरिक्त) गरी जम्मा ३,९९१ ओटा हुलाक कार्यालयहरूको स्थापना । (वि.सं. २०६१, केन्द्रीय तथ्याङ्क विभागअनुसार)
- रेडियो नेपालको केन्द्रीय प्रसारणलगायत देशको अन्य विभिन्न ५ ठाउँमा क्षेत्रीय प्रसारण केन्द्रको स्थापना ।
- निजी क्षेत्रमा खोलिएका देशका राजधानीलगायत विराटनगर, इटहरी, धनकुटा, चितवन, पोखरा, हेटौँडा, सुर्खेत र दिपायल आदि प्रमुख सहरहरूमा एक दर्जनभन्दा बढी एफ्.एम्. रेडियो स्टेसनहरूको स्थापना ।
- देशमा राष्ट्रिय तथा स्थानीय पत्रिकाहरू (दैनिक, साप्ताहिक, पाक्षिक, मासिक, द्वैमासिक, त्रैमासिक, चौमासिक, अर्धवार्षिक, वार्षिक) जम्मा ३,७४१ ओटा दर्ता भएका र त्यसमध्ये २००० भन्दा बढी नियमित रूपमा प्रकाशित हुने गरेका (वि.सं. २०६१, केन्द्रीय तथ्याङ्क विभागअनुसार)

- नेपाल टेलिभिजनले चौविसै घन्टा कार्यक्रम प्रसारण गर्ने गरेको, कोहलपुरबाट क्षेत्रीय प्रसारणसमेत सुरु गरेको र २०५७ देखि भू-उपग्रहमार्फत् प्रसारण गर्न थालेकाले देशको सबै भागमा प्रसारण हेर्न सकिने हुनुको साथै एसिया महाद्वीपको १६ भन्दा बढी मुलुकहरूमा समेत प्रसारण हेर्न सकिने ।
- उपग्रहमार्फत् प्रसारण हुने 'नेपाल च्यानल' लगायत विश्वका कैयौं टेलिभिजन च्यानलहरू सहरी क्षेत्रहरूमा हेर्न सकिने ।
- काठमाडौं उपत्यकामा मेट्रो टेलिभिजन र निजी क्षेत्रबाट राज्यका विभिन्न ठाउँमा कान्तिपुर टेलिभिजन प्रसारण ।
- देशको विशेष गरी सहरी क्षेत्रहरूमा सञ्चारका अत्याधुनिक साधनहरू-फ्याक्स, इमेल, इन्टरनेट सेवा सञ्चालन ।
- विश्वका प्रायः सबै मुलुकहरूसँग सञ्चार सम्पर्क कायम भएको ।

२.४ हुलाकीले चिठी दिंदै गरेको

क्रियाकलाप

१. "हाम्रो देश नेपालमा विगत ५० वर्षलाई हेर्ने हो भने अन्य क्षेत्रको तुलनामा सञ्चार क्षेत्रमा विकासका गति तीव्र भएको छ ।" यस भनाइमा तिमी सहमत छौ, सहमत भए सहमतिका कारण र असहमति भए सोका पनि कारणहरू देऊ ।

२. तिमी रहेको क्षेत्रमा सञ्चारको विकासमा देखिएका समस्याहरू केके छन्, त्यसको समाधानका लागि एक सुझावपत्र तयार गर ।

३. तिमीले अहिलेसम्म कुनकुन सञ्चारका साधनहरू प्रयोग गरेका छौ त्यसको सूची बनाऊ । त्यसमध्ये तिमीलाई सबैभन्दा मनपर्ने र सुविधायुक्त सञ्चार साधन कुन लाग्यो र किन ?

तिम्रो समुदायमा

तिम्रो समुदायमा कुनकुन सञ्चारका साधनहरू उपयोगमा रहेका छन्, तिनीहरूको सूची बनाऊ । ती सञ्चारका साधनहरू सबैले उपयोग गर्न पाएका छन् छैनन्, यदि उपयोग गर्न पाएका छैनन् भने के कारणले पाएका छैनन् ? समाधानका उपायसमेत लेख ।

शब्दार्थ

मेट्रो टेलिभिजन = सीमित क्षेत्रमा मात्र प्रसारण गर्न सकिने टेलिभिजन सेवा ।

पाठ - ५. विद्युत्

नेपालमा सर्वप्रथम वि.सं. १९६५ सालमा फर्पिङमा ५०० किलोवाट जलविद्युत् उत्पादन सुरु भएको देखिन्छ । जलविद्युत् विकासक्रमको झन्डै एकसय वर्षको इतिहासमा वि.सं. २०५७ सम्ममा सानाठूला गरी लगभग ५० ओटा जलविद्युत् आयोजनाहरूबाट करिब ३९० मेगावाट जलविद्युत् उत्पादन भएको देखिन्छ । जलस्रोतमा विश्वको ब्राजिलपछिको दोस्रो धनी देशका रूपमा चिनिने हाम्रो देश नेपालको जलविद्युत् उत्पादन क्षमता भने ८३ हजार मेगावाट रहेको छ ।

हाम्रो देशमा सञ्चालित प्रमुख जल विद्युत् आयोजनाहरू

क्र.सं.	आयोजनाको नाम (किलोवाटमा)	उत्पादन क्षमता	निर्माण सम्पन्न भएको मिति (वि.सं. मा)
१.	सुन्दरीजल	६४०	१९९१
२.	पनौती	२४००	२०२२
३.	त्रिशूली	२१०००	२०२७
४.	पोखरा (फेवा)	१०८८	२०२४
५.	सुनकोसी	१०,०५०	२०३०
६.	गण्डकी	१५,०००	२०३६
७.	कुलेखानी (प्रथम)	६०,०००	२०३९
८.	देवीघाट	१४,१००	२०४०
९.	तिनाउ	१,०२४	२०३५
१०.	पोखरा (सेती)	१,५००	२०४२
११.	कुलेखानी (दोस्रो)	३२,०००	२०४३
१२.	मर्स्याङ्दी	६९,०००	२०४६
१३.	आँधीखोला	५,१००	२०४८
१४.	तातोपानी म्याग्दी प्रथम	१,०००	२०४८
१५.	तातोपानी म्याग्दी दोस्रो	१,०००	२०५२
१६.	झिमरुक	१२,३००	२०५२
१७.	कालीगण्डकी 'ए'	१,४४,०००	२०५८
१८.	पुवाखोला	६,२००	२०५७
१९.	खिम्ती खोला	६०,०००	२०५७
२०.	मोदीखोला	१४,०००	२०५८
२१.	भोटेकोसी	३६,०००	२०५९
२२.	इन्द्रावती	७,५००	२०६०
२३.	चिलिमे	२०,०००	२०६०

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६१

हाम्रो देशका कति मानिसले विद्युत् उपयोग गर्न पाएका छन् भन्ने सन्दर्भमा बत्ती बालेको आधारलाई लिएर जनगणना २०५८ ले देखाएको तथ्याङ्क निम्नअनुसार रहेको छ ।

क्र.सं.	बत्तीको किसिम	घर परिवार सङ्ख्या	प्रतिशत
१.	बिजुली बत्ती बाल्ने	१६,४४,४९९	३९.३९
२.	मट्टितेलद्वारा बत्ती बाल्ने	२३,८६,२९३	५७.१७
३.	वायोग्यासद्वारा बत्ती बाल्ने	८,०७५	०.१९
४.	अन्य विभिन्न वस्तु बाल्ने	९४,१४३	२.२६
५.	नखुलाएको	४१,४४६	०.९९
	जम्मा	-४१,७४,४५७	१००

२.५ कालीगण्डकी जलविद्युत्

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०५८

माथि उल्लिखित कुराबाट के देखिन्छ भने हाम्रो देश जलस्रोतमा धनी भए पनि उत्पादन हुनुपर्ने जति जलविद्युत् उत्पादन हुन सकेको छैन । अझै पनि कैयौं जनता विद्युत्बाट वञ्चित रहेका छन् । विद्युत् सेवा पुगेको ठाउँमा पनि विद्युत् चोरी हुने, अनावश्यक ठाउँमा विद्युत्को खपत हुने, विद्युत् महँगो भई सर्वसाधारणले उपभोग गर्न नसक्ने आदि कारणले समानुपातिकरूपमा वितरण हुन सकिरहेको छैन । विद्युत्सम्बन्धी समस्या समाधान गर्न साना जलविद्युत् आयोजनाहरू सञ्चालन गरिनुपर्दछ । यस्ता आयोजनाहरू अरूको सहयोगले मात्र सञ्चालन नगरी आत्मनिर्भर बन्दै जानुपर्छ । विद्युत्को चुहावट रोकिनुपर्छ । विद्युत् महसुल सर्वसाधारणले धान्ने गरी निर्धारण गरिनुपर्छ ।

क्रियाकलाप

१. हाम्रो देश नेपालमा जलविद्युत्को विकास क्रम कस्तो रहेको छ ?
२. हाम्रो देशमा विद्युत्सम्बन्धी केकस्ता समस्याहरू रहेका छन्, समाधानका लागि सुझाव देऊ ।
३. पाठमा दिइएको दोस्रो तालिकालाई वृत्तचित्रमा देखाऊ ।
४. विद्युत्लाई विकासको पूर्वाधारका रूपमा लिइनुका कारण के हो ?
५. 'नेपालमा जलविद्युत्को वर्तमान अवस्था' शीर्षकमा एक अनुच्छेद लेख ।

तिम्रो समुदायमा

तिमी रहेको नजिकै कुनै जलविद्युत् आयोजना सञ्चालन भएको हुन सक्छ । उक्त ठाउँमा जलविद्युत् कसरी उत्पादन हुँदो रहेछ, अवलोकन गरी पत्ता लगाऊ । त्यसपछि उक्त आयोजना कहिलेदेखि कसरी सञ्चालन हुँदै आएको हो, त्यसको क्षमता कति हो त्यस आयोजनासँग सम्बन्धित व्यक्तिसँग सोधी त्यससम्बन्धी एउटा प्रतिवेदन तयार गर ।

शब्दार्थ

समानुपातिक = समान अनुपात, बराबर

पाठ – ६. खानेपानी

गोपाल काठमाडौँमा बस्छन् । उनको घरमा धारा जडान गरिएको छ । पानी लिन अन्त जानुपर्दैन तर पनि उनलाई विभिन्न समस्या भने भइरहन्छ । नियमितरूपमा पानी आउँदैन । कहिले रातको १२/१ बजेतिर पानी आउने हुँदा राति निद्रा बिगारेर पानी थाप्न उठ्नुपर्छ । कहिले १५/२० दिनसम्म पानी आउँदैन । त्यस्तो अवस्थामा ट्याङ्करबाट ल्याइएको पानी किनेर खानुपर्ने हुन्छ । पानी राम्रो नहुने हुँदा पिउनका लागि फिल्टर गर्ने र उमाल्ने गर्नुपर्दछ ।

बर्दियाको राम भरोसाको घरमा खानेपानीको एक मात्र स्रोत ट्युवेल हो । ट्युवेल उनको घरको आँगनमा नै छ । त्यसैले उनलाई खानेपानीको अभावसम्बन्धी समस्या त्यति छैन । कहिलेकाहीँ ट्युवेल बिग्रेको समयमा मात्र समस्या पर्छ । पानी केही तातो र गन्हाउने हुन्छ । केटाकेटीले ट्युवेल चलाउन सक्तैनन् । आजभोलि रेडियो र पत्रपत्रिकाहरूले जमिनमुनिको पानीमा आर्सेनिक भन्ने तत्त्व पाइन्छ, जसले मानिसको स्वास्थ्यमा हानि पुऱ्याउँछ भन्ने सुनेको भए तापनि अन्य विकल्प नभएकाले डर भएर पनि त्यही पानी पिउन बाध्य छन् ।



२.६ खानेपानी

टंकबहादुर पाँचथर जिल्लाको एउटा गाउँमा बस्छन् । उनको घरमा खानेपानीको ठूलो समस्या छ । उनको घर नजिकै खानेपानीको स्रोत छैन । घरदेखि धेरै टाढा खोलाको पानी ल्याएर खानुपर्छ । बिहान उज्यालो हुनु अगाडि नै पानी लिन जानुपर्छ । वर्षात्को समयमा खाल्डाखुल्डीमा जमेको पानीसमेत कहिलेकाहीँ खानुपर्ने हुन्छ । यसले गर्दा झाडापखाला, हैजा, आउँ आदि रोगको कारण कैयौँ मानिसहरूको ज्यानसमेत गइसकेको छ ।

पेम्बा सोलुखुम्बु जिल्लाको एउटा गाउँमा बस्छन् । उनको घर नजिकै पानीको मूल छ । त्यसैले ऊ पानी लिन धेरै टाढा भने जानुपर्दैन तर मूलमा गाईवस्तु जाने, केटाकेटीले फोहर गर्ने हुँदा पानी दूषित हुनाले कहिलेकाहीँ बिरामीसमेत हुने गर्दछ । लेकको पानी अति चिसो हुने हुँदा सिधै खानालाई गाह्रो हुन्छ । हाम्रो देशमा मानिसहरूले कुनकुन स्रोतहरूबाट खानेपानीको आपूर्ति गर्दछन् भन्ने सम्बन्धमा वि.सं. २०५८ सालको जनगणनाले यस्तो तथ्याङ्क देखाएको छ ।

क्र सं	खानेपानीको स्रोत	पानी उपयोग गर्ने घर परिवार सङ्ख्या	प्रतिशत
१.	धारा वा पाइपको पानी	२२,०९,७६०	५२.९३
२.	इनार वा कुवाको पानी	३,७७,२४१	९.१०
३.	ट्युवेलको पानी	११,८४,१५६	२८.३७
४.	मूलको पानी	२,६७,१८०	६.४०
५.	नदी / खोलाको पानी	६१,४००	१.४७
६.	अन्य विभिन्न स्रोतको पानी	३७,२३२	०.८९
७.	नखुलाइएको	३७,४८९	०.९०
	जम्मा	४१,७४,४५७	१००

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग,२०५८

क्रियाकलाप

१. पाठमा दिइएअनुसार सबै ठाउँमा कुनै न कुनै खानेपानीसम्बन्धी समस्याहरू देखिन्छन् । त्यसमध्ये सबैभन्दा बढी समस्या कुन ठाउँमा देखिन्छ, किन ?

२. नमुनामा दिइएजस्तै विभिन्न ठाउँको खानेपानीसम्बन्धी समस्याहरू टिपोट गर । त्यसको सम्भावित समाधान छलफल गरी लेख ।

क्र.सं.	ठाउँ	समस्याहरू	समाधानका उपायहरू
१.	काठमाडौँ	१. नियमित पानी नआउने २.	मागअनुसारको आपूर्ति व्यवस्था मिलाउनु पर्ने
२.	बर्दिया	१. २.	

३. पाठमा दिइएको खानेपानीको स्रोत र उपयोगसम्बन्धी तालिकालाई वृत्तचित्रमा देखाऊ ।

४. 'मानव जीवनमा खानेपानीको महत्त्व' शीर्षकमा एउटा निबन्ध तयार गर ।

तिम्रो समुदायमा

तिम्रो गाउँमा रहेका खानेपानीका समस्याहरू पत्ता लगाई सम्भावित समाधानका उपायहरू केके हुन सक्लान्, कक्षामा प्रस्तुत गर ।

शब्दार्थ

आर्सेनिक = जमिनमुनिको पानीमा रहने एकप्रकारको विषादी रसायनिक तत्त्व जसले मानिसलाई हानि गर्दछ ।

मूल = मुहान, पानी उम्रने वा निस्कने ठाउँ ।

ट्याङ्कर = पानी तथा अन्य तरल पदार्थ बोक्ने ट्रक जस्तो साधन ।

पाठ – ७. विकासका लागि जनशक्ति

देश विकासका लागि एक दुईजना वा सीमित व्यक्तिहरूले मात्र पहल गरेर हुँदैन । सबैले आ-आफ्नो क्षेत्रबाट सक्दो समानरूपमा काम गरे मात्र देश विकास हुन्छ । यसरी विभिन्न क्षेत्रमा सबै मानिसले एकै खालको काम गरेर हुँदैन । फरकफरक प्रकृतिको काम गर्नलाई छुट्टाछुट्टै सीप र दक्षताको आवश्यकता पर्दछ । कसले कुन काम गर्ने भन्ने कुरा व्यक्तिको इच्छामा निर्भर गर्दछ । व्यक्तिलाई आफूले चाहेको काम गर्नका लागि त्यो कामसँग सम्बन्धित ज्ञान, सीप र दक्षताको जरुरी पर्दछ । त्यसका लागि विभिन्न औपचारिक तथा अनौपचारिक शिक्षा, तालिम आदिको आवश्यकता पर्दछ । हाम्रो देशमा विभिन्न पेसासँग सम्बन्धित जनशक्तिको विवरण यसप्रकार छ ।

१. किसान	२. इन्जिनियर	३. वकिल	४. व्यापारी
५. कर्मचारी	६. डकर्मी	७. उद्यमी	८. मजदुर
९. सिकर्मी	१०. शिक्षक	११. पाइलट	१२. सैनिक
१३. सूचिकार	१४. ड्राइभर	१५. प्रहरी	१६. डाक्टर
१७. समाजसेवी	१८. अनुसन्धाता	१९. पत्रकार	२०. खेलाडी

देश विकास गर्न कुन प्रकारको जनशक्ति कति आवश्यक पर्दछ भन्ने कुरा राष्ट्रले निर्धारण गर्नुपर्दछ । त्यसैगरी आवश्यकतानुसारको जनशक्ति उत्पादन गर्ने योजना बनाई काम गर्नुपर्ने हुन्छ ।

हाम्रो देशमा हाल योजनाबद्धरूपमा जनशक्ति तयार नगर्नाले समस्या उत्पन्न भएको देखिन्छ । कुनै क्षेत्रमा आवश्यकभन्दा बढी जनशक्ति भएर बेरोजगारको समस्या उत्पन्न भएको छ भने कुनै ठाउँमा जनशक्ति नै नहुनाले काम हुन सकिरहेको छैन । जस्तै : कर्मचारी, मजदुर आदिमा बढी जनशक्ति छ भने चिकित्सक, इन्जिनियरिङ आदिमा जनशक्तिको अझै खाँचो देखिन्छ । त्यस्तै बेरोजगारको सङ्ख्या पनि दिन प्रतिदिन बढिरहेको छ । यसका कारणहरूमध्ये सीपमूलक काम नसिक्नु धेरै पढेपछि काम गर्नु हुन्न र कामलाई हेलाँ गर्नु आदि हुन् । धेरै पढेर काम गर्न हुँदैन भन्ने मानसिकता हटाउनुपर्दछ । कामको आधारमा कसैलाई भेदभाव गरिनुहुँदैन । सानाठूला सबै प्रकृतिको कामलाई सम्मान गर्न सिक्नुपर्दछ । सबैले कुनै न कुनै काम

२.७ कार्यालयमा काम गर्दैरहेको

गर्नुपर्दछ । त्यसका लागि आवश्यक पर्ने ज्ञान, सीप पनि सिक्नुपर्ने हुन्छ । सिकेअनुसारको काम गर्नुपर्छ । यसो भएको खण्डमा मात्र गाउँ/नगर जिल्ला, अञ्चल र क्षेत्र हुँदै देशको समग्र विकास कार्य सम्भव हुन्छ ।

क्रियाकलाप

१. देश विकासका लागि केकस्तो जनशक्ति आवश्यक पर्दछ ?

२. तिम्रो विद्यालय बनाउँदादेखि अहिले सञ्चालन भइरहेको अवस्थासम्म कस्ताकस्ता जनशक्तिको प्रयोग भएको छ, त्यसको सूची बनाऊ ।

३. बेरोजगारी समस्या बढ्नुको कारण के होला ?

४. 'किसान ठूलो कि व्यापारी ठूलो' भन्ने विषयमा दुई समूहमा वादविवाद कार्यक्रम सञ्चालन गरी सबैले पालैपालो आ-आफ्नो तर्क प्रस्तुत गर ।

५. दुवै पक्षबाट प्रस्तुत भएका तर्कहरूको आधारमा कामको कारणले मानिस सानो ठूलो हुँदैन भनी एक अनुच्छेद लेख ।

६. मानौं तिम्रो गाउँमा एउटा खानेपानी आयोजना सञ्चालन गर्नुछ । त्यसमा कस्ताकस्ता जनशक्ति आवश्यक पर्छ, कक्षामा छलफल गरी सूची बनाऊ र उक्त आयोजना सञ्चालन गर्न कसले के काम गर्नुपर्छ, कामको बाँडफाँड गरी भूमिका अभिनय गरेर देखाऊ ।

तिम्रो समुदायमा

१. तिम्रो समुदायमा एकजना पढेलेखेका मानिस छन् तर उनी जागिर नपाएर भौतारिरहेका छन् । उनी अन्य केही काम पनि गर्दैनन् । उनलाई तिमी केके सुझाव दिन्छौ ?

२. तिम्रो टोल वा गाउँ विकासका लागि कस्तोकस्तो जनशक्ति कति सङ्ख्यामा चाहिएला सूची बनाऊ ।

शब्दार्थ

जनशक्ति = जनताबाट प्राप्त हुन सक्ने श्रम, सीप, बल, बुद्धिजस्ता विभिन्न शक्ति

विकासको पूर्वाधार = विकास कार्य सुरु गर्नुभन्दा अघिको आवश्यक आधार

सारांश

यस एकाइमा तिमीले निम्न लिखित कुराहरू सिक्यौ :

- नेपालमा शिक्षाको विकास क्रम बताउन ।
- शिक्षा क्षेत्रमा देखिएका समस्याहरू समाधानका उपायहरू पत्ता लगाउन ।
- विभिन्न महत्त्वपूर्ण मितिलाई तालिकामा राख्न ।
- स्वास्थ्य सेवाको विगत र वर्तमान समस्याका उपायहरू उल्लेख गर्न ।
- हाम्रो देशमा सडक यातायातको वर्तमान अवस्था बताउन ।
- हवाई, रेल, जल, केबुलकार आदि यातायातको वर्तमान अवस्था देखाउन ।
- यातायातमा देखिएका समस्या र समाधानका उपायहरू भन्न ।
- पहिले र अहिलेका सञ्चार क्षेत्रको तुलनात्मक अध्ययन गर्न ।
- सञ्चारका अत्याधुनिक साधनहरूको जानकारी दिन ।
- प्रमुख जलविद्युत् आयोजनाहरूको उत्पादन क्षमतासम्बन्धी सूची तयार गर्न ।
- विभिन्न ठाउँको खानेपानीसम्बन्धी समस्याको तुलनात्मक अध्ययन गर्न ।
- वर्तमान अवस्थामा खानेपानी उपभोगका विभिन्न स्रोतहरू उल्लेख गर्न ।
- विकासका लागि आवश्यक पर्ने विभिन्न प्रकारका जनशक्तिहरूको पहिचान गर्न ।
- हाम्रो देशमा वर्तमान अवस्थामा जनशक्तिसम्बन्धी देखिएका समस्याहरू र समाधानका उपायहरू उल्लेख गर्न ।
- तथ्याङ्कहरूलाई रेखाचित्र र वृत्तचित्रमा देखाउन ।

एकाइ - ३.

हाम्रो परम्परा सामाजिक मूल्य र मान्यता



यस् देशमा जति जात छौं र यसमा जोजो बसेका छन
सब्को मूल्य र मान्यताहरू सबै एकै भएका हुन
भाषा, संस्कृति, धर्म कर्महरूमा सहिष्णुता राखन
तम्सन्छौ सब हामी जात, जनजात विकासमा लम्कन ।

पाठ - १. सामाजिक परम्परा

क्षेत्री, बाहुन, राई, लिम्बु, मगर, थारू, थकालीहरू ॥
नेवार, थामी, गुरुङ, धामी, दनुवार, राजवंशी, शेर्पाहरू ॥
जातजाति जनजातिकासँग मिली एकै भई बस्तछौं ।
फूल्थुङ्गासरि जातजातिहरूका माला एकै उन्दछौं ॥

आ-आफ्नो थर, जात, गोत्रअनुसार भाषाहरू बोल्दछौं ॥
बेगल्बेगल संस्कृति र रीतिमा आफूहरू चल्दछौं ॥
भिन्दै जात र भिन्न संस्कृति अनि भाषा भएता पनि ।
सबको मूल्य र मान्यताहरू मिली एकै भएकै छ नि ॥

साझा छन् यसका चलन् र चलती साझा बसोबास् पनि ।
साझा हो यस देशको सहमति साझै विकासको गति ॥
साझा गीत र काव्यशास्त्र महिमा साझै कविता-कृति ॥
साझा संस्कृति चाड़पर्वहरू छन् अनेकको एक मति ।

केही त्याग गरी मीठो र मसिनो बोली छरेरै बसौं ।
घृणा, रिस र राग, द्वेष नगरी हर्दम मिलेरै बसौं ॥
हाम्रो पूर्व परम्पराहरू बुझी सत्कर्म गर्दै रहौं ।
सुखदुःखमा मिली एक हौं र जगको रक्षार्थमा नै जुटौं ।



३.१ होली र द्यौसी खेलेको

क्रियाकलाप

१. "सबै जातजातिहरूको एउटा माला" भनाइलाई एक अनुच्छेदमा विस्तार गर ।
२. हाम्रो परम्पराअनुसार मूल्य र मान्यताहरूको सूची बनाई कक्षामा प्रस्तुत गर ।
३. परम्परागत हाम्रा साझा पर्वहरूमध्ये कुनै एकको सम्बन्धमा छोटो टिप्पणी लेख ।
४. आ-आफ्नो ठाउँमा परम्परागत गाइने गीतहरूमध्ये कुनै एउटा गीत लेखेर ल्याई कक्षामा सुनाऊ ।
५. आ-आफ्नो कूल पम्पराअनुसार चालचलनमा चली आएका कुराहरूको सूची बनाई कक्षामा प्रस्तुत गर ।

तिम्रो समुदायमा

आ-आफ्नो स्थानीय समुदायमा गई तिम्रो गाउँ इलाकामा बसोबास गरिआएका मानिसहरू कुनकुन जातजातिका छन्, सूचीकृत गर अनि उनीहरूको व्यवहारमा चलिआएका चालचलनमा देखिएका समानता र असमानताका बुँदाहरू तलको तालिकामा देखाऊ ।

चालचलनको नाम	समानता	असमानता
१.	.....	.....
२.	.....	.....
३.	.....	.....

शब्दार्थ

संस्कृति = कला, साहित्य, इतिहास, भाषा, धर्म आदि विषय वा मूल्य परम्परा
मूल्य = दामी, किम्मति, मूल्यवान्
मान्यता = मान्ने काम, इज्जत
द्वेष = रिस
हर्दम = सधैं
सत्कर्म = राम्रो काम
जग = संसार

पाठ – २. धार्मिक परम्परा

हामी नेपालीहरू आ-आफ्नो परम्परा, सामाजिक रीतिस्थिति मूल्य र मान्यताका आधारमा विभिन्न धर्महरू मान्दछौं । आ-आफूले मानिआएका धार्मिक प्रक्रिया र तरिकाहरू पनि भिन्दाभिन्दै देखिएका छन् । हिन्दु धर्मावलम्बीहरूका लागि वेद, उपनिषद, रामायण, महाभारत, गीता, पुराण र स्मृतिजस्ता धार्मिक ग्रन्थहरूका आधारमा धर्म गर्ने प्रक्रिया र तरिका अपनाएको देखिन्छ । घरघरका मन्दिरमा देवदेवीको मूर्ति तथा फोटोहरू सजाइएको हुन्छ । ॐकारको सदा आदर गरिन्छ । पञ्चोपचार, दशोपचार, षोडशोपचार जस्ता पूजा विधिहरू प्रयोग गरिन्छ । स्तोत्र पाठ गरी आराधना गर्ने परम्परा छ ।



३.२ (क) पशुपतिनाथ

गौतमबुद्धबाट बौद्ध धर्मको प्रतिपादन भएको हो । "जातक कथा" नामक किताबमा उनले आफ्ना शिष्यहरूलाई ज्ञान गराएका कथाहरू सङ्कलित छन् । त्यस्तै अर्को त्रिपिटक नामको तीन खण्डको किताब भिक्षु, दार्शनिक र सर्वसाधारणलाई दिइएको ज्ञानको सङ्ग्रह हो । सत्य र अहिंसा बौद्धधर्मको मूल मन्त्र हो । विहार, स्तूप मठ आदिमा गएर प्रार्थना गरिन्छ । दान गर्नु यस धर्मको प्रमुख विशेषता हो ।



३.२ (ख) स्वयम्भूनाथ

इस्लाम धर्मका प्रवर्तक हजरत मुहम्मद हुन् । इस्लामीहरूको धर्म ग्रन्थ कुरान हो । यस धर्ममा मूर्ति पूजा हुँदैन । उनीहरू ईश्वरको भक्ति प्रार्थना वा नमाज पढेर गर्दछन् । यिनीहरूको मुख्य चाड "इद" हो । यिनीहरू दान गर्नमा विश्वास गर्दछन् । यसरी गरिएको दानलाई "फित्र:" भनिन्छ ।

जेसस क्राइस्ट इसाई धर्मका प्रवर्तक मानिन्छन् । इसाईहरूको धर्मग्रन्थ बाइबल हो । यही ग्रन्थका आधारमा इसाईहरूले आ-आफ्नो परम्परा र संस्कृतिको संरक्षण गर्दछन् र एक आपसमा शुभकामना व्यक्त गर्दछन् । यिनीहरू गिर्जाघर (चर्च) मा गई जेसस क्राइस्टको प्रार्थना गर्दछन् । यस धर्ममा पनि मूर्ति पूजा गर्ने चलन देखिँदैन । यस बाहेक किराँत, शिख, जैन, बहई आदि धर्म मान्ने मानिसहरू पनि छन् । उनीहरूले आ-आफ्नै धर्मअनुसारको चाडपर्व मनाउँछन् ।

क्रियाकलाप

१. आफ्नो परम्पराअनुसार तिमी कुनकुन विधि र सामग्री प्रयोग गरी ईश्वरको पूजा आराधना गर्दछौ, विधि र सामग्रीको सूची बनाई तलको तालिका भर ।

सि.नं.	विधि	सामग्री
१.		
२.		
३.		

२. जातक र त्रिपिटकमा केके भिन्नताहरू छन्, छुट्याऊ ।
३. मूर्ति र तस्बिर पूजा गर्ने र नगर्ने धर्महरूको सूची अलगअलग बनाएर देखाऊ ।
४. इस्लाम धर्मावलम्बीहरूले ईश्वरको भक्ति गर्ने तरिका छोटकरीमा लेख ।
५. तिमीलाई सरल र उचित लागेको धार्मिक परम्पराको उल्लेख गर ।

तिम्रो समुदायमा

तिम्रो समुदायमा कुनकुन धर्म मान्ने मानिसहरूको बसोबास छ, पत्ता लगाऊ र धार्मिक परम्पराको उपयोग गर्दा आइपर्ने समस्याहरू केके छन्, सूचीकृत गर । तिनका समाधानका उपायहरू कस्ता हुनसक्छन् आफ्नो राय देऊ ।

शब्दार्थ

ॐ = विष्णु, शिव र ब्रह्मालाई बुझाउने अ, उ, म, मिलेर बनेको शब्द
दशोपचार = दसओटा सामग्रीले गरिने पूजा विधि
पञ्चोपचार = पाँचओटा सामग्रीले गरिने पूजा विधि
षोडशोपचार = सोह्रओटा सामग्रीले गरिने पूजा विधि
अहिंसा = काटमार नगर्ने

पाठ - ३. चाडपर्वहरू

माघे सङ्क्रान्ति

हाम्रा धेरैजसो चाडपर्वहरू चन्द्रमासमा आधारित तिथिअनुसार मनाइने भए पनि सौरमासमा आधारित गतेअनुसार मनाइने चाडहरू पनि नभएका होइनन् । माघे सङ्क्रान्ति, साउने सङ्क्रान्ति, असारपन्ध्र र पुस पन्ध्र जस्ता चाडहरू विशिष्ट सांस्कृतिक तवरले मनाउने चलन परम्परादेखि कै हो । यी मध्ये मकर सङ्क्रान्ति अर्थात् माघे सङ्क्रान्तिको विशेषता छुट्टै किसिमको छ । माघे सङ्क्रान्तिका दिन धार्मिक कार्यका साथसाथै खिचडी, पोलेको वा उसिनेको कन्दमूल, तिलको लड्डु खाने, तेल घस्ने यस चाडको मुख्य पहिचान हो । पुसको **'पाक्य'** माघमा **'खाक्य'** भन्ने उखान चलेको छ । यस दिन नेपालका धेरै ठाउँमा मेलाहरू लाग्ने गर्दछन् । मेलाको रौनकको सुमधुर सम्झना वर्षभरि नै साँचिएको हुन्छ । हाम्रो संस्कृतिको निर्माणमा यसले विशिष्ट खाले योगदान दिएको छ । नेपाली मात्रले अवलम्बन गर्दै आएका यस्ता विशेष चाडहरूको परम्परा कायम राख्नु हाम्रो कर्तव्य हो ।

३.३ (क) माघे सङ्क्रान्ति

रामनवमी

रामनवमी चैत्र शुक्ल नवमीका दिन पर्दछ । यसैदिन मर्यादा पुरुषोत्तम रामको जन्म भएको हो । श्रीराम एक आदर्श पुरुष हुन् । उनको जीवनीको अध्ययनबाट पितृभक्ति, ठूलाप्रतिको आदर, भातृप्रेम,



३.३ (ख) जानकी मन्दिर

शान्ति, संयम, धैर्य, सहिष्णुता, क्षमा र न्याय जस्ता व्यावहारिक ज्ञान हामी प्राप्त गर्न सक्तछौँ । रामनवमीका दिन मानिसहरू राममन्दिरहरूमा गई रामजानकीको पूजा गर्दछन्, ब्रत बस्दछन्, रामायण पाठ गर्दछन् । नाचगान भजनकीर्तनले मन्दिरवरिपरि गुञ्जायमान वातावरण हुन्छ । यसैदिन जनकपुरमा रहेको प्रसिद्ध राम मन्दिरमा ठूलो मेला लाग्दछ । स्वदेश तथा विदेशका हजारौँ नर नारीहरू मेला भर्न भेला हुन्छन् ।

क्रियाकलाप

१. सौरमासमा र चन्द्रमासमा मनाइने पर्वहरूको सूची तयार गर ।
२. "पुसको पाक्य माघमा खाक्य" भन्ने उखानको पुष्टि गर ।
३. "विशेष चाडहरूको परम्परा कायम राख्नु हाम्रो कर्तव्य हो ।" यस भनाइलाई कक्षामा छलफल गरी सारांशका रूपमा एक अनुच्छेद लेख ।
४. मर्यादा पुरुषोत्तम श्रीरामको जीवनीबाट प्राप्त ज्ञानले हाम्रो समाजमा पार्ने प्रभाववारे छोटो टिप्पणी लेख ।
५. रामनवमीका दिन गाइने भजन, कीर्तन, बालन वा गीत, कविता आफ्ना स्थानीय अभिभावकसँग सोधेर वा आफैँ रचना गरी कक्षामा प्रस्तुत गर ।

तिम्रो समुदायमा

आ-आफ्नो छिमेक र समुदायमा कुनकुन चाडपर्वहरू मनाइन्छन्, सोधखोज गरी सूची बनाई तालिकामा देखाऊ ।

शब्दार्थ

चन्द्रमास = शुक्लपक्ष र कृष्णपक्षका तिथिहरू (चन्द्र महिना)
सौर्यमास = गतेअनुसार अंकित गरिने महिना
खिचडी = दाल चामल एकै ठाउँमा मिलाई पकाइएको खानेकुरा
कन्दमूल = माटामुनि जराका रूपमा फल्ने फल
अवलम्बन = अङ्गीकार
गुञ्जायमान = घन्कनु, घन्किएको

पाठ - ४. राष्ट्रिय सम्पदाको परिचय

मिति : २००३, डिसेम्बर २८
कपन गा.वि.स.- ३, काठमाडौं

प्रिय बहिनी एलिसा
शुभ आशिर्वाद

तिमीले सन् २००३ डिसेम्बर २४ तारिखमा लेखेको पत्र पाएँ । यसपालीको पत्रमा नेपालका राष्ट्रिय सम्पदाहरूको विषयमा जान्न खोजेकी रहिछौ । तिमीलाई उक्त विषयमा अवगत गराउन पाउँदा खुसी लागेको छ ।

हाम्रो देश नेपाल ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरूले भरिपूर्ण मुलुक हो । यस देशमा अनगिन्ती राष्ट्रिय सम्पदाहरू छन् । हाम्रो देशको सार्वजनिक चौर, पाटी, पौवा, भवन, धार्मिक स्थल, मठ, मन्दिर, धारा, बगैंचा, बाटोघाटो, चौतारी, हिमाल, पहाड, नदी, वनजङ्गल आदि वस्तुहरूले परम्परा, धर्म, सभ्यता, संस्कृति र कला झल्काउँछन् । त्यस्तै प्रकृतिले उपहार स्वरूप दिएका प्राकृतिक वस्तुहरू र ऐतिहासिक, धार्मिक स्मारकहरू हाम्रा राष्ट्रिय सम्पदाहरू हुन् । यिनीहरूमध्ये विश्वसम्पदा सूचीमा समावेश गरिएका महत्त्वपूर्ण सम्पदाहरूको मात्र यस पत्रबाट तिमीलाई जानकारी गराउन चाहन्छु ।

विश्वसम्पदा सूचीमा समावेश गरिएका हाम्रा राष्ट्रिय सम्पदाहरू निम्नलिखित छन् :

१. पशुपति क्षेत्र
२. हनुमान ढोका दरबार क्षेत्र
३. पाटन दरबार क्षेत्र
४. भक्तपुर दरबार क्षेत्र (लायकु)
५. चाँगुनारायण मन्दिर
६. बौद्धनाथ महाचैत्य



३.४ राष्ट्रिय निकुञ्ज र स्मारक

७. स्वयम्भूनाथ स्तूप ८. बुद्धको जन्मस्थान लुम्बिनी

९. सगरमाथा राष्ट्रिय निकुञ्ज १०. चितवन राष्ट्रिय निकुञ्ज

नेपाल राष्ट्रका गौरवका प्रतीकका रूपमा रहेका प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक दृष्टिले महत्त्वपूर्ण र राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय दृष्टिकोणबाट सर्वोत्तम स्थान राख्ने दसओटा क्षेत्रलाई युनेस्कोअन्तर्गतको विश्वसम्पदा समितिले विश्वसम्पदाको रूपमा मान्यता दिइसकेको छ । यसबाट यो देशको गरिमा अझ बढेको छ । उल्लिखित स्मारक तथा निकुञ्जहरू नेपालको मात्र नभएर विश्व मानव समुदायकै साझा निधि हुन पुगेका छन् । यो हाम्रा लागि गौरवको कुरा हो । हामीले यिनीहरूको संरक्षण र संवर्द्धन गर्न सक्नुपर्दछ । आजलाई यति नै बाँकी पछि लेखौला ।

तिम्री दिदी,
मनिसा

क्रियाकलाप

१. "राष्ट्रिय सम्पदा" भन्नाले के कस्ता कुराहरू बुझिन्छ, छोटकरीमा लेख ।
२. विश्वसम्पदा सूचीमा अङ्कित क्षेत्रहरू कुनकुन ठाउँमा पर्दछन्, तालिका बनाई कक्षामा प्रस्तुत गर ।
३. हाम्रो देशको गरिमा बढाउन विश्वसम्पदा समितिले निर्वाह गरेको सकारात्मक भूमिका सम्बन्धमा कक्षामा छलफल गरी एउटा रिपोर्ट तयार पार ।
४. विश्वसम्पदा सूचीमा रहेका दसओटा क्षेत्रमध्ये निकुञ्ज कुनकुन हुन्, छुट्याऊ ।
५. हाम्रा राष्ट्रिय सम्पदाहरूको सूची तयार गरी कक्षामा प्रस्तुत गर ।

तिम्रो समुदायमा

आ-आफ्ना स्थानीय समुदायका गाउँभित्र स्थानीयरूपमा संरक्षित स्थानीय सम्पदाहरू मठ, मन्दिर, गुम्बा, गुफा, छाँगा, झर्ना केके छन् खोज गर र तिनको ठाउँ, नाउँ पत्ता लगाई सूचीकृत गरी एउटा लेख तयार गरी कक्षामा प्रस्तुत गर ।

शब्दार्थ

सम्पदा = सम्पत्ति, धन, वैभव
गौरव = महिमा, इज्जत, सम्मान
गरिमा = महत्त्व
स्मारक = ऐतिहासिक महत्त्वका कुरा स्मरण गराउने साङ्केतिक वस्तु

पाठ - ५. राष्ट्रिय सम्पदाहरूको संरक्षण

हाम्रा राष्ट्रिय सम्पदाहरू चाहे स्मारकहरू हुन् वा प्राकृतिक सम्पदाहरू, जुनकि हाम्रै घर, छिमेक, समुदाय, गाउँ वा आफ्नै सेरोफेरोबाट संरक्षण तथा सम्बर्द्धन गर्नुपर्दछ। गाउँ जिल्लाहरूमा रहेका पुराना मठमन्दिर, पाटीपौवा, ढुङ्गेधारा, कुलो, नहर, चौतारी, बनजङ्गलको अवस्था के कस्तो छ, समयमै निरीक्षण गरी आवश्यक कदम चाल्नु जरुरी हुन्छ। हाम्रा बनजङ्गलको हेरचाह हुन नसके राष्ट्रिय सम्पत्तिका रूपमा रहेका चराचुरुङ्गी र जनावरहरू लोप हुन सक्दछन्। त्यस्तै बनजङ्गलबाट प्राप्त हुने अमूल्य जंडीबुटीहरू नाश हुन्छन्। बनजङ्गलको विनाश भएमा इन्धनको अभाव हुनेछ। देशका असङ्ख्य खोलानालाहरूको पानी सुक्नेछ। खानेपानी र सिँचाइको अभाव भई हाम्रा उर्वराभूमिहरू बाँझा रहनेछन्। दैनिक जीवनमा नराम्रो असर पर्नेछ। त्यसकारण आफ्ना नजिकमा रहेका प्राकृतिक सम्पदाहरूको संरक्षण कार्यमा सबै जना जुट्नुपर्दछ। त्यसैगरी आ-आफ्ना वरिपरि रहेका ऐतिहासिक एवम् पुरातात्त्विक वस्तुहरूको संरक्षण र सम्बर्द्धनमा पनि हामी सबै एकजुट भई अगाडि बढ्नु हाम्रो प्रमुख कर्तव्य हो। यी हाम्रा अमूल्य निधिहरू हुन्।

काठमाडौँ उपत्यकाभित्रका विश्वसम्पदा सूचीमा परेका सात क्षेत्रहरूका वरिपरि प्राचीन स्मारकहरूलाई असर पार्ने शैलीका मापदण्ड विपरीत आधुनिक पक्की घरहरू निर्माण हुनु चिन्ताको विषय बनेको छ। ती स्मारक क्षेत्रहरू खतरामा परेको देखेर युनेस्को विश्व सम्पदा समितिले सचेत गरेपछि सातओटै स्थलहरूको संरक्षण गर्ने चासो बढेको छ। त्यही चासोअनुसार स्वयम्भूनाथ र पशुपति क्षेत्रमा अनधिकृतरूपमा



३.५ राष्ट्रिय सम्पदाको संरक्षण

निर्माण भएका घर टहराहरू हटाउन थालिएको छ । त्यसैगरी अन्य क्षेत्रहरूमा पनि सम्बन्धित क्षेत्रका संरक्षण समितिले प्रभावकारी कदमहरू चाल्नु जरुरी छ । आफ्ना देशका प्राकृतिक, ऐतिहासिक एवम् पुरातात्त्विक वस्तुहरूको संरक्षण र सम्बर्द्धन गरी जोगाई राख्नु हाम्रो कर्तव्य र जिम्मेवारी हो । हामीले आपसी समन्वय र सहयोगको आधारमा देशमा रहेका हरेक राष्ट्रिय सम्पत्तिहरूको संरक्षण र सम्बर्द्धन गर्नैपर्दछ ।

क्रियाकलाप

१. राष्ट्रिय सम्पदाहरूको संरक्षण गर्ने सिलसिलामा कुनकुन क्षेत्रमा प्राथमिकता दिनुपर्ने हुन्छ, लेख ।
२. बनजङ्गलको विनाशले जनमानसमा कुनकुन कुराको अभाव हुन्छ, ती वस्तुहरूको सूची बनाऊ ।
३. ऐतिहासिक तथा पुरातात्त्विक वस्तुहरू भन्नाले कुनकुन कुरालाई जनाउँछ, कक्षामा छलफल गरी सूची बनाऊ ।
४. राष्ट्रिय सम्पदाहरूमध्ये स्मारक क्षेत्रहरूको संरक्षण गर्न कुनकुन कामहरू गर्नुपर्ला, एउटा टिप्पणी लेख ।

तिम्रो समुदायमा

आ–आफ्ना वरिपरि रहेका प्राकृतिक तथा ऐतिहासिक पुरातात्त्विक वस्तुहरू पत्ता लगाऊ र ती वस्तुहरूको संरक्षण गर्न कुनकुन कदम चाल्न जरुरी देखिन्छ, स्थानीय बुढापाका, बुद्धिजीवीहरूको राय सङ्कलन गरी राष्ट्रिय सम्पदा संरक्षण समितिमा पठाउने पत्र तयार गर ।

शब्दार्थ

उर्वराभूमि = धेरै उब्जाउ हुने जग्गा
पुरातात्त्विक = ऐतिहासिक महत्त्वको वस्तु
अनधिकृत = अधिकार नभएको

पाठ – ६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्व

गेहेन्द्रशमशेर

गेहेन्द्रशमशेरको जन्म वि.सं. १९२८ पौष महिनामा भएको थियो । उनका बाबु वीरशमशेर हुन् । उनले दरबार स्कुलमा पढेका थिए । उनको स्वभाव चञ्चल, तार्किक र लहडी थियो । उनलाई सानै उमेरदेखि सेनाको हात हतियार बनाउने कारखानामा भर्ती गरिएको थियो । वि.सं. १९४२ मा वीर शमशेर प्रधानमन्त्री भएपछि बाबुकै उत्साहबाट उपत्यकाभित्र कारखाना खोलेर उनी निर्माण कार्यमा जुटेका थिए । वि.सं. १९५६ मा बेलायतबाट मोटर झिकाई नयाँनयाँ पार्टपूर्जा निर्माण गर्ने प्रयास गर्दा कारणवश सो कार्य स्थगित गर्नुपऱ्यो । उनका सहयोगी मुसे थापासमेत भई धान कुट्ने कल, पानी तान्ने कल बनाउनुका साथै नेपालमा पहिलो पटक पानीबाट बिजुली निकाली देखाई दिए । बाबुको मृत्युपछि देवशमशेरको पालामा उनलाई जापानी प्रविधि सिक्न जापान पठाइयो । देखेकै भरमा उनले बेलायती ढाँचाका दुईनाले राइफल बनाए । वीर गन, धीर गन र चलायमान मिसिनगन पनि उनले बनाएका हुन् । अद्भूत कलाका धनी वैज्ञानिक गेहेन्द्रशमशेरको मृत्यु ३५ वर्षको उमेरमा भयो ।

३.६ (क) गेहेन्द्रशमशेर

म्याडम क्युरी

म्याडम क्युरीको जन्म सन् १८६७ नोभेम्बर ७ मा पोल्यान्डको राजधानी वार्सामा भएको थियो । उनको नाम म्यारी स्कलोडोस्का (Marie Sklodowska) थियो । म्यारीका आमाबाबु दुवै शिक्षक थिए । उनी तिखो बुद्धिकी ज्ञानी केटी थिइन् । उनी ६ वर्षकी हुँदा बाबुको जागिर खोसियो । एघार वर्षको उमेरमा आमाको मृत्यु भयो । सोह्र वर्षको उमेरमा उनले हाइस्कुल पास गरिन् । पढाइमा राम्रो गरेवापत उनले सुनको तक्मा पाइन् । त्यसवेला पोल्यान्डमा केटीलाई उच्च शिक्षा दिने चलन थिएन, त्यसकारण उनी शिक्षिका बनिन् । उनलाई विज्ञान पढ्ने धोको भएकाले १८८९ मा दिदीको सहयोगले पेरिस गइन् र भौतिकशास्त्र पढ्न थालिन् । प्रोफेसर पेरी क्युरीसँग उनको

३.६ (ख) म्याडम क्युरी

विवाह १८९५ मा भयो । क्युरीले प्रो. विक्विरलकी सहायक भएर रेडियो तरङ्गको खोजी गर्ने काम गरिन् । लोग्नेको सहयोग लिएर उनीहरूले बेहोमिया देशबाट दसहजार के.जी. युरिनियम झिकाए । धेरै समयसम्म युरिनियमको प्रयोग र परीक्षण गर्दा १८९८ नोभेम्बरको रातमा रेडियमको आविष्कार भयो । यसो गरेवापत तीनैजनाले संयुक्तरूपमा नोबल पुरस्कार प्राप्त गरे । सन् १९०६ मा पेरी क्युरीको मृत्यु भयो । क्युरीले १९११ मा रसायन शास्त्रमा फेरि नोबल पुरस्कार पाइन् । पेरी क्युरीको सम्झनामा पेरिसमा क्युरी रेडियम संस्थाको स्थापना गरिन् । रेडियममा ज्यादा काम गर्दा उनको स्वास्थ्य कमजोर भएको थियो । उनको मृत्यु क्यान्सर रोगबाट १९३४ जुलाई ४ मा भयो । उनको सम्मानका लागि रासायनिक तत्त्वलाई क्युरियम (curium) र रेडियो तरङ्गलाई (curri) क्युरी नामकरण गरियो ।

क्रियाकलाप

१. जनरल गेहेन्द्रशमशेरले गरेका कामहरूको सूची बनाऊ ।
२. गेहेन्द्रशमशेरको स्वभाव र उनले गरेका आविष्कारका सम्बन्धमा साथीलाई एउटा चिठी लेख ।
३. म्याडम क्युरीको बाल्यकाल कसरी बित्यो, छोटकरीमा टिप्पणी गर ।
४. म्याडम क्युरीले विज्ञानको क्षेत्रमा गरेका योगदानहरूको सूची बनाऊ ।
५. म्याडम क्युरी र उनका सहयोगीले कुन पुरस्कार के काम गरेवापत पाए ?
६. गेहेन्द्रशमशेर र म्याडम क्युरीको जीवनीबाट तिमीले केकस्तो प्रेरणा पायौ, एक अनुच्छेद लेख ।

तिम्रो समुदायमा

आ- आफ्नो समुदायमा विज्ञान प्रविधि तथा सूचना प्रविधिसम्बन्धी काम गरिरहेका, वैज्ञानिक वा मेकानिकल तथा सूचना सङ्कलक कोही हुन सक्छन्, त्यस्ता व्यक्तिलाई भेटी उनीहरूले गरिराखेका कामको विवरण सङ्कलन गरी एउटा रिपोर्ट तयार गरी कक्षामा प्रस्तुत गर ।

शब्दार्थ

तार्किक = तत्त्व जान्ने, दार्शनिक
लहडी = लहड गर्ने स्वभावको, रसिक

पाठ – ७. सामाजिक सङ्घ संस्थाहरू

आमा र छोराबीचको संवाद

छोरा : आमा भोलि हामीले परोपकार संस्था र जेसिसको पाठ पढ्नु छ । मलाई पहिले परोपकार संस्थाको बारेमा बताई दिनुहोस् न !

आमा : ए ! तिमीहरूको पाठ त निकै अघि बढिसकेछ । ध्यान दिएर सुन है त ! परोपकार भनेको अरूको उपकार गर्नु हो । यो संस्था नेपालको सबैभन्दा पुरानो र पहिलो सामाजिक संस्था हो ।

छोरा : नेपालमा यो संस्था कहिलेदेखि सुरु भएको थियो र यसले केके काम गर्दछ ?

आमा : वि.सं. २००४ सालमा यो संस्था खुलेको हो । खासगरी सुरुमा यस संस्थाले औलो, विषमज्वर र हैजा लागेका बिरामीहरूलाई औषधी उपचार र सेवा गर्दथ्यो । पछि यसले आफ्नो सेवा क्षेत्र विस्तार गरेर दुःखी, गरिब तथा अनाथ बालबालिकाहरूका लागि विद्यालय र अनाथालयसमेत निर्माण गऱ्यो ।

छोरा : त्यस्तो विद्यालय र अनाथालय कहाँ छ त ! आमा ?

आमा : त्यस्तो विद्यालय र अनाथालयसमेत काठमाडौँको भीमसेन स्थानमा छदैँछ । विद्यालयको नाम परोपकार आदर्श विद्यालय र अनाथालयको नाम परोपकार अनाथालयको नामले प्रसिद्ध छ ।

छोरा : यस संस्थाले अरू पनि कामहरू गरेको छ कि ?

आमा : तिमीले ठीक भन्यौ । यसले अन्य जन उपकारी कामहरू धेरै गरेको छ । ध्यान दिएर सुन है त !

३.७ (क) परोपकारको लोगो

यस संस्थाले रोगी र बिरामीहरूलाई एम्बुलेन्स सेवा उपलब्ध गराएको छ । रक्तदान कार्य सञ्चालन गरेको छ । देशव्यापी रूपमा दान विभाग शाखा र प्राथमिक उपचार केन्द्र खोली निःशुल्क औषधीको व्यवस्था गरेको छ । काठमाडौँको थापाथलीमा परोपकार प्रसूतिगृह स्थापना गरेको छ ।

छोरा : यस्तो राम्रो कामको थालनी गर्ने परोपकारी व्यक्ति को होलान् नि ?

आमा : यस्ता परोपकारी व्यक्ति स्व. दयावीरसिंह कंसाकार हुन् । उनको जन्म १९६८ बैशाख २२ गते काठमाडौँमा भएको थियो । उनको मृत्यु चाहिँ २०५७ साल माघ २३ गते काठमाडौँमा भएको थियो ।

३.७ (ख) दयावीर सिंह कसांकार

छोरा : अब जेसिसको सम्बन्धमा पनि अलिकति बताई दिनुहोस् न !

आमा : यो संस्था संयुक्त राज्य अमेरिकाको मसुरीको सेन्ट लुइस सहरमा

स्थापना भएको हो। यसको पहिलाको नाम हरकुलानियम डान्स क्लब थियो । यसका संस्थापक हेनरी जिसेन वायर थिए । यसको मुख्य उद्देश्य परम्परागत नृत्यलाई बचाई राख्नु थियो।

छोरा : यसको नाम जेसिसमा कहिले परिवर्तन गरियो त ?

आमा : सन् १९१८ मा यस संस्थाको नाम junior chamber international जे.सी.आई. राखियो। यसको प्रधान कार्यालय अमेरिकाको चेस्ट फिल्ड पार्क वे द वेस्ट स्टेट २५० मा रहेको थियो।

३.७ (ग) जेसिसको लोगो

छोरा : यो संस्था नेपालमा पनि छ त ! आमा ?

आमा : यो संस्था नेपालमा वि.सं. २०२१ आश्विन २ गतेबाट सुरु भएको हो। यसको संस्थापक अध्यक्ष डा. भेषबहादुर थापा हुनुहुन्थ्यो। नेपालभरमा यस संस्थाका शाखा प्रशाखाहरू छन् ।

छोरा : जेसिसका उद्देश्य केके होलान् नि ! आमा ?

आमा : जेसिसको मुख्य उद्देश्य "युवावर्गको नेतृत्व क्षमता तथा विश्ववन्धुत्वको भावना विकास गरी विश्व समुदायमा योगदान पुऱ्याउनु हो।" अठार वर्षदेखि चालीस वर्षसम्मका युवाहरू यसका सदस्य हुन सक्छन्, बुझ्यौ ?

छोरा : अब त बुझें आमा ।

क्रियाकलाप

१. परोपकार संस्थाको स्थापना कहिले भएको थियो , यसका सुरुका प्रमुख कार्यहरू उल्लेख गर।
२. परोपकार संस्थाले गरिब, दुःखी, असहाय बालबालिका तथा महिलाहरूका निमित्त गरिरहेका उपकारका सम्बन्धमा एउटा टिप्पणी लेख ।
३. हरकुलानियम क्लवको स्थापना कहाँ र कसले गरेका थिए ?
४. जेसिसका प्रमुख उद्देश्यहरूलाई समेटेर एक अनुच्छेद तयार गर।

तिम्रो समुदायमा

आ-आफ्ना समुदायमा गई परोपकार र जेसिसजस्ता कुनै सामाजिक भलाई गर्ने संस्थाहरू वा समाज सेवामा लागेका व्यक्तिहरू हुन सक्छन्, खोजी गर। त्यस्ता संस्था वा व्यक्तिहरूले कुनै उद्देश्य राखी त्यसप्रकारका काम गरिरहेका होलान् त्यस्ता व्यक्तिहरूसँग अन्तर्वार्ता लेऊ र सो अन्तर्वार्तालाई समावेश गरी एउटा प्रतिवेदन लेखी र कक्षामा प्रस्तुत गर।

शब्दार्थ

विश्ववन्धुत्व = विश्वका सबै मानिसलाई दाजुभाइ सम्झने भावना

औलो = लामखुट्टेको टोकाइबाट सर्ने एक प्रकारको रोग

विषमज्वर = कहिले कम र कहिले बढी भएर आउने ज्वरो, काम ज्वरो

सारांश

यस एकाइमा तिमीले निम्नलिखित कुराहरू सिक्यौ :

- हाम्रो देशमा बसोवास गर्ने विभिन्न जातजातिहरू विभिन्न फूलका एउटै माला जस्तै हुन् भनी बताउन ।
- सामाजिक मूल्य र मान्यताहरू, संस्कृति, धर्म र चाडपर्वहरू सबैका साझा हुन् भन्ने उल्लेख गर्न ।
- हाम्रा आराध्य देवदेवी अलगअलग र आराधना गर्ने विधि बेग्लाबेग्लै भए पनि धार्मिक सहिष्णुतामा विश्वास गर्न ।
- चाडपर्वहरूका बारेमा प्रकाश पार्न ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्पदाहरूको पहिचान गरी तिनको संरक्षण र सम्वर्द्धनमा अग्रसर हुन ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्वहरूको परिचय लिई उनीहरूले देखाएको बाटो पहिल्याई अनुसरण गर्न ।
- सामाजिक भलाइका निमित्त खोलिएका सङ्घसंस्थानहरूको पहिचान गरी स्थानीय समुदायलाई सुसूचित गर्न ।
- स्थानीय सम्पदा, राष्ट्रिय अन्तर्राष्ट्रिय व्यक्तित्वहरू र सङ्घसंस्थाहरूको महत्त्व बुझी संरक्षण र सम्वर्द्धन गर्न ।
- स्थानीय स्मारकहरूको पहिचान गरी तिनीहरूको सदुपयोग गर्न ।
- अन्तर्वार्ता लिन र प्रस्तुत गर्न ।

एकाइ - ४.

समाज, सामाजिक समस्या र विकृतिहरू



विभिन्न जातका हाम्रा सामाजिक प्रचलनसँग ॥
सामाजिक असमानताका समस्याहरू जो छून् ॥
आयातित विकृतिलाई हटाई एक भईकन ।
समाधान गर्न सकौं भन्ने हो शुभभावना ॥

पाठ - १. सामाजिक प्रचलन

हाम्रो राष्ट्र भन्नु नै विभिन्न जातजाति, भाषा, संस्कृति र सभ्यताको साझा फूलबारी हो । यहाँ सबै धर्मावलम्बीहरू एक आपसमा हेलमेल र सौहार्द वातावरणमा रही आ-आफ्नो धर्म मानेका छन् । हाम्रो देशमा रहेका विभिन्न जातजाति र धर्म मान्ने मानिसहरूका आ-आफ्ना सामाजिक प्रचलन, परम्परा र संस्कारहरू छन् । तिनीहरूमध्ये केहीको वर्णन तल गरिएको छ ।

जाति	जन्म	विवाह	मृत्यु	प्रमुख चाडपर्वहरू
शेर्पा	बौद्ध परम्पराअनुसार लामाद्वारा न्वारन	मागी, जारी र प्रेम विवाह	बौद्ध परम्परामा तेस्रो, सातौँ र एघारौँ दिनमा नापुर कर्म	ल्होसार, दुम्जी, ओसो, आदि
राई	३ देखि ६ दिनमा न्वारन	मागी, प्रेम विवाहको प्रचलन	शवलाई गाड्ने, शव यात्रामा बन्दुक पड्काउने	चन्डीनाच (साकेला) न्वागी, वाडाङ्मेट
थारू	बच्चा जन्मेको ६ देखि ९ दिनमा न्वारान	मागी विवाह जारी र प्रेम विवाहको प्रचलन	ठाउँअनुसार शवलाई गाड्ने वा जलाउने	माघी (नयाँ वर्षका रूपमा) फागु आदि
बाहुन /क्षेत्री	हिन्दूपरम्पराअनुसार न्वारन, पास्नी र ब्रतबन्ध आदि	गोत्र छलेर मागी र प्रेम विवाह	हिन्दू परम्परामा शव जलाउने	दसैँ, तिहार, तीज, जनैपूर्णिमा, आमा/ बाबुको मुख हेर्ने
नेवार	बच्चा जन्मेपछि ४ देखि ११ दिन सम्ममा न्वारान	इही (बेलविवाह), मागी विवाह र प्रेम विवाह	आफ्नो धर्मअनुसार मृत्यु संस्कार सम्पन्न	जात्राहरू (क्वाटी खाने) तिहारमा म्हपूजा गर्ने चलन
मगर	११ देखि १५ दिनसम्म न्वारान	मामा चेली फुपुचेलोसँग विवाह र मागी, जारी विवाह	दसदेखि १३ दिन भित्रमा काजक्रिया	कोरा नाच, घाटु नाच, नाग पूजा, लुतो फाल्ने चलन
लिम्बू	बच्चा जन्मिएपछि छोरी भए तीन दिन र छोरा भए चार दिनमा न्वारान	मागी र चोरी विवाह	मरेको शवलाई तोकिएको मसानघाटमा लगेर गाड्ने	प्रकृतिको पूजा, वर्षको दुईपटक उधौली र उभौली पूजा

क्रियाकलाप

१. तिम्रो समाजमा चलिआएको सामाजिक प्रचलनको सूची तयार पारेर कक्षामा प्रस्तुत गर ।

२. हाम्रो देशमा मानिने चाडपर्वहरूको सूची तयार पारी कक्षामा प्रस्तुत गर ।

३. हामीले आफ्नो परम्परा जोगाउन केके गर्नुपर्छ, कक्षामा छलफल गरी टोली नेताबाट प्रस्तुत गर्न लगाऊ ।

४. आफ्नो जातिमा रहेको कुनै एउटा संस्कारलाई अभिभावकसँग सोधी एक अनुच्छेद लेख ।

तिम्रो समुदायमा

१. तिम्रो परिवारमा परम्परागतरूपमा चल्दै आएको संस्कार वा चाडपर्वमध्ये कुनै एक पर्व मान्दै आउनुको कुनै परम्परागत कारण हुन सक्छ । सो कुरा अभिभावकसँग सोधी त्यसको परम्परागत कारण र त्यसले के मुख्य सन्देश दिन खोजेको छ, त्यसलाई प्रस्ट पार्दै पालैपालो कक्षामा प्रस्तुत गर ।

२. तिम्रो जिल्लाभित्र आफू बसेको घर नजिकको गा.वि.स./न.पा.मा हुने जात्रा वा मेलाको अवलोकन गरी कक्षामा वर्णन गर ।

शब्दार्थ

जारी = अर्काकी श्रीमतीलाई फकाएर वा अपहरण गरेर आफ्नै श्रीमती बनाउंनु

नापुर = न्वारन

सूतक = बच्चा जन्मिएपछि न्वारन नगरिएसम्मको समय

पाठ – २. सामाजिक असमानता

काठमाडौँको सेतीदेवी गा.वि.स. अन्तर्गत एक गाउँमा भोलाप्रसाद सपरिवार बस्दथे । उनी ज्यादै रूढिवादी थिए । उनी धनी गरिब, जाति-पाति जस्ता सङ्कीर्ण विचार राख्दथे । उनको यस्तो व्यवहार र विचार देखेर घरका सदस्यहरू तथा छिमेकीहरू पनि दिक्क मान्दथे । जसले गर्दा समाजमा उनलाई कसैले पनि मन पराउँदैनथे ।

एकदिनको कुरो हो । भोलाप्रसाद बाटामा बेहोस भई लडेका थिए । उनैका छिमेकी धर्मबहादुरले देखेर उपचारार्थ अस्पताल पुऱ्याए । डाक्टरको सल्लाहअनुसार उनलाई रगत चाहिने भयो । उनको रगत जाँच्दा रगत "ओ पोजेटिभ" थियो । गाउँका व्यक्तिहरूलाई रगतका लागि गुहार्दा गाउँलेहरू रक्तदान गर्न तयार भए तर उनको रगतसँग मेल खाएन । धर्मबहादुर रगत जाँच्दा मेल खायो । धर्मबहादुरले खुशी हुँदै रगत दिए । भोलाप्रसाद बाँच्न सफल भए । भोलाप्रसाद धर्मबहादुरको रगतबाट आफू बाँच्न सफल भएको कुरा परिवार तथा गाउँलेहरूबाट थाहा पाए । उनले छुट्याउने गरेका मानिसकै जातिपातिका कारणबाट नयाँ जीवन पाए । यसपछि जातपात, छुवाछुत, नारीलाई अपहेलना, अपाङ्गलाई घृणा आदि त्यागी सकेसम्म मिलेर बस्ने, सबैलाई समेट्ने समानता र भातृत्वको भावना लिएर मानिस सबै एक जातको हो भन्ने कुरा यस अघि आफूले गरेको दुर्व्यवहारले उनलाई ज्यादै लज्जित बनाएको थियो ।



४.१ रक्तदान

भोलाप्रसादले धर्मबहादुरको घरमा गई एक गिलास पानी मागी पिए । आँखाबाट आँसु झार्दै मलाई माफ गर्नुस् भनेर पश्चात्ताप गरे । उनले धार्मिक र सांस्कृतिक आडम्बरीले आँखामा पट्टी लागेको कुरा महसुस गरे । व्यक्ति, समाज तथा देशको विकास सबै मिलेर नै सम्भव हुने रहेछ भन्ने कुरा बुझे । "मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन" भन्ने कुरा बल्ल थाहा पाए । सबै प्राणीहरूलाई हुने मानसिक पीडा आफूलाई जस्तै अरूलाई पनि हुन्छ भन्ने थाहा पाए । जन्मने वित्तिकै कुनै पनि व्यक्ति उसको कर्म र व्यवहारबाट श्रेष्ठ हुन्छ भन्ने कुरा बल्ल मैले बुझे । कसैप्रति नकारात्मक व्यवहार गर्ने छैन भनी प्रतिज्ञा गर्दै घरतिर लागे ।

क्रियाकलाप

१. सामाजिक असमानताबाट केकस्तो असर पर्न सक्छ, प्रस्ट पार ।

२. सामाजिक समानताका कुराहरूको सूची तयार पारी कक्षामा प्रस्तुत गर ।

३. सामाजिक असमानताबाट केकस्ता समस्याहरू आउन सक्छन् त्यसको समाधानका उपायबारे कक्षामा समूह बनाई छलफल गरी पालैपालो प्रस्तुत गर ।

४. सामाजिक समानता झल्किने चित्र बनाई कक्षा कोठामा टाँसी छलफल गर ।

५. "अनेकतामा एकता" बारे एउटा छोटो लेख ।

६. "मानिस ठूलो दिलले हुन्छ, जातले हुँदैन" भन्नाको तात्पर्यलाई प्रस्ट पार्दै कक्षामा छोटो प्रवचन देऊ ।

७. पहिलेको भोलाप्रसाद र अहिलेको भोलाप्रसादमा के अन्तर पाइयो, लेख ।

तिम्रो समुदायमा

१. तिम्रो समुदायमा सामाजिक असमानता होलान् । तिनबाट समाजमा पर्ने असर र त्यसको समाधानको लागि गर्नुपर्ने कुराहरूबारे गाउँका कुनै प्रबुद्ध व्यक्तिलाई भेटी त्यसको समाधानको उपायहरू सोधी एक रिपोर्ट तयार गर ।

२. तिम्रो समुदायमा धार्मिक कट्टरताको कारणले समानतामा बाधा पार्ने व्यक्ति छन् भने भोलाप्रसाद र धर्मबहादुरको घटनालाई सविस्तार सुनाएर प्रभावित पार ।

शब्दार्थ

कर्म = काम

श्रेष्ठ = ठूलो, महान्

प्रतिज्ञा = अठोट

पाठ – ३. सामाजिक समस्या

मद्यपान तथा नसालु पदार्थको सेवनले मानिसको भावना, चेतना तथा क्रियाकलापमा विकार र विकृति पैदा गर्दछ । यस्तो सेवनले नसाहरू कमजोर भई रक्तचाप, क्षयरोग आदि रोग लाग्न सक्छन् । त्यस्तो बानीले पारिवारिक कलह, साथीसँगको बेमेल हुन्छ । यसको रोकथामका लागि अभिभावकबाट मनोवैज्ञानिक ढङ्गबाट सानै उमेरदेखि नै आफ्ना बालबालिकाको क्रियाकलापप्रति विशेष ध्यान पुऱ्याउनुपर्छ । समाजमा पर्न सक्ने कुप्रभावका बारेमा जनचेतना जगाउनुपर्दछ ।

हाम्रो समाजमा चेलीबेटी ओसारपसार पनि एक समस्याको रूपमा रहेको छ । अभिभावकलाई आर्थिक, वैवाहिक सम्बन्ध गाँस्नेलगायतका विविध प्रलोभन देखाई चेलीबेटी फकाएर विदेशी पुऱ्याउने गरिन्छ । आर्थिकरूपमा कमजोर र पिछडिएको समाजमा यो समस्या चर्कोरूपमा रहेको छ । प्रभाव देखाई छोरी तथा दिदीबहिनीलाई बेच्न बाध्य तुल्याउँछन् । तसर्थ यस्तो कुरालाई निरुत्साहित गर्न समाजमा चेलीबेटी बेचविखनविरुद्धको अभियानलाई सशक्त बनाउनुपर्छ । यसका लागि अभिभावकको निगरानी, शिक्षाको प्रचारप्रसार, रोजगारमूलक शिक्षा आदिको व्यवस्था मिलाउनुपर्छ ।

त्यस्तै अर्को सामाजिक समस्याका रूपमा फजुल खर्च र अनावश्यक तडकभडक प्रदर्शन गर्ने प्रवृत्ति पनि रहेको छ । विवाह, व्रतबन्ध, लुगा, गहना, मेला पिकनिक, चाडपर्व आदि कार्यमा ठूलो धनराशि खर्च गर्ने आडम्बरी प्रवृत्ति हटाउनुपर्छ । आम्दानीको आधारमा खर्च गर्ने नीति लिनुपर्छ । आवश्यकताहरूको पहिचान गरी तिनीहरूको महत्त्वअनुसार वर्गीकरण गर्नुपर्दछ । बढी खर्च गरेमा ठूलो मानिस भइन्छ भन्ने सङ्कुचित मानसिकता हटाउनुपर्छ । अरू घोडा चढे भनेर आफूले धुरी चढ्नुहुँदैन ।

४.२ नारी दिवसको ब्याज र उद्घोषिका

महिलाहरूप्रति गरिने भेदभाव अर्को समस्याको रूपमा रहेको छ । राष्ट्रको आधाभन्दा बढी सङ्ख्या ओगटेको महिला एकै रथका दुई पाङ्ग्रा हुन् भनिए तापनि पुरुषको तुलनामा महिलाहरू अनेक प्रकारका यातनाबाट पीडित छन् । दार्शनिक अरस्तुले भनेका छन्, "नारीको उन्नति या अवनतिमा नै राष्ट्रको उन्नति या अवनति निर्धारित हुन्छ ।" यी विभिन्न सामाजिक समस्या समाधानका लागि शिक्षालाई नै प्रमुख साधनका रूपमा लिनुपर्छ । शिक्षाको सहायताले पछौटेपन, गरिबी आदि सामाजिक समस्या निराकरण गर्न सकिन्छ ।

हाम्रा प्रमुख सामाजिक समस्याहरू जुवातास, चोरी, डकैती, लुट, तोडफोड, बलात्कार, भ्रष्टाचार, घुसखोरी, अनमेल विवाह, बालविवाह आदि हुन् । सामाजिक समस्या उत्पन्न हुने कारणहरूमा शिक्षा तथा चेतनाको कमी, स्वदेशी सीपको प्रयोगको अभाव, जनसङ्ख्या वृद्धि, बेरोजगारी, गरिबी हुन् । सामाजिक समस्याले गर्दा नै विकृतिको जन्म हुन्छ । यसले सारा राष्ट्र र समाजलाई नै विगार्दछ । त्यसैले सामाजिक समस्याहरूको पहिचान गरी समयमै निराकरणका उपायहरू अवलम्बन गर्नु जरुरी देखिन्छ ।

क्रियाकलाप

१. सामाजिक समस्या भनेको के हो, छोटो परिचय देऊ ।

२. तिम्रो समुदायमा भएका सामाजिक समस्याहरूको सूची तयार पार ।

३. सामाजिक समस्या झल्कने एउटा चित्र बनाऊ ।

४. "महिला तथा पुरुष एक रथका दुई पाङ्ग्रा हुन्" भन्ने भनाइलाई प्रस्ट पार्दै एउटा कथा बनाऊ र कक्षामा प्रस्तुत गर ।

५. "घरकी महिला शिक्षित भए घरको सम्पूर्ण परिवार शिक्षित हुन्छ" भनाइको तात्पर्यलाई पुष्टि पार ।

६. समाजको एक खराब व्यक्तिले अरूहरूलाई पनि खराब बनाउँछ भन्ने कुरासँग तिमी सहमत भए सहमतिको पक्षमा र असहमत भए असहमतिको पक्षमा तर्क प्रस्तुत गर ।

तिम्रो समुदायमा

१. तिम्रो समुदायमा बढ्दै गइरहेको कुनै चारओटा सामाजिक समस्याहरूबारे अभिभावक तथा बूढापाका व्यक्तिसँग सोधी कक्षामा प्रस्तुत गर ।

२. सामाजिक समस्यालाई समाधानको उपायबारे छलफल गरी निष्कर्षमा पुगेको विचारलाई प्रचारप्रसार गरिदिनु हुन भन्ने गा.वि.स.को प्रमुखलाई पत्र लेख ।

पाठ - ४. सामाजिक विकृति

सेराचौर,कास्की
मिति : २०६०।४।१

प्यारो भाइ शङ्कर
शुभ आशीर्वाद!

तिमीले पठाएको पत्रमा समाजमा रहेका विकृतिसम्बन्धी जानकारी मागेका रहेछौ । म तिमीलाई यस सम्बन्धमा जानकारीका लागि यो पत्र लेख्दै छु । तिमीले यसबारे जानकारी प्राप्त गरी समाजमा जुन व्यक्ति विकृतिबाट ग्रसित छन्, त्यस्ता व्यक्तिलाई आवश्यक ज्ञान दिई सही बाटोमा ल्याउने प्रयास गर्नेछौ भन्ने विश्वास लिएको छु । सामान्यतया विकृति भनेको नसुहाउँदो, खराबी जस्ता कुराको अर्थ हुन्छ । त्यस्तै सामाजिक विकृति भनेको समाजलाई नसुहाउने काम गर्ने, परम्परागत असल धारणालाई विश्वास नगर्ने एवम् उसको देखासिकी गरी आफ्नो मौलिक पक्ष छाड्ने प्रवृत्तिलाई भनिन्छ ।

अहिले हाम्रो देशमा विदेशी नक्कल गर्ने कार्य बढ्दै गएको छ । बाहिरी संस्कृतिको प्रभावमा परेर विस्तारै आफ्नो मौलिकपनलाई छाड्नुका साथै अरूहरूको अनुसरण गर्ने चलन बढेको छ । हाम्रो समाजमा आफ्नै परापूर्वकालदेखि चलिआएका आफ्नै किसिमका मान्यताहरू छन्, जस्तै, अतिथि सत्कार, आफूभन्दा ठूलालै भनेको मान्ने, सबैलाई आदर र माया गर्ने, गुरु आमाबाबुलाई ईश्वरको रूप मान्ने, मेला जात्रा भर्ने, चाडपर्वहरू मनाउने आदि विशिष्ट मान्यताहरू छन् । हामीले यी मान्यताहरू पुर्खादेखि पालन गर्दै आएका छौं । हामीले आफ्ना मान्यता बिर्सेर अरूको देखासिकी गर्न लागेका छौं । यस्तो हुनुमा हामीले सिनेमा तथा टेलिभिजनलाई दोष दिने गरेका छौं तर यी कुरा पूर्णतया सत्य होइनन् । टेलिभिजन, सिनेमाबाट हामीले फाइदा लिन सक्छौं । टेलिभिजनमा देखाइने कुरामा रामो तथा नरामा दुवै हुन सक्छन् । त्यसमा हामीले रामा कुरा लिनुपर्छ । हामीले रामा कुरा लिन



४.३ लागूपदार्थ सेवन गर्दा हुने परिणाम

सक्यौं भने समाजमा भएका रहनसहन, सांस्कृतिक परम्परा, धार्मिक गतिविधि, मौलिक भेषभूषा, गीत, सङ्गीत, वाद्यवादन आदि जस्ता कुरामा कुनै नकारात्मक प्रभाव पर्दैन ।

हामीले समाजमा अनुशासनमा बस्ने, आदर सत्कारलाई आफ्नो धर्म मान्ने, आफूखुसी नगर्ने, सद्भाव जगाउने बानीको विकास गर्नुपर्छ । बाहिरी संस्कृतिको प्रभावमा परेर आफ्नो मौलिक शैलीलाई छाड्न हुँदैन । हाम्रो मौलिक संस्कृति हाम्रो समाज तथा देशको अमूल्य सम्पत्ति हो । हाम्रो आफ्नो मूल्य, मान्यता तथा साँस्कृतिक विकासका विविध पक्षबाट नै हाम्रो समुदाय, राष्ट्र सभ्य र समृद्ध बन्छ भन्ने कुराको पालना गर्नेछौ भन्ने भरोसा गर्दछु । आजलाई यति मात्र पुनः अर्को पत्रमा ।

तिम्री दिदी

निस्मा

क्रियाकलाप

१. सामाजिक विकृति भनेको के हो, छोटो परिचय देऊ ।

२. सामाजिक विकृतिको सूची तयार गरी कक्षामा प्रस्तुत गर ।

३. सामाजिक विकृतिले हाम्रो सामाजिक मूल्य र मान्यतालाई कसरी असर पारेको छ पुष्टि गर ।

४. "एउटा कुहिएको आलुले सम्पूर्ण आलुलाई खराब पार्छ" यो भनाइलाई आफैंले सोचविचार गरी तर्क देऊ ।

तिम्रो समुदायमा

१. तिम्रो समुदायमा सामाजिक विकृतितिर उन्मुख व्यक्ति पत्ता लगाई यसबाट हुने हानि र त्यसको रोकथामको उपायबारे कक्षामा छलफल गरी प्रस्तुत गर ।

२. तिम्रो समुदायमा रहेका बूढापाका व्यक्तिसँग सम्पर्क गरी उनीहरूसँग पहिले र अहिले देखिएको रहनसहनको परिवर्तनबारे बुझ । अनि त्यसको राम्रा र नराम्रा पक्षको तुलना गर्दै प्रतिवेदन लेख ।

शब्दार्थ

अनुसरण = अरूको नक्कल गर्ने प्रवृत्ति

पाठ - ५. सामाजिक विकृतिबाट बचाउन स्थानीय निकायको भूमिका

चोरी, डकैती, जुवातास, चेलीबेटी बेचविखन, लागू पदार्थको दुव्यर्सन आदि सामाजिक समस्या र विकृतिहरू हुन् । यी विकृतिहरूले समाजको क्रमिक विकासमा बाधा पुऱ्याउँछन् । सभ्य समाज निर्माण गर्न यस्ता विकृतिहरू हटाउनुपर्दछ । त्यसका लागि व्यक्ति एक्लैले केही गर्न सक्दैन । सबैजना मिलेर सबैको सहयोगबाट सामाजिक विकृतिहरूलाई हटाउँदै लैजान सकिन्छ ।

समाजमा देखापरेका सामाजिक विकृति हटाउन गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिले ठूलो योगदान दिएका छन् । गाउँ विकास समितिले गाउँमा जुवातास खेल्न प्रतिबन्ध लगाई त्यसमा संलग्न मानिसहरूलाई रचनात्मक कामतिर लगाउन प्रेरित गरेका छन् । चेलीबेटी बेचविखनविरुद्ध जनतालाई सचेत गराउने गरेका छन् । यस्तै नगरपालिकाले पनि आफ्नो क्षेत्रमा चोरी, डकैती हुन नदिन रातभरि टोलको सुरक्षाका लागि व्यवस्था गरेको हुन्छ । यस्तो व्यवस्थाले चोरी, डकैती हुनबाट बचाउँछ ।

जिल्ला विकास समितिले आफ्नो जिल्लामा हुने यस्ता गतिविधिलाई नियन्त्रण गर्न बेलाबेलामा जनचेतना जगाउने कार्यक्रम सञ्चालन गर्दछ । जनतालाई सचेत बनाई सामाजिक विकृतिहरूबाट बचाउने काममा जि.वि.स.को महत्त्वपूर्ण भूमिका हुन्छ । जिल्ला विकास समितिले गाउँ विकास समिति र नगरपालिकाहरूलाई सामाजिक विकृति हटाउन विभिन्न कार्यक्रम सञ्चालन गर्न सुझाव, सल्लाह र निर्देशनका साथै स्रोत र साधन दिन्छ । यही अनुरूप गाउँ विकास समिति र नगरपालिकाले समाजमा हुने र भइरहेका सामाजिक विकृतिहरू हटाउन विभिन्न चेतनामूलक कार्यक्रम गर्दछन् । प्रत्येक टोल, छिमेक र गाउँमा जनजागरण गराउने, विभिन्न सन्देशमूलक

४.४ नशा सेवन गर्नेलाई चेतावनी

कार्यक्रम सञ्चालन गराउने, स्वास्थ्य शिक्षा दिने, सामाजिक विकृतिलाई बढावा दिने उपर दण्डात्मक कार्य गर्ने जस्ता क्रियाकलापमा स्थानीय निकायबाट गरिन्छ। यस्ता कार्यले समाजमा हुने सामाजिक विकृतिहरू निराकरण गर्न सबैको सहयोग प्राप्त हुन्छ। सबैको सहयोगबाट सामाजिक विकृतिहरू हटाई समाजलाई सभ्य र प्रगतितिर उन्मुख गराउनु नै आजको अपरिहार्य आवश्यकता हो। यसमा गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिका साथै सरकारी र गैरसरकारी अन्य सङ्घसंसस्थाको भूमिका पनि महत्त्वपूर्ण हुन्छ।

क्रियाकलाप

१. समाजको विकासमा सामाजिक विकृतिले कसरी बाधा पुऱ्याउँछन्, एक अनुच्छेद लेख।

२. सामाजिक विकृति हटाउन गाउँ विकास समिति/ नगरपालिकाले केकस्ता कामहरू गर्नुपर्ला, त्यसको सूची बनाई प्रस्तुत गर।

३. जिल्ला विकास समितिले सामाजिक विकृति हटाउनका लागि केकस्ता कामहरू गरेका छन्, लेख।

४. "समाजलाई प्रगतितिर उन्मुख गराउन सबैको सहयोग जरुरी छ" यस भनाइलाई पुष्टि गर।

तिम्रो समुदायमा

तिमी गा.वि.स./न.पा.का आफ्नो वडामा जाऊ। सामाजिक विकृति हटाउन गा.वि.स / न.पा.ले केकस्ता कामहरू गरेको छ, सोधपुछ गरी त्यसको सूची बनाऊ र सूचीकृत गरिएकामध्ये कुनै एक विकृति हटाउन गर्नुपर्ने कार्यबारे एक लेख तयार गर।

शब्दार्थ

दण्डात्मक = सजाय गर्नुपर्ने भएको

सारांश

यस एकाइमा तिमीले निम्नलिखित कुराहरू सिक्यौ :

- विविध किसिमका सामाजिक प्रचलनको परिचय दिन ।
- सामाजिक प्रचलनको सूची तयार पार्न ।
- सामाजिक प्रचलनको उपयोगिताबारे प्रस्ट पार्न ।
- सामाजिक असमानताको परिचय दिन ।
- सामाजिक असमानतामा देखिएको समस्याको समाधान गर्न ।
- सामाजिक विकृतिहरूबारे सूची तयार पार्न ।
- सामाजिक विकृति रोक्ने उपाय पत्ता लगाउन ।
- सामाजिक विकृतिबाट हुने बेफाइदा प्रस्ट पार्न ।
- विभिन्न किसिमका सङ्घसंस्थाको भूमिका बताउन ।
- समाजमा विद्यमान रहेको विकृतिको पहिचान गरी समाचार बनाई पत्रिकामा पठाउन ।
- सामाजिक विकृति हुन नदिन विभिन्न स्थानीय निकायको भूमिका बताउन ।
- सामाजिक सङ्घ-संस्थाले गरेको योगदानबारे संवाद तयार पार्न ।
- सामाजिक विकृतिबाट बच्ने उपायको खोजी गर्न ।

एकाइ - ५.

नागरिक दायित्व



असहाय, वृद्ध,महिला, बालक- बालिका प्रति
नागरिकहरूले यिन्को चाहनुपर्छ उन्नति ।
असक्तहरूको रक्षा गरी देश विकासको
यही संदेश छ हाम्रो नेपाली संविधानको ।

पाठ – १. बालअधिकार र कर्तव्य

हाम्रो देश नेपालले बालबालिकाको हक र अधिकारको संरक्षणका लागि कानुनी रूपमा मान्यता दिएको छ । बालअधिकारसम्बन्धी जेनेभा महासन्धिमा हस्ताक्षरसमेत गरेर यसप्रति प्रतिबद्धता जनाइसकेको छ । नेपालले मूल रूपमा बालअधिकारको संरक्षणका निमित्त निम्न प्रयासहरू गर्दै आएको छ :

१. बालबालिकालाई नि:शुल्क शिक्षा प्रदान गर्ने व्यवस्था क्रमश: गर्दै जाने ।
२. राज्यले अनाथ बालबालिका, असहाय महिला, बृद्ध, अपाङ्ग र अशक्तहरूको संरक्षण र उन्नतिका लागि शिक्षाको विशेष व्यवस्था गर्ने ।

"बालबालिकाहरूले अभिभावकका अपराधबाट दुःख पाइरहेका छन् ।"

काठमाडौं, माघ । १५/१८ वर्षमुनिका बालबालिकाहरू अभिभावकहरूले अपराध गरी जेलमा परेकाले दुःख पाइरहेका छन् । गैरसरकारी संस्थाले यस्ता बालबालिकाहरूका आवास तथा शिक्षाका निमित्त आवश्यक व्यवस्था गरिरहे तापनि यस्ता बालबालिकाहरूको सङ्ख्या बढ्दै गएको हुनाले यस्ता संस्थाले आर्थिक सङ्कटको सामना गर्नु परिरहेको छ ।

स्रोत: द राइजिङ् नेपाल

शिक्षासम्बन्धी बालअधिकार

(क) नि:शुल्क शिक्षा

(ख) अनिवार्य शिक्षा

(ग) समान स्तरको शिक्षा

बालबालिकाका कर्तव्य

- माता पिता तथा गुरुवर्गलाई आदर गर्नु
- राष्ट्रप्रति भक्ति देखाउनु
- अरूले भनेको कुरा ध्यान दिएर सुन्नु
- स्वास्थ्य सफाइमा ध्यान दिनु

५.१ बालबालिकाहरू विद्यालयमा खेलिरहेको

उपत्यका समाचारदाता

काठमाडौं, पुस २७ । नेपालका विभिन्न जिल्लामा लागू गरिएको पूर्व प्राथमिक शिशु विद्यालयसम्बन्धी औपचारिक शिक्षाबाट वार्षिक १७ हजार शिशु बालबालिकाहरू लाभान्वित हुने गरेका छन् । तीन वर्षदेखि पाँच वर्षबीचका बालबालिकाहरूलाई खेल्दाखेल्दैको अवस्थाबाट अध्ययनमा रुचि जगाउन वि.सं. २०५० सालदेखि सुरु गरिएको यस कार्यक्रमबाट पचास हजार शिशु बालबालिकाहरूले लाभ उठाई सकेको पूर्व प्राथमिक विद्यालय, बालमन्दिर परियोजनाको तथ्याङ्कले देखाएको छ ।

यस कार्यक्रमअन्तर्गत शिशु बालबालिकाहरूलाई गीत, कथालगायतका क्रियाकलापबाट अध्ययनमा जागरूक गराउने, सोसम्बन्धी प्रशिक्षण दिने गरेको प्रशिक्षक सुशीलाले बताउनुभयो । कतिपय विद्यालयका शिक्षकहरूले कक्षामा गएर सोझै पढाउँदा बालबालिकाहरूले पढाएको नबुझ्ने हुँदा उनीहरूलाई यस किसिमको माध्यमबाट पढाउँदा छिटो र छरितो तरिकाले सिक्ने अर्की प्रशिक्षिका सबिताको भनाइ छ ।

गरिब, असहाय र स्कुल जानबाट बञ्चित बालबालिकाहरूका लागि शिक्षाको उज्यालो घामपट्टि अग्रसर गराउन लक्षित परियोजना देशको २५ जिल्लामा लागू छ भने हाल यसैसँग सम्बन्धित ८५० शिशु विद्यालय सञ्चालन गरिएको छ । यस परियोजनाको कार्यक्रम सञ्चालनमा ७५ प्रतिशत लगानी स्थानीय सङ्घसंस्था, समुदाय, गाउँ विकास समितिबाट जुटाउने र बाँकी परियोजना आफैंले व्यहोर्ने छ । यस्ता विद्यालय देशका ७५ जिल्लामा स्थापित बालमन्दिरको सञ्चालन विधिअनुसार नै चलेको पाइन्छ ।

साभार : गोरखापत्र २०५९ पुस २७

क्रियाकलाप

१. माथिका सम्पूर्ण विषयवस्तुलाई समेट्ने गरी समाचार बनाई कक्षामा सुनाऊ ।
२. बालअधिकारसम्बन्धी विचार गोष्ठीको कार्यक्रम बनाई कार्यक्रमअनुसार गोष्ठी सञ्चालन गर ।
३. तिमीले आफ्ना मान्यजन तथा ठूलाहरूको आदर र सम्मान गर्ने गरेको र उहाँहरूबाट माया र सद्भाव पाउने गरेको कुरा बयान गर्दै आफ्नो साथीलाई चिठी लेखेर कक्षामा सुनाऊ ।

तिम्रो समुदायमा

१. तिम्रो समुदायमा शिक्षाको उज्यालो घामबाट बञ्चित बालबालिकाहरू हुन सक्छन्, तिनीहरूको तथ्याङ्क सङ्कलन गर ।
२. विद्यालय जान नचाहने वा आर्थिक सामाजिक अथवा अन्य कुनै कारणले विद्यालय नगएका बालबालिका भए तिनलाई आफूले सक्दो सहयोग पुऱ्याऊ र आफूले गरेको सहयोग कक्षामा आई सुनाऊ ।

शब्दार्थ

बालमन्दिर = बालबालिकाहरूको शिक्षादीक्षा तथा हेरविचार गर्ने संस्था

पाठ – २. बालअधिकारप्रति नागरिक दायित्व

आज कक्षा ८ मा बालअधिकारप्रति नागरिकको दायित्व सम्बन्धमा विचार गोष्ठी छ। त्यसमा प्रस्तुत गर्न तयार गरिएको कार्यपत्र तल दिइएको छ।

आदरणीय सभापतिज्यू, प्रमुख अतिथिज्यू, गुरुवर्ग तथा विद्यार्थी साथीहरू !

आज यस गरिमामय समारोहमा बोल्ने अवसर दिनुभएकोमा आयोजकहरू प्रति आभार व्यक्त गर्दछु। बालबालिकाले दीर्घ जीवन बाँच्न पाउनु बालअधिकारसम्बन्धी महासन्धिको एक आधारभूत सिद्धान्त हो तर स्वास्थ्यसम्बन्धी अज्ञानताका कारण बर्सेनि हजारौँ बालबालिकाहरूको मृत्यु हुने गरेको छ। हाल नेपालमा ९१ जना प्रतिहजार बालबालिकाको विभिन्न रोग तथा कुपोषणबाट मृत्यु हुने गरेको छ। यसलाई कम गर्न हामी विद्यार्थीहरूले पनि योगदान पुऱ्याउन सक्छौँ। हामीले गाउँगाउँमा गएर घर वरिपरि सफा राख्ने, दिसापिसाब चर्पीमा गर्ने, दिसापिसाब गरिसकेपछि साबुन पानीले हात धुने, हरियो सागपात तथा फलफूल आफ्नै करेसाबारीमा उमार्ने र नियमितरूपमा खाने र कुपोषण हटाउने, बच्चा जन्मने वित्तिकै आमाको बिगौती दूध ख्वाउने, झाडापखाला लागेमा जीवनजल बनाएर खान दिने, पाँच वर्षमुनिका बालबालिकाहरूलाई पोलियो खोप दिन लगाउने कुरामा नागरिक समाजलाई सचेत गराउन सक्छौँ। यति भन्दै म आफ्नो भनाइलाई यही टुङ्ग्याउँछु। धन्यवाद।

५.२ बालबालिकालाई सहयोग

गोष्ठीको कार्यक्रम मिति : २०६०।१।१

विषय : बालअधिकारप्रति नागरिक दायित्वसम्बन्धी

गोष्ठी समय :
- १०:०० - १०:०५ : प्रमुख अतिथि तथा सभापतिको आसन ग्रहण
- १०:०५ - १०:१५ : कार्यपत्र प्रस्तुत
- १०:१५ - १०:२० : विशेषज्ञद्वारा टिप्पणी
- १०:२० - १०:२५ : प्रमुख अतिथिबाट मन्तव्य
- १०:२५ - १०:३० : सभापतिबाट मन्तव्यको साथै सभा विसर्जन

कार्यपत्रसम्बन्धी टिपोट

बालअधिकारसम्बन्धी सचेतनाअभिवृद्धि गर्न विभिन्न निकाय तथा संस्थाहरूद्वारा शिक्षक, विद्यार्थी, सामाजिक कार्यकर्ता, पत्रकार, बालबालिकासमेत समाजका विभिन्न तह र वर्गका समुदायहरू, प्रहरी,

जनप्रतिनिधि, जिल्ला बालकल्याण समितिसमेतलाई सहभागी बनाई धेरै नै तालिम कार्यक्रमहरू सञ्चालन गरिए ।

१९९८ इ. को बालश्रमविरुद्ध विश्वयात्रामा देशभरिका एक हजारभन्दा बढी सङ्घसंस्था सामेल भए ।

बालबालिकाको विषयलाई कसरी हेरिएको छ ?

"परोपकारी" कार्यका रूपमा हेर्ने दृष्टिकोणमा परिवर्तन आई यसलाई समाज विकासको एक अभिन्न अङ्गका रूपमा लिई बालबालिकाको अधिकार र राज्यको दायित्वका रूपमा लिन थालिएको छ । संविधान निर्माणदेखि राजनीतिक दलहरूको चुनावी घोषणापत्रसम्ममा बालबालिकाको विषयलाई स्थान दिइएको छ ।

- बालबालिकाहरूका हितलाई ध्यानमा राखी राष्ट्रले बालबालिकासम्बन्धी ऐन २०४८, बालबालिकासम्बन्धी नियमावली २०५१, बालश्रम नियमावली २०५१, बालश्रम निषेधित र नियमित गर्ने ऐन २०५६ निर्माण गरेको छ ।
- बालअधिकारको कुरालाई सरकारी, गैरसरकारी संस्था, नागरिक समाजले बढी गम्भीरतापूर्वक लिएको छ । सन् १९९५ मा बुझाइएको बालअधिकारसम्बन्धी महासन्धिको प्रारम्भिक प्रतिवेदन निर्माण प्रक्रियामा गैरसरकारी संस्था एवम् बालबालिकासमेतको सहभागिता रहेको थियो । उक्त प्रतिवेदन निर्माणदेखि त्यसमा भएका छलफलका कुरालाई सञ्चार माध्यमबाट सार्वजनिक गरियो ।

क्रियाकलाप

१. तिम्रो पाठशालामा पनि "बालअधिकारप्रति नागरिकको दायित्व" भन्ने शीर्षकमा गोष्ठीको आयोजना हुने भएको छ । तिमी नै गोष्ठीको आयोजक तथा कार्यपत्र प्रस्तोता भएको हुँदा माथि दिइएका नमुनाका आधारमा एक दिनको एक घण्टाको कार्यक्रम बनाऊ र पाठका विषयवस्तु र आफूले पाउने समाचारपत्र वा लेखसमेत समावेश गरी एक कार्यपत्र तयार गर ।

२. माथि उल्लेख गरिएको कार्यपत्रमा तिमीलाई टिप्पणी गर्न दिइएमा तिमीले केके सुझाव दिनेछौ, बुँदागतरूपमा सुझाव लेखेर कक्षामा सुनाऊ ।

तिम्रो समुदायमा

१. तिमी आफ्नो समुदायमा जाऊ र विद्यालय समयमा कुनकुन बालबालिकाहरू घरमा बसेका छन् र यी पाठशाला जाने उमेरका बालबालिकाहरू किन घरमा बसेका हुन् पत्ता लगाई प्रतिवेदन तयार गर ।

२. तिम्रो समुदायमा बालबालिकाहरूका हितका निम्ति अभिभावकहरूबाट भएका सहयोगसम्बन्धी प्रश्न सोधेर प्राप्त जवाफको आधारमा कथा तयार गरेर कक्षामा सुनाऊ ।

शब्दार्थ

महासन्धि = ठूला सहमति

पाठ – ३. व्यवस्थापिका

कुनै पनि राष्ट्रको प्रजातान्त्रिक सरकारले ऐन, कानुन, नीति, नियम बिना जनहित र जनउत्तरदायी काम गर्न सक्दैनन् । न राष्ट्रको विकासमा नै योगदान पुऱ्याउन सक्दछ । त्यसैले यस्तो प्रजातान्त्रिक शासनव्यवस्थामा जनताले मन पराएका व्यक्तिहरूलाई जनताबाटै निर्वाचित गरेर राष्ट्रको नीतिनिर्माण गर्ने तहमा पुऱ्याइन्छ जसलाई प्रजातान्त्रिक शासन व्यवस्था भनिन्छ । यसरी जनताबाट निर्वाचित प्रतिनिधिहरूको प्रतिनिधिमूलक संस्थालाई नै व्यवस्थापिका भनिन्छ ।

यस्तो व्यवस्थापिकाले राष्ट्रका हरेक क्षेत्र, वर्ग, जातजाति, वर्ण, लिङ्ग आदि सबै जनताको हित, उन्नति, समुन्नति र कल्याणको उद्देश्य राखेको हुन्छ । राष्ट्रमा देखिने विविध समस्याहरूको पहिचान गरी त्यस्ता समस्याहरूको समाधानका लागि आवश्यक ऐन, कानुन तथा नीतिहरूको निर्माण गर्दछ ।



५.३ प्रतिनिधिसभा

"जनताको जनताद्वारा जनताका लागि गरिने शासनव्यवस्था नै प्रजातन्त्रको आदर्श हो ।" भन्ने प्रजातन्त्रका बारेमा दिएको अब्राहम लिङ्कनको परिभाषाको मूल सार नै प्रतिनिधिमूलक शासन व्यवस्था हो । व्यवस्थापिकामा निर्वाचित भएर आएका जनप्रतिनिधिहरूको प्रतिनिधित्त्व गर्ने हुँदा यिनले गर्ने सबै कामकारवाही तथा ऐन, कानुन एवम् नीतिहरूको निर्माण जनताको हित अनुकूल हुनुपर्दछ ।

विश्वका कतिपय राष्ट्रले व्यवस्थापिकासम्बन्धी आ-आफ्नै किसिमका विभिन्न व्यवस्था गरेका हुन्छन् । राष्ट्रको जनसङ्ख्या, क्षेत्र, भौगोलिक अवस्था आदिका आधारमा यसको निर्वाचन प्रक्रिया र सदस्यसङ्ख्या एवम् कार्यविधि निर्धारण गरिएको हुन्छ, जुन व्यवस्था एकअर्का राष्ट्रसँग मिलेको नहुन पनि सक्छ ।

तसर्थ आज विश्वका सबै प्रजातान्त्रिक राष्ट्रहरूमा यस्तो प्रतिनिधिमूलक शासन व्यवस्था निकै लोकप्रिय र प्रभावकारी हुँदै गइरहेको छ ।

हाम्रो देशमा जनताबाट निर्वाचित जनप्रतिनिधिहरू रहेको व्यवस्थापिका रहने गरेको छ ।



सांसदको प्रतीक चिह्न

क्रियाकलाप

१. व्यवस्थापिका भनेको के हो ?

२. व्यवस्थापिकाको आवश्यकता सम्बन्धमा समाचार बनाई कक्षामा प्रस्तुत गर ।

३. हामीले निर्वाचित गरेर पठाएका प्रतिनिधिहरूले व्यवस्थापिकामा कस्तो भूमिका खेलेका हुन्छन् ? संवाद तयार पार ।

४. व्यवस्थापिकाले मूलरूपमा कुन कार्य गर्दछ ? लेख ।

५. तिमीले कक्षा कोठामा विभिन्न काल्पनिक दलको प्रतिनिधिहरूको निर्वाचन गर्ने कार्यक्रम बनाऊ र कक्षामा निर्वाचन गराई परिणाम घोषित गर । निर्वाचनमा भाग लिनेले दलको घोषणापत्र तथा निर्वाचन पोस्टर पनि बनाउनुपर्नेछ ।

तिम्रो समुदायमा

तिम्रो समुदायमा कुनै व्यवस्थापिकासँग सम्बन्धित जनप्रतिनिधि भएमा उनीसँग सोधेर उनले वहन गर्नुपर्ने जिम्मेवारीहरूको एक सूची तयार पार ।

पाठ - ४. कार्यपालिका

राज्यको दोस्रो महत्त्वपूर्ण अङ्ग कार्यपालिका हो । यो सरकारको कार्य सञ्चालन गर्ने मुख्य अङ्ग भएकाले यसको प्रभाव व्यापक हुन्छ । कार्यपालिकाले राज्यको नीतिको तर्जुमा र व्यवस्थापिकाद्वारा पारित कानुनको कार्यान्वयन गर्छ । संविधान र अन्य कानुनको अधीनमा रही राज्यको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने कार्यकारी अङ्ग कार्यपालिका हो । यसमा मुलुकको सर्वोच्च प्रशासनदेखि लिएर कार्यान्वयनस्तरको तल्लो प्रशासनिक ओहदासम्मका कर्मचारी समावेश हुन्छन् । राष्ट्रपति, मन्त्रिमण्डल इत्यादि यसअन्तर्गत पर्दछन् । यसले प्रशासनिक दक्षताका आधारमा भर्ना गरिएका प्रशासनको सचिवदेखि पियनसम्मका कर्मचारीको देशव्यापी सञ्जाल अर्थात् कर्मचारीतन्त्रमार्फत आफ्नो कार्य गर्दछ ।

आधुनिक युगमा कार्यपालिकाको महत्त्व दिनहुँ बढिरहेको छ । पहिलेपहिले कार्यपालिकाको कार्य कानुनी व्यवस्था कायम राख्न र राजस्वको असुली गर्नु मात्र थियो भने आज राज्य भन्ने बित्तिकै कल्याणकारी राज्य भन्ने बुझिन्छ । आज शान्ति र सुव्यवस्थाका अतिरिक्त राष्ट्रिय विकासका हरेक क्षेत्रमा सरकारको जिम्मेवारी ठानिन्छ । सरकारको नाममा जनताको गाँस, वास, लत्ताकपडा, शिक्षा, स्वास्थ्य, रोजगारी सुरक्षा जस्ता सबै कार्य कार्यपालिकाले सम्पादन गर्नुपर्छ । कार्यपालिकाले गर्नुपर्ने अन्य कार्यहरू जस्तै: प्रशासनिक कार्य, सैन्यकार्य, कूटनीतिक कार्य, व्यवस्थापकीय कार्य, आर्थिक र वित्तीय कार्य आदि पर्दछन् ।

कार्यपालिकाको मुख्य काम देशमा शान्ति र सुव्यवस्था कायम राख्न, कानुनको पालना गर्न लगाउने एवम् पालना भए नभएको हेर्ने पनि हो ।

सेना, सेनापति र सेनाका अन्य महत्त्वपूर्ण पदाधिकारीहरूको नियुक्ति गर्ने र आवश्यक परे बर्खास्त गर्ने कार्यका साथै बाहिरी देशले आक्रमण गरेमा देशको रक्षा गर्ने काम पनि कार्यपालिकाले गर्दछ जुन सैन्यकार्यअन्तर्गत पर्दछ । विदेशी राज्यहरूसँग सम्बन्ध विस्तार गर्ने काम पनि कार्यपालिकाले गर्दछन् । विभिन्न विषयवस्तुसँग सम्बन्धित अध्यादेशहरू जारी गर्ने काम कार्यपालिकाले गर्दछ । संवैधानिक परिषदको सिफारिसमा संवैधानिक अङ्ग प्रमुख र सदस्यहरूको नियुक्ति पनि कार्यपालिका प्रमुख वा राष्ट्र प्रमुखले गर्ने चलन छ ।

अदालतद्वारा सजाय तोकिएका व्यक्तिको सजायको अवधिलाई कम गर्ने, आममाफी दिने जस्ता काम पनि कार्यपालिकाले गर्दछ । कर निर्धारण गर्ने, कर असुल गर्ने, नयाँ कर प्रस्ताव गर्ने राष्ट्रिय ढिकुडीबाट रकम झिक्ने, राज्यलाई आवश्यक पर्ने ऋण लिने कार्य पनि कार्यपालिकाले गर्दछ ।

बुँदागत रूपमा कार्यपालिकाका कार्यलाई यसरी प्रस्तुत गर्न सकिन्छ :

- दैनिक प्रशासनलाई निर्देशन, नियन्त्रण र सञ्चालन गर्नु
- मुलुकमा अमनचयन कायम राख्नु
- शान्ति सुरक्षाको व्यवस्था गर्नु
- परराष्ट्र मामिलाको कार्य गर्नु
- देशको वार्षिक बजेट व्यवस्था गर्नु

क्रियाकलाप

१. पाठका विषयवस्तु, सरकारका कामको उपलब्धि तथा समाचारहरूमा उल्लेख गरिएका विषयवस्तुलाई समावेश गरी संवाद बनाऊ र अभिनयसाथ कक्षामा प्रस्तुत गर ।
२. कार्यपालिका राज्यको महत्त्वपूर्ण अङ्ग हो भन्ने बारेमा आफ्नो तर्क प्रस्तुत गर ।
३. कार्यपालिकाले गर्ने प्रमुख कार्यहरूको सूची तयार गर ।

तिम्रो समुदायमा

१. वि. सं. २०६२।०६३ को जनआन्दोलनपश्चात् तिम्रो समुदायमा केके कुरामा परिवर्तन आएका छन् । प्रत्येक कुराहरू एकएक गरेर अवलोकन गरी प्रतिवेदन तयार गर ।
२. आफ्ना समुदायमा शिक्षाको सुधारका निम्ति जिल्ला शिक्षा अधिकारीलाई सुझाव पठाऊ ।

शब्दार्थ

कार्यपालिका = राज्यको प्रशासन, विकास आदि सञ्चालन गर्ने अङ्ग, जसलाई सरकार वा मन्त्रिपरिषद् पनि भनिन्छ ।

पाठ - ५. न्यायपालिका

न्यायपालिका

राज्यव्यवस्थाका तीनओटा अङ्गमध्ये न्यायपालिका पनि एक हो । न्यायपालिकाले राज्यको संविधान र अन्य ऐन कानुनको रक्षा गर्दै सबैलाई तिनको पालना गर्ने व्यवस्था गर्दछ । न्यायपालिकाले कानुनको व्याख्या गर्नुका साथै कानुन तोड्नेलाई उचित दण्ड सजायसमेत गर्दछ । व्यवस्थापिकाले ऐन कानुन बनाउने र तिनको कार्यान्वयन कार्यपालिकाले गर्दछ भने त्यसरी ऐन कानुनको कार्यान्वयन गर्दा ऐन नियमअनुसार भएनभएको हेर्ने कामसमेत न्यायपालिकाले गर्दछ । यसले राज्यमा विधिको शासन कायम गर्न सहयोग पुऱ्याइरहेको हुन्छ । संविधानद्वारा प्रदत्त मौलिक हकको संरक्षण र संवर्द्धन गर्दै देशलाई कानुनी राज्यको अवधारणाअनुसार सञ्चालन गर्न न्यायपालिकाले महत्त्वपूर्ण रूपमा कार्य गर्दछ । यसका लागि न्यायपालिका निष्पक्ष र स्वतन्त्र हुनुपर्दछ ।

नेपालमा न्यायपालिकाअन्तर्गत तीन तहका अदालतहरू रहेका छन् । न्यायपालिकाको सर्वोच्च तह सर्वोच्च अदालत हो भने सर्वोच्च अदालतअन्तर्गत पुनरावेदन र जिल्ला अदालत रहेका छन् । सर्वोच्च अदालत अभिलेख अदालत हो । सर्वोच्च अदालतलाई साधारण र असाधारण गरी दुईप्रकारका अधिकार छन् । साधारण अधिकारमा कानुनमा व्यवस्था भएबमोजिम सुरु मुद्दा हेर्ने, पुनरावेदन सुन्ने जस्ता अधिकार पर्दछन् भने असाधारण अधिकारमा संविधान प्रदत्त मौलिक हक प्रचलन गराउने, संविधानसँग बाझिएका कानुन बाझिएको हदसम्म बदर गर्ने जस्ता अधिकार पर्दछन् । त्यस्तै कुनै कानुनी हकको प्रचलनका लागि कुनै संवैधानिक वा कानुनी प्रश्न निरूपणका लागि आवश्यक आदेश जारी गर्ने जस्ता अधिकार पनि असाधारण अधिकार क्षेत्रभित्र पर्दछन् ।

न्यायपालिकाले जनताका हक, अधिकारको संरक्षण गर्दै राज्यलाई कानुनी राज्य बनाउन, प्रचलित कानुनअनुसार न्याय सम्पादन गर्न, व्यक्तिमाथि व्यक्ति र राज्यबाट हुने थिचोमिचो रोकी सरल, छिटो र निष्पक्ष रूपमा न्याय प्रदान गर्ने कार्य गर्दछ । यसरी देशलाई कानुनी राज्यका रूपमा परिचित गराउन र प्रचलित हक अधिकारको संरक्षण र संवर्द्धनमा न्यायपालिकाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

न्यायाधीशहरूको अन्तर्क्रिया कार्यक्रम र विषयवस्तु

१. न्यायिक सक्रियता

२. न्यायपालिकाका चुनौतीहरू

३. छिटो छरितो न्याय र अदालतको वर्तमान कार्यबोझ एवम् कानुनमा गरिनुपर्ने सुधार ।

४. विश्वव्यापीकरणका सन्दर्भमा वर्तमान न्यायपालिकाले निर्वाह गर्नुपर्ने भूमिका र चुनौतीहरू ।

५. बार र बेञ्चको सम्बन्ध व्यावसायिक कार्यदक्षता तथा पुनरावेदन अदालतका मुख्य न्यायाधीशहरू, न्यायाधीशहरू तथा जिल्ला अदालतका न्यायाधीशहरूको क्षमता विकाससम्बन्धी कार्यक्रम, (२०५९।२०६०) का सन्दर्भमा पारित प्रस्तावहरू

६. न्यायिक अनुशासन

स्रोतः "न्यायाधीशको क्षमता विकास" सम्बन्धी कार्यक्रमहरूको प्रतिवेदन ।

क्रियाकलाप

१. आफ्ना कक्षाका साथीहरूलाई विभिन्न ६ समूहमा विभाजित भई प्रत्येक समूहलाई माथिका बाकसमा राखिएका अन्तर्क्रियाका शीर्षक र पाठमा दिइएका विषयवस्तुमाथि छलफल गर । यसरी छलफल गरिएका मुख्यमुख्य बुँदाहरूलाई टिपेर समूहगत रूपमा कक्षामा प्रस्तुत गर ।

२. माथि दिइएको कुनै एक शीर्षकको एक दिनको अन्तर्क्रियाको कार्यक्रम बनाई कक्षामा प्रस्तुत गर । अन्तर्क्रियाका छ शीर्षक राखेर छ दिनको कार्यक्रम बनाई कक्षामा प्रस्तुत गर । बनाइएका कार्यक्रमहरूमध्ये कुन कार्यक्रम सबभन्दा राम्रो लाग्यो आफ्नो विचार देऊ ।

३. बिहान १० बजेदेखि ४.०० बजेसम्म कक्षामा विद्यार्थीले केकस्ता नियम (कानुन) पालना गर्नुपर्छ । समूहमा छलफल गरी नियम (कानुन) बनाई प्रस्तुत गर ।

४. न्यायपालिकाको कार्यसूची छलफल गरी तयार गर ।

तिम्रो समुदायमा

१. तिम्रो समुदायमा कानुन सम्बन्धमा अनुभव भएका व्यक्ति हुनुहुन्छ होला । उहाँसँग माथिका बाकसमा उल्लेख गरिएका शीर्षकको आधारमा ६ ओटा प्रश्नहरू बनाई त्यसको जवाफ संलग्न गरी प्रतिवेदन तयार गर ।

२. तिम्रो समुदायमा अदालतमा गएर मुद्दा खेपेको मानिस हुन सक्छन् । त्यसबखत तिनले खेप्नुपरेको दुःखको विषयमा सोधेर प्राप्त जवाफका आधारमा मुद्दा नलड्न सम्झाउँदै पत्र लेख ।

सारांश

यस एकाइमा तिमीले निम्नलिखित कुराहरू सिक्यौ :

- बालअधिकार र कर्तव्य विषयको समाचार बनाई कक्षामा प्रस्तुत गर्न ।
- बालअधिकारसम्बन्धी गोष्ठीको कार्यक्रम बनाउन ।
- बालअधिकारसम्बन्धी सचेतना बढाउन केके काम गरिएको रहेछ पत्ता लगाउन ।
- विद्यालय नजाने विद्यार्थीहरूको सङ्ख्या पत्ता लगाई तिनका समस्या र समाधानका उपाय सम्बन्धमा प्रतिवेदन तयार गर्न ।
- व्यवस्थापिकाको सार्थकताको सम्बन्धमा तालिका बनाई प्रस्तुत गर्न ।
- निर्वाचनसम्बन्धी घोषणापत्र, निर्वाचन चिह्न र दलको चिह्न बनाउन ।
- समुदायका समस्याहरू पत्ता लगाई क्रमैसँग लेख्न ।
- कार्यपालिका र न्यायपालिकासम्बन्धी अन्तर्क्रिया गर्न ।
- न्यायपालिका सम्बन्धमा परेका अप्ठ्याराहरू पत्ता लगाउनका लागि समुदायको भ्रमण गर्न ।
- शब्दार्थमा दिइएका शब्दहरूलाई विभिन्न किसिमका वाक्य बनाई प्रयोग गर्न ।

एकाइ - ६.

हाम्रो पृथ्वी



पृथ्वीका देहभित्र कहीं हिमशिखर छन्,काहीं छन् सम्म फाँट ।
काहीं छन् तालतलैया, कहीं हिमनदी छन्,काहीं थुप्रै पहाड ॥
काहीं ज्वालामुखी छन्, कहीं खनिज छन् काहीं झर्ना र छाँगा ।
काहीं चट्टानहरू र तरल पनि छन्, काँही छन् चौर बाँझा ॥

पाठ – १. धरातलमा ल्याउने परिवर्तनका तत्त्वहरू

पृथ्वीको बाहिरी सतह एकनासको छैन । यहाँ कहीं अग्लो, कहीं होचो, कहीं खाल्टो, कहीं ज्यादै अग्लो पहाड, कहीं पठार कहीं मैदान आदि छन् । पृथ्वीको यही असमान बाहिरी सतहलाई धरातल (Topography) भनिन्छ । कुनै न कुनै आकार लिई देखिने आकृतिलाई धरातलीय स्वरूप वा भूस्वरूप (Relief feature) भनिन्छ । यी स्वरूपहरूको निर्माण तथा आकृति अर्थात् स्वरूप सधैं एकैनास नभई निरन्तर परिवर्तन भइरहन्छ । यस्तो परिवर्तन अनुभव गर्न सकिने पनि हुन्छ । आजभन्दा करिब ३ करोड वर्ष पहिले हाम्रा हिमाल र अन्य पहाडहरूको ठाउँमा ठूलो टेथिस (Tethys) सागर थियो ।

विभिन्न भौगर्भिक प्रक्रियाहरू र पृथ्वीको बाहिरी सतहमा क्रियाशील हुने तत्त्वहरूले धरातलको स्वरूपमा परिवर्तन ल्याउँछन् । नदी, वायु, हिमनदी, वर्षा, जीवजन्तु आदि बाहिरी तत्त्वहरू हुन् । जसले कुनै ठाउँमा खियाएको माटो अन्यत्रै लगेर थुपारी नयाँ आकृति बनाउँछन् । नेपालको पहाडी क्षेत्रबाट नदीहरूले खियाएर लगेको माटो तराईमा थुपारी मैदान बनेका छन् । त्यस्तै हावा तथा हिमनदीले पनि खियाउने र थुपार्ने कार्य गरी धरातलमा परिवर्तन ल्याउँछन् । पृथ्वीभित्रका प्रक्रिया तथा तत्त्वहरूले ठूलाठूला पहाडको निर्माण गर्दछन् । भूकम्प र ज्वालामुखी जस्ता आन्तरिक तत्त्वहरूले पृथ्वीको सतहमा तुरुन्तै परिवर्तन ल्याई दिन्छन् । यसरी आन्तरिक र बाह्य तत्त्वहरूले पृथ्वीको धरातलमा परिवर्तन ल्याउँछन् ।



६.१ (क) हिमनदी



६.१ (ख) ज्वालामुखी

क्रियाकलाप

१. धरातलीय स्वरूपमा परिवर्तन ल्याउने नदी, हिमनदी, वर्षा, वायु, ताप आदि वाह्य तत्त्वहरूले खियाउने, (क्षयीकरण) खियाएर लगेको माटो, ढुङ्गा अर्को ठाउँमा थुपार्ने (निक्षेपीकरण) काम गर्दछन्। क्षयीकरण र निक्षेपीकरणबाट बन्ने ३/३ ओटा भूस्वरूपको नाम लेख।

२. तलको तालिका राम्ररी हेर र आन्तरिक तत्त्व र बाह्य तत्त्वका सूची बनाऊ।

धरातलमा हुने परिवर्तनका तत्त्वहरू

आन्तरिक तत्त्व	बाह्य तत्त्व
१. ज्वालामुखी	वर्षा
२.	सूर्य
३.	जीवजन्तु
	.....

३. पृथ्वीको सतहमा देखापरेका सबै भू-आकृतिहरू ढिलो चाँडो परिवर्तन भइरहन्छन्। तिनीहरू स्थायी हुँदैनन् किन, व्याख्या गर।

४. पृथ्वीको सतहमा परिवर्तन ल्याउने आन्तरिक तत्त्वहरू के के हुन्, सूची बनाऊ।

५. पृथ्वीको सतहमा परिवर्तन ल्याउने वाह्य तत्त्वहरूको सूची बनाऊ।

तिम्रो समुदायमा

१. पृथ्वीको सतहमा विभिन्न भूआकृतिहरू बनाउने र बनिरहेका भूस्वरूपको आकार प्रकारमा परिवर्तन ल्याउने तत्त्वहरूको एक सूची बनाऊ र तिम्रो स्थानीय इलाकामा कुन तत्त्वले बढी प्रभाव पारेको छ जस्तो लाग्छ, कसरी, विचार विमर्श गर।

२. आ-आफ्नो विद्यालय वरिपरिको भूस्वरूप राम्ररी अवलोकन गरी त्यसको आकार प्रकार तथा अन्य विशेषताहरू आफ्नो अभ्यास पुस्तिकामा लेख। ती स्वरूपहरू के कसरी बनेका होलान्, के ती सधैँ त्यस्तै रहिरहलान्, परिवर्तनका केही साङ्केतहरू पत्ता लगाऊ र कक्षामा छलफल गर।

पाठ – २. पश्चिमाञ्चल क्षेत्रको प्राकृतिक, सामाजिक र आर्थिक अवस्था

गण्डकी, धवलागिरि र लुम्बिनी अञ्चल गरी ३ अञ्चल र १६ जिल्ला भएको यस पश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाम पोखरा हो । यस क्षेत्रको क्षेत्रफल २९,००० वर्ग किलोमिटर रहेको छ । दक्षिणको तराई, मध्यमागको पहाडी र उत्तरको हिमाली खण्ड गरी ३ ओटा मुख्य प्राकृतिक खण्डहरूले यो विकास क्षेत्र बनेको छ । यी खण्डहरूमा डाँडाकाँडा, मैदान, टार, उपत्यका र हिम शृङ्खलाहरू पर्दछन् । धवलागिरि र अन्नपूर्ण मुख्य हिमशृङ्खला हुन् । धवलागिरि, अन्नपूर्ण, मनास्लु, माछापुच्छे यस क्षेत्रका प्रसिद्ध चुचुराहरू हुन् । पोखरा उपत्यका यस क्षेत्रको एक प्रसिद्ध इलाका हो । यहाँ फेवा, रूपा र वेगनासजस्ता मनोरम तालहरू पनि छन् । कालीगण्डकी, त्रिशूली, बूढीगण्डकी, सेती नदी मिली बनेको नारायणी नदीले यस क्षेत्रलाई सिँचन गर्दछ । यस क्षेत्रको हावापानी र प्राकृतिक वनस्पतिको स्वरूप दक्षिणबाट उत्तरतर्फ फरक पर्दै गएको छ । मुस्ताङ र मनाङमा ज्यादै कम पानी पर्छ । यस क्षेत्रमा विभिन्न जङ्गली जनावरहरू पनि पाइन्छन् । नेपालको सबभन्दा धेरै उचाइमा रहेको तिलिचो ताल यही क्षेत्रमा पर्दछ ।

वि.सं. २०५८ सालको जनगणनाअनुसार यस क्षेत्रको कुल जनसङ्ख्या ४५,६९,०६५ छ र जनघनत्व १५५ जना प्रतिवर्ग कि.मि पर्दछ । दक्षिणी खण्डको तराई, पोखरा उपत्यका आवादीका क्षेत्रहरू हुन् । मनाङ ज्यादै कम आवादी भएको जिल्ला हो । यहाँको जनसङ्ख्या १० हजार जति मात्र छ । उत्तरी खण्डमा थकाली, मनाङ्गी, मध्यपहाडी खण्डमा गुरुङ तथा मगर र दक्षिणमा थारूहरू बस्दछन् भने बाहुन क्षेत्रीहरू र नेवार तराई तथा मध्यभागको विभिन्न ठाउँमा बसोबास गर्छन् । आ-आफ्नो परम्पराअनुसारको रहनसहन, सामाजिक रीतिथिति हेर्दा यो क्षेत्रमा पर्याप्त विविधता पाइन्छ । दसैँ, तिहार, लोसार, छठ, होली, जनैपूर्णिमा, माघेसङ्क्रान्ति, आदि धार्मिक महत्त्वका चाडपर्वहरू हुन् । मुक्तिनाथ, लुम्बिनी, मनकामना, बारलुङकालिका, बाराही, विन्ध्यवासिनी स्थान प्रसिद्ध तीर्थस्थल हुन् । यो विकास क्षेत्र विकास पथमा अगाडि बढ्दै छ । बाटोघाटो, सडक, स्वास्थ्य तथा खानेपानीको सुविधामा अभिवृद्धि भइरहेको छ ।



६.२ पश्चिमाञ्चल क्षेत्रको नक्सा

शिक्षाको क्षेत्रमा पनि यसले प्रगति गरिरहेको मान्नुपर्छ । पोखरा विश्वविद्यालयको स्थापनाले यस क्षेत्रको शैक्षिक प्रगतिलाई अझै अगाडि बढाउन मद्दत पुगेको छ । पृथ्वीनारायण क्याम्पस, बाग्लुङ क्याम्पस तथा भैरहवा र बुटवलमा सञ्चालित क्याम्पसले पनि ठूलो सेवा पुऱ्याइरहेका छन् । पोखरा, बुटवल, भैरहवा, बाग्लुङ, प्रसिद्ध व्यापारिक र औद्योगिक केन्द्रहरू हुन् । पोखरा औद्योगिक क्षेत्रमा विभिन्न उद्योग सञ्चालित छन् । मुस्ताङ, मनाङ र पोखरा क्षेत्रमा पर्यटन व्यवसाय बढ्दो छ । पोखरा त नेपालकै काठमाडौँ पछिको दोस्रो ठूलो पर्यटन केन्द्र हो । योजनाबद्ध तरिकाले यस विकास क्षेत्रको विकास निर्माण कार्य सम्पन्न गर्न सकिएमा यहाँ विकासका थुप्रै सम्भावनाहरू छन् । कालीगण्डकी जलविद्युत् आयोजना नेपालको सबैभन्दा ठूलो जलविद्युत् आयोजना यही विकास क्षेत्रमा अवस्थित छ ।

क्रियाकलाप

१. एटलस हेर र नेपालको मानचित्रमा तलका कुराहरू भरेर देखाऊ ।
लुम्बिनी, माछापुच्छ्रे, गोरखा, मनकामना, पोखरा, बाग्लुङ, मुक्तिनाथ, तिलिचो ताल, नारायणी नदी, जोमसोम र कालीगण्डकी जलविद्युत् केन्द्र ।

२. पश्चिमाञ्चल विकास क्षेत्रमा पर्यटन व्यवसायको राम्रो विकासको सम्भावना छ किन, व्याख्या गर । तिमी पर्यटन मन्त्री भएको भए यो विकास क्षेत्रमा पर्यटन व्यवसाय बढाउन केके गर्थ्यौ होला ?

३. पश्चिमाञ्चल विकास क्षेत्रमा उत्पादन हुने कृषिबाली, फलफूल तथा अन्य कृषि उपज केके हुन्, पत्ता लगाऊ ।

४. पश्चिमाञ्चल विकास क्षेत्रमा विकासको गति अगाडि बढ्दै छ तर विकासलाई अग्रगति दिनमा बाधा पुऱ्याउने कुराहरू पनि थुप्रै छन्, ती केके होलान्, यस क्षेत्रका अन्य आर्थिक समस्याहरूको पनि पहिचान गर ।

तिम्रो समुदायमा

१. तिम्रो आफ्नो स्थानीय गाउँ वा नगरको आर्थिक र सामाजिक गतिविधिसँग पश्मिाञ्चल विकास क्षेत्रको आर्थिक र सामाजिक गतिविधि तुलना गरी एक प्रतिवेदन तयार गर ।

२. तिमी हाल बसोबास गरेको इलाका छाडेर पश्चिमाञ्चल विकास क्षेत्रको अन्य कुनै एक ठाउँमा बसोबास गर्नुपरेमा तिमी कहाँ बस्न रुचाउँछौँ, त्यहाँ तिमीले के काम गरी आयआर्जन गर्छौ, तिम्रो हालको आफ्नो क्षेत्रभन्दा यो कुनकुन कुरामा राम्रो होला ?

पाठ – ३. मध्यपश्चिमाञ्चल क्षेत्रको प्राकृतिक, सामाजिक र आर्थिक अवस्था

कर्णाली, राप्ती र भेरी अञ्चल गरी ३ अञ्चल र १५ जिल्लाहरू भएको यस मध्यपश्चिमाञ्चल क्षेत्रको सदरमुकाम वीरेन्द्रनगर, सुर्खेत हो । यसको क्षेत्रफल ४२,००० वर्ग किलोमिटर छ । पश्चिमाञ्चल विकास क्षेत्रजस्तै यस क्षेत्रमा पनि दक्षिणमा तराई र भित्री मधेस छ भने मध्य भागमा पहाडी र उत्तरमा हिमाली भागले ढाकेको छ । कान्जिरोवा, पत्रासी यहाँका हिमशृङ्खला हुन् । कर्णाली, भेरी र सेती मुख्य नदीहरू हुन् भने रारा र डाँफे सैल, फोक्सुन्डो प्रमुख ताल हुन् । यस विकास क्षेत्रको दक्षिणतर्फ हावापानी उष्ण प्रकारको, मध्य खण्डमा समशीतोष्ण प्रकारको र उत्तरी खण्डमा चिसो हावापानी पाइन्छ । प्राकृतिक वनस्पति र जङ्गली जीवजन्तुमा पनि धेरै विविधता छ । शे-फोक्सुक्डो राष्ट्रिय निकुञ्ज र रारा राष्ट्रिय निकुञ्ज यस क्षेत्रका मुख्य आकर्षणका केन्द्रहरू हुन् । वि.सं. २०५८ को जनगणनाअनुसार यस क्षेत्रको जनसङ्ख्या ३०,२२,२१० छ र जनघनत्व ७१ जना प्रतिवर्ग कि.मि छ । दक्षिणको तराई खण्ड र मध्यभागका उपत्यकाहरूमा आवादी तुलनात्मक रूपले बढी छ भने हिमाली खण्ड र मध्यभागका डाँडा काँडामा आवादी कम छ । यस क्षेत्रको उत्तरमा विशेष गरी तामाङको वसोवास छ । जाति भने दक्षिणतर्फ वाहुन, क्षेत्री र तराई र दाङ उपत्यकामा थारूहरूको वस्ती पनि विशेष रूपमा देखिन्छ । यहाँका धेरैजसो मानिसहरूले हिन्दु धर्म मान्दछन् । यहाँ दसैं, तिहार, लोसार, होली, छठ, वुद्धजयन्ती आदि चाडपर्वहरू मनाइन्छ । नेपालगञ्जको आसपास मुसलमानहरू पनि वस्छन् । जुम्लाको चन्दननाथ, सुर्खेतको लाटीकोइली र काँके विहार, प्यूठानको स्वर्गद्वारी, दैलेखको पादुकास्थान आदि यस क्षेत्रका धार्मिक स्थलहरू हुन् । यस विकास क्षेत्रको दक्षिणी खण्ड औद्योगिक हिसावले केही आगडि देखिन्छ । यो विकास क्षेत्र अरू सवै विकास क्षेत्रभन्दा केही पछाडि परेको मानिन्छ । दाङ, वीरेन्द्रनगर, त्रिभुवननगर, जुम्ला, दैलेख, नेपालगन्ज, गुलरिया आदि व्यापारिक केन्द्रका रूपमा विकसित हुँदैछन् । नेपालगन्जलाई भने नेपालकै एक प्रमुख औद्योगिक र व्यापारिक केन्द्रका रूपमा लिइन्छ । मध्यपश्चिमाञ्चल विकास क्षेत्र विकासको हिसावले पछि परे



६.३ मध्यपश्चिमाञ्चल क्षेत्रको नक्सा

पनि यहाँ विकासका प्रशस्त सम्भावनाहरू छन् । कृषि विकासका लागि खासगरी उत्तरी खण्डमा फलफूल खेती, जडीबुटी उत्पादन तथा दक्षिणको मैदानी खण्डमा विभिन्न खाद्यान्न र नगदेबालीहरूको उत्पादन बढाउने कार्यक्रम लागू गर्न सकिन्छ । बाटोघाटोको अपर्याप्तता यहाँको ठूलो समस्या हो । यस क्षेत्रका सुर्खेत जुम्ला सडक बनेपछि विकासमा ठूलो मद्दत पुग्ने आशा गरिएको छ ।

क्रियाकलाप

१. एटलस हेर र मध्यपश्चिमाञ्चल विकास क्षेत्रको नक्सामा निम्न कुराहरू देखाऊ । नेपालगञ्ज, वीरेन्द्रनगर, दैलेख, जुम्ला, सिमीकोट, भेरी नदी, कान्जिरोवा हिमाल, रारा ताल, शे-फोक्सुन्डो ताल, कुनै एक राष्ट्रिय निकुञ्ज र स्वर्गद्वारी ।

२. मध्यपश्चिमाञ्चल विकास क्षेत्रका मानिसको जीवनस्तर माथि उठाउन केके कार्य गर्नुपर्ला, नेपाल सरकारलाई सुझाव दिँदै प्रधानमन्त्रीलाई एक पत्र लेखी कक्षाका सबै विद्यार्थीले हस्ताक्षर गरी पठाऊ ।

३. मध्यपश्चिमाञ्चलका विभिन्न ठाउँमा घरेलु उद्योगहरू सञ्चालित हुँदै आएका छन् । ती केके होलान्, पत्ता लगाई सूचीबद्ध गर ।

४. तल दिइएको समाचारको अंशले स्वर्गद्वारीको कुन समस्याको सङ्केत गर्दछ, कक्षामा छलफल गर ।

राजधानी, ढाङ । ३ चैत, २०५९ स्वर्गद्वारी आश्रम प्युठानको स्वामित्वमा रहेको हजारौं विघा जग्गा हडप्ने ढाउमा भू-माफियाहरू सक्रिय भएर लाग्न थालेका छन् । सयौं वर्ष अगाडिदेखि स्वर्गद्वारी आश्रमको निजी स्वामित्वमा रहेको निजी गुठीलाई राजगुठीमा परिणत गराई हालीमुहाली गर्ने ढाउमा ती भू- माफियाहरू लागिपर्न थालिरहेका छन् ।

स्वर्गद्वारी आश्रमको स्वामित्वमा ढाङमा एक हजार ५० बिघा तथा प्युठानमा भीरपाखासहित २६ हजार रोपनी जग्गा रहेको छ ।

तिम्रो समुदायमा

५. तिम्रो आफ्नो इलाकाको आर्थिक र सामाजिक गतिविधिसँग मध्यपश्चिमाञ्चल विकास क्षेत्रको आर्थिक र सामाजिक गतिविधिको तुलना गरी एक प्रतिवेदन तयार पार ।

२. मध्यमश्चिमाञ्चलमा बसोबास गर्नुपरेमा कुन ठाउँमा बस्न रुचाउँछौं, किन ?

शब्दार्थ

भू-माफिया = अवैध रूपमा जग्गाको खरिदबिक्री गर्ने मानिस वा समूह

पाठ – ४. सुदूरपश्चिमाञ्चल क्षेत्रको प्राकृतिक, सामाजिक र आर्थिक अवस्था

सुदूरपश्चिमाञ्चल सबैभन्दा सानो विकास क्षेत्र हो । यसको क्षेत्रफल १९.५ वर्ग कि.मि. छ । महाकाली र सेती अञ्चलका नौओटा जिल्ला मिलेर यो विकास क्षेत्र बनेको छ । यस क्षेत्रको सदरमुकाम दिपायल हो । अन्य विकास क्षेत्रमा जस्तै यस विकास क्षेत्रमा दक्षिणतर्फ तराईको समथर मैदान, मध्य भागमा पहाडी क्षेत्र र उत्तरमा हिमाली क्षेत्र पर्दछ । अपी, सैपाल र व्यासऋषि यस क्षेत्रका प्रसिद्ध हिमशृङ्खलाहरू हुन् । महाकाली र सेती यस क्षेत्रका मुख्य नदीहरू हुन् । मुख्य तालहरू डोटीको खप्तड र बझाङको सुर्मा छन् । यस क्षेत्रमा दक्षिणबाट कञ्चनपुरको शुक्ला फाँट वन्य जन्तु आरक्ष र खप्तड राष्ट्रिय निकुञ्ज प्रमुख वन्यजन्तु संरक्षणका केन्द्रहरू हुन् ।

वि.सं. २०५८ को जनगणनाअनुसार यहाँको जनसङ्ख्या २२,०१,९६१ छ र जनघनत्व ११२ जना प्रतिवर्ग कि.मि पर्छ । उत्तरतर्फको हिमाली खण्डमा आवादी पातलो छ भने दक्षिणतर्फको कैलाली र कञ्चनपुरमा आवादी बाक्लो छ । यहाँ बाह्मण, क्षेत्री, ठकुरी, थारू शौका (व्याँसी) आदि जातिका मानिसहरू बसोबास गर्छन् । आ-आफ्नो परम्पराअनुसार चाडपर्वहरू मनाउँछन् ।

सुदूरपश्चिमाञ्चल विकास क्षेत्र पनि क्रमशः विकास पथमा अग्रसर हुँदैछ । महेन्द्र राजमार्गको पश्चिमी खण्ड, भीमदत्त पन्त (धनगढी-डडेलधुरा) मार्ग र डडेलधुरा दिपायल सडक मुख्य सडकहरू हुन् तर दार्चुला, बझाङ तथा बाजुरामा अझै सडक सुविधा पुगेको छैन । यस क्षेत्रमा धनगढी, दिपायल, साँफेबगर र महेन्द्रनगर बाजुरा कुन्डाकान्टी हवाईमैदानहरू छन् । यिनै ठाउँहरू नै यस विकास क्षेत्रका मुख्य औद्योगिक तथा व्यापारिक केन्द्रहरू हुन् । टीकापुर तथा झुलाघाटमा पनि आर्थिक गतिविधिहरू बढ्दै छन् । कपास खेतीको राम्रो सम्भावना देखिएको तराईको समथर भू-भागमा कपडा मिलहरू स्थापना गर्न सकिने सम्भावना छ । पर्यटन व्यवसायको हिसाबले पनि यो क्षेत्र महत्त्वपूर्ण हुनसक्छ ।



६.४ सुदूरपश्चिमाञ्चल क्षेत्रको नक्सा

क्रियाकलाप

१. एटलस हेरेर सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको मानचित्रमा निम्नलिखित कुराहरू देखाऊ ।

व्यासऋषि हिमाल, अपी, सैपाल, महाकाली नदी, सेती नदी, खप्तड ताल, शुक्ला फाँट वन्यजन्तु आरक्ष केन्द्र, मुक्तकमैयाहरू बसोबास गरेको क्षेत्र, कपास खेती हुने क्षेत्र, भीमदत्त पन्त (धनगढी-डडेलधुरा मार्ग) टीकापुर, महेन्द्रनगर, बैतडी र दार्चुला ।

२. सुदूरपश्मिाञ्चल विकास क्षेत्रको कुनकुन इलाकामा पर्यटन व्यवसायको विकास गर्न सकिन्छ, किन, कक्षामा छलफल गर र अभ्यास पुस्तिकामा लेख ।

३. सुदूरपश्चिमाञ्चल क्षेत्रमा पूर्वाञ्चल र मध्यमाञ्चलमाभन्दा हिउँदमा बढी पानी पर्छ, किन होला, यसको आर्थिक फाइदा के देख्छौ ?

४. तल दिइएको समाचारको एक अंश पढ । यसले सुदूर पश्चिमाञ्चलको सामाजिक र आर्थिक समस्यालाई सङ्केत गर्दछ । यसको आधारमा यो विकास क्षेत्रको सामाजिक र आर्थिक समस्याको पहिचान गर ।

राजधानी, धनगढी । ३ चैत्र समाजमा रहेका विपन्न दलित, उपेक्षित तथा सम्पन्न सबै वर्गको समान सहभागिता रहने अवधारणाअनुरूप गठन भएका कैलाली जिल्लाका सामुदायिक वनहरूमा मुक्त कमैयाहरूको पहुँच भने पुग्न सकेको छैन ।

तिम्रो समुदायमा

निम्न बुँदामा सुदूरपश्चिमाञ्चल विकास क्षेत्रसँग आफ्नो स्थानीय इलाकाको तुलना गर । तिम्रो इलाका यसै क्षेत्रमा पर्ने भए पनि तुलना गर्न सकिन्छ ।

१. कृषि उपजहरू
२. जनजातिहरू
३. उद्योगधन्दा

पाठ – ५. नक्सा कार्य

विषय	सङ्केत
पर्वत श्रेणी	
टाकुरा	
भञ्ज्याङ्ग	)( ][
नदी	
ताल	
सहर	
सडकमार्ग	
रेलमार्ग	
हवाईमार्ग	
रज्जुमार्ग	
कुनै क्षेत्र	

नक्सा बनाउँदा ख्याल गर्नुपर्ने कुराहरू

१. नक्सा खिच्ने र भर्ने काम सफा र शुद्ध पार्ने ।

२. नदी, टाकुरा, ताल, सहर, सडक आदिको नाम नक्सामा नै लेखी देखाउने ।

३. उपयुक्त रङ र सङ्केतको प्रयोग गर्ने ।

४. कुनै क्षेत्र देखाउँदा खास चिह्नको प्रयोग गरी त्यसलाई सङ्केत भनी लेखी नक्साको कुनै छेउमा देखाउने ।

६.५ तिनै क्षेत्रको प्राकृतिक नक्सा र सङ्केतहरू

क्रियाकलाप

अघिल्लो पृष्ठमा दिइएको पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चलको प्राकृतिक नक्सा वा एटलस राम्ररी अध्ययन गरी तलका कार्यहरू गर ।

१. प्रत्येक विकास क्षेत्रका एकएकओटा मुख्य हिमशृङ्खलाहरू पत्ता लगाऊ र तिनका नाम केके हुन्, अभ्यास पुस्तिकामा लेख ।

२. स्यार्पु तालबाट राराताल कुन दिशातर्फ पर्दछ, राराबाट फोक्सुन्डो कुन दिशातर्फ अवस्थित छ ?

३. वीरेन्द्रनगरदेखि जुम्लाको दूरी कति कि.मि. छ, पत्ता लगाऊ ।

४. तल दिइएका तीनओटै विकास क्षेत्रमा बहने मुख्य नदीहरू कुनकुन हुन्, ती कुन दिशातर्फ बहेका छन्, किन ?

५. कर्णाली अञ्चलमा भएका जिल्लाहरू र तिनका सदरमुकामहरूको सूची बनाऊ ।

६. अपी र सैपाल हिमालको उचाइ कति छ, पत्ता लगाऊ ।

७. माथि दिइएका विकास क्षेत्रमा पर्ने अञ्चलहरू र तिनका सदरमुकामहरू नक्सामा पत्ता लगाई निम्नानुसारको तालिका बनाई भर ।

विकास क्षेत्र	अञ्चलहरू	सदरमुकाम
१.		
२.		
३.		

८. तल दिइएको तरिका अपनाई नेपालको नक्सा आफ्नो अभ्यास पुस्तिकामा बनाऊ र अञ्चलहरू छुट्याऊ निम्नलिखित कुराहरू पनि देखाऊ ।
कर्णाली नदी, कान्जिरोवा हिमाल, धनगढी, जोमसोम, राराताल, महेन्द्र राजमार्ग, कपास खेती हुन सक्ने क्षेत्र, दिपायल, वीरेन्द्रनगर र पोखरा ।

२० से.मि को AB र १० से.मि.को AD रेखा खिची एक चतुर्भुज ABCD बनाऊ । AB र CD को बीचबाट क्रमशः EF रेखा तानी चतुर्भुजलाई दुई वर्गहरूमा विभाजन गर । AD, BC, AE, NP रेखा र AE को मध्यबिन्दु र BC को मध्यबिन्दु जोडी NP रेखा र AD तथा CF को मध्यबिन्दु जोडी MN रेखा तान । NP, NM को बीचमा नेपालको नक्सा कोर ।

पाठ – ६. उत्तर र दक्षिण अमेरिकाको प्राकृतिक अवस्था र सामाजिक जनजीवन

उत्तर र दक्षिणी अमेरिका पश्चिमी गोलर्धमा अवस्थित महाद्वीपहरू हुन् । उत्तर अमेरिका विश्वको तेस्रो ठूलो महाद्वीप हो भने दक्षिण अमेरिका चौथो ठूलो हो ।

उत्तर अमेरिका

उत्तर अमेरिकाको क्षेत्रफल करिब २ करोड ४२ लाख २७ हजार वर्ग कि.मि छ । यसको अधिकांश भाग समशीतोष्ण क्षेत्रमा पर्दछ । यो उत्तर पश्चिममा बेरिङ जल संयोजकले एसियाबाट र दक्षिणमा पानामा नहर दक्षिण अमेरिकासँग छुट्टिएको छ । यसको पश्चिमी खण्ड अलास्कादेखि पानामा नहर सम्म नै एक विशाल पर्वत शृङ्खला छ जसलाई रकी पर्वत शृङ्खला भनिन्छ । यो नेपालको हिमाल जस्तै मोडदार पहाड हो । यो महाद्वीपको पूर्वी खण्डमा अपलेचियन पर्वत शृङ्खला उत्तर दक्षिण भई फैलिएको छ । यो पहाड धेरै अग्लो छैन । अपलेचियन र रकी पर्वतको बीचमा एक विशाल मैदानी भूभाग छ । मिसिसिपी र मिसौरी मुख्य नदीहरू हुन् । ग्रेटलेक भन्ने ठूलो ताल क्यानडा र संयुक्त राज्य अमेरिकाको बीचमा पर्दछ । दक्षिणदेखि उत्तरतर्फ हावापानी फरक हुँदै जान्छ । उत्तर अमेरिकाको जनसङ्ख्या करिब ४६ करोड छ । यहाँका बासिन्दा धेरैजसो गोरा छन् र यिनीहरू क्रिस्चियन हुन् । यिनीहरूको जीवनस्तर उच्च छ । आर्थिक सम्पन्नताले गर्दा यिनीहरूको जीवन निकै व्यस्त हुन्छ । उत्तर अमेरिकीहरूको मुख्य भाषा अङ्ग्रेजी हो तर मेक्सिको र दक्षिणको मध्यअमेरिकामा अन्य भाषाहरू पनि बोलिन्छन् ।

६.६ उत्तर अमेरिका र दक्षिणी अमेरिका

दक्षिणी अमेरिका

दक्षिणी अमेरिका (ल्याटिन अमेरिका) को क्षेत्रफल १ करोड ७८ लाख ३२ हजार वर्ग कि.मि. छ। यस महाद्वीपको पश्चिमपट्टि उत्तर दक्षिण फैलिएको विशाल पर्वत शृङ्खला छ जसलाई एन्डिज पर्वत भनिन्छ। पूर्वपट्टि ब्राजिलको उच्चभूमि छ र मध्यभागमा मैदान छ। दक्षिणतर्फ मरुभूमि छ। अमेजन, पाराना र पाराग्वे नदी यहाँका मुख्य नदी हुन्। यहाँका धेरै ठाउँको हावापानी उष्ण र ओसिलो खालको छ। यसलाई भूमध्यरेखा र मकररेखाले काटेको हुँदा हावापानी यसप्रकार भएको हो। यस महाद्वीपमा पनि युरोपियनका वंशजहरूको बसोबास छ। यहाँ स्पेनिस तथा पोर्चुगिज भाषा बोलिन्छ। ब्राजिल र अर्जेन्टिना ठूला देशहरू हुन्। यो महाद्वीपको जनसङ्ख्या करिब ३३ करोड जति छ।

क्रियाकलाप

१. तलको तालिका भर :

महाद्वीप	मुख्य पर्वत शृङ्खला	एक प्रमुख नदी	बोलिने भाषा	जनसङ्ख्या
उत्तर अमेरिका				
दक्षिण अमेरिका				

२. उत्तर अमेरिका र दक्षिण अमेरिकाका छुट्टाछुट्टै नक्सामा निम्न कुराहरू देखाऊ।
उत्तर अमेरिका : रकी पर्वत, ग्रेटलेक, अपलेचियन पहाड, मेक्सिको खाडी, अलास्का, एटलान्टिक महासागर, प्रशान्त महासागर, न्युयोर्क, लसएन्जलस।
दक्षिण अमेरिका : एन्डिज पर्वत, टिटिका ताल, ब्राजिलको उच्चभूमि, एटलान्टिक र प्रशान्त महासागरहरू, अमेजन नदी, अटाका वा मरुभूमिको इलाका।

३. उत्तर अमेरिकामा बस्ने मानिसहरू र दक्षिण अमेरिकामा बस्ने मानिसहरूको सामाजिक र आर्थिक अवस्थाको तुलना गर।

४. एटलस हेरेर उत्तर अमेरिका र दक्षिण अमेरिकाको नक्सामा त्यहाँका देशहरू देखाइएका छन्। प्रत्येकका ५/५ ओटा देशहरूको नाम क्रमशः ठूलोदेखि सानो मिलाई लेख।

तिम्रो समुदायमा

तिम्रो इलाकामा वा तिम्रो आफन्त कोही अमेरिका महाद्वीपमा अध्ययन गर्ने, काम गर्ने गर्दछन् कि ? उनीसँग अमेरिकाबारे जानकारी लिने प्रयास गर। कोही नभएमा तिमीले कहिलेकाहीँ अमेरिकी महाद्वीपबाट आएका पर्यटकलाई भेटौला। उनीहरूसँग कुरा गरी उनीहरूको रहनसहनबारे केही जान्ने प्रयास गर। अमेरिकी महाद्वीप र जनताबारे समाचार पत्रमा रेडियो वा टेलिभिजनमा आउने समाचारहरूबारे पनि ध्यान देऊ र एउटा लेख तयार गर।

पाठ – ७. अफ्रिकाको प्राकृतिक अवस्था र सामाजिक जनजीवन

एसिया पछिको दोस्रो ठूलो महाद्वीप अफ्रिका हो । यसको क्षेत्रफल करिब ३ करोड २ लाख ४७ हजार वर्ग कि.मि. छ । यसलाई भूमध्यरेखाले झन्डै दुई भागमा बाँडेको छ । एसियासँग स्वेज नहर र यूरोपसँग जिब्राल्टर जलसंयोजकले यो महाद्वीपलाई छुट्याउँछन् । यो महाद्वीपको अधिकांश भाग कडा चट्टानले बनेको छ । उत्तर पश्चिममा रहेको एटलस पर्वतशृङ्खला हाम्रो हिमालजस्तै नयाँ चट्टानले बनेको छ । यो महाद्वीपको पूर्वपट्टि उच्चभूमि छ । यो कडा चट्टानले बनेको छ । यहाँ थुप्रै तालहरू छन् । दक्षिण र पूर्वमा पनि डेकेन्सबर्ग नामको होचो पहाड छ । यस महाद्वीपको ठूलो हिस्सा उष्ण मरुभूमिले ढाकेको छ । संसारको सबैभन्दा ठूलो सहारा मरूभूमि पनि यहीं छ । यहाँ फराकिला घाँसे मैदानहरू पनि छन् र त्यहाँ विभिन्न प्रकारका जङ्गली जीवजन्तुहरू पाइन्छन् । यसैले अफ्रिकाका घाँसे भूमिको क्षेत्रलाई संसारको चिडियाखाना Zoo of the world पनि भनिन्छ । मध्यभागमा भूमध्य रेखाको आसपासमा गरम र ओसिलो हावापानी पाइन्छ भने अन्य ठाउँमा धेरैजसो सुख्खा हावापानी पाइन्छ ।

६.७ अफ्रिका

यस महाद्वीपमा बसोबास गर्ने धेरैजसो मानिस काला जातिका छन् । मिश्र र वरिपरिका मुसलमान जातिहरू बस्ने देशहरूमा भने रहनसहन फरक छ । मुस्लिमहरू अफ्रिकीजस्ता काला हुँदैनन् । नाइल नदीको आसपासमा पुरानो मानव सभ्यता "नाइल सभ्यता" को विकास भएको थियो । अहिले अधिकांश अफ्रिकी मुलुकमा बस्ने मानिसको सामाजिक र आर्थिक अवस्था कमजोर नै छ । कतिपय ठाउँमा त उनीहरूको जनजीवन ज्यादै प्रारम्भिक खालको पाइन्छ । यहाँ HIV एड्सले धेरै मानिसलाई

सताएको छ । प्राकृतिक साधनमा धनी भएर पनि पछाडि परेको महादेश अफ्रिका नै हो । इजिप्ट, दक्षिणी अफ्रिका तथा नाइजेरिया केही अग्रणी देशहरू हुन् । आन्तरिक द्वन्द्व र शिक्षाको अभावले गर्दा अफ्रिका महाद्वीप पछाडि परेको हो । केही समय अघि यसलाई "अन्धकारको महादेश" पनि भनिन्थ्यो ।

क्रियाकलाप

१. दिइएको नक्सा वा एटसल हेरेर तल दिइएका नामहरूको सूचीबाट ठीक कुरा छानी ठीकठीक ठाउँमा भर :
जिब्राल्टर जल संयोजक, केप अफ् गुड होप, सहारा मरुभूमि, कर्कटरेखा, भूमध्यरेखा, इथोपियन उच्चभूमि, भिक्टोरिया ताल, मडागास्कर टापु, ड्रेकेन्सबर्ग पहाड, मकर रेखा, कङ्गो (नाइल) नदी, जाम्बेजी नदी, नाइजर नदी, लालसागर, एटलान्टिक महासागर, एटलस पर्वतशृङ्खला र हिन्द महासागर ।

२. अफ्रिकाको वातावरणमा ठूलो विषमता (Extremes) पाइन्छ । हावापानी विभिन्न ठाउँमा फरकफरक छ । कालाहारी र सहारा मरुभूमिहरू छन् । तिमी अफ्रिकामा बसोबास गर्न परेमा कुन ठाउँमा बस्छौ, किन ? लेख ।

३. अफ्रिका महाद्वीपलाई उत्तर अमेरिका महाद्वीपसँग तुलना गर ।

४. अफ्रिका महाद्वीपको जनसङ्ख्या ७४ करोड जति छ र जनसङ्ख्या वृद्धिदर पनि तीव्र छ । किन वृद्धिदर तीव्र भएको होला, छलफल गर ।

तिम्रो समुदायमा

१. तिम्रो स्थानीय समुदायका मानिसहरूको रहनसहन रूपरङसँग अफ्रिका महाद्वीपका कुनै एक इलाकामा बसोबास गर्ने मानिसहरूको रहनसहन रूपरङ तथा अन्य क्रियाकलापको तुलनात्मक अध्ययन गरी प्रस्तुत गर ।

२. अफ्रिकाको कुनै एक विद्यालयको कुनै विद्यार्थीसँग पत्रमित्रता गर्ने प्रयत्न गरी एक अर्काको देशबारे पत्रमार्फत् जानकारी आदानप्रदान गर्ने एक पत्र तयार गर ।

सारांश

यस एकाइमा तिमीले निम्नलिखित कुराहरू सिक्यौ :

- धरातलमा हुने परिवर्तनका तत्त्वहरू उल्लेख गर्न ।
- आ-आफ्ना समुदाय वरिपरिका भूस्वरूप अवलोकन गर्न ।
- पश्चिमाञ्चल क्षेत्रभित्रका अञ्चल र जिल्लाको स्वरूप पहिचान गर्न ।
- पश्चिमाञ्चल क्षेत्रको जनसङ्ख्या र प्रसिद्ध ठाउँहरू बताउन ।
- मध्यपश्चिमाञ्चल क्षेत्रको प्राकृतिक स्वरूपको वर्णन गर्न ।
- मध्यपश्चिमाञ्चल क्षेत्रको जनसङ्ख्या, प्रसिद्ध ठाउँहरूको पहिचान गर्न ।
- सुदूरपश्चिमाञ्चल क्षेत्रको भूस्वरूप र जनसङ्ख्या बताउन ।
- सुदूरपश्चिमाञ्चल क्षेत्रको सामाजिक र आर्थिक क्षेत्रमा देखिएका समस्याहरूको पहिचान गर्न ।
- उल्लिखित तीनै क्षेत्रको नक्सा कोर्न र स्थान पत्ता लगाउन ।
- उत्तर अमेरिका र दक्षिण अमेरिका (ल्याटिन अमेरिका) को प्राकृतिक अवस्था र सामाजिक जनजीवनको उल्लेख गर्न ।
- अफ्रिका महाद्वीपको प्राकृतिक अवस्था र सामाजिक जनजीवनको पहिचान गर्न ।

एकाइ - ७.

मानव सभ्यता र हाम्रो विगत



पृथ्वीनारायण शाह नेपाल अम्वलगरु भन्या
मनसुवाले रुपैया बटुल्दा भया । ताहा एक
अर्नाका सिङ्भरी रुपैया हुँदा बहुतै खुस् भै
तेहि रुपैयाले भरियाको सिङकन ... लि
वहुत धनाडय भयाको नेपाल मल्ल राजा .....
मार्ना निमित प्रस्थान गर्दा भया ।

- चित्रत्न सौन्दर्य गाथाबाट

पाठ – १. (क) नेपाल राज्यको एकीकरण अभियान

सोनानी चकटीमा बसेर आफ्नी बहिनी मेनुकालाई नेपाल राज्यको एकीकरणबारे पढेर सुनाइरहेकी थिइन् । त्यसैबखतमा कक्षा ८ मा पढ्ने मोहिनी त्यहाँ आइन् र सोनानीसँग त्यस सम्बन्धमा प्रश्नहरू गर्न थालिन् ।

मोहिनी : पृथ्वीनारायण शाहको जन्म कहिले र कहाँ भएको थियो ।

सोनानी : पृथ्वीनारायण शाहको जन्म वि.सं. १७७९ पुष २७ गतेका दिन (तदनुसार सन् १७२३ जनवरी ७) गोरखामा भएको थियो ।

मोहिनी : पृथ्वीनारायण शाह राजा भएको कति वर्षपछि नुवाकोट नेपालभित्र गाभियो ?

सोनानी : मोहिनी, नुवाकोट विजय गर्ने काम सजिलो थिएन सर्वप्रथम नुवाकोट माथि पृथ्वीनारायण शाहका पिता नरभूपाल शाहले आक्रमण गर्दा हार खानु परेको थियो । त्यसपछि पृथ्वीनारायण शाह बीस वर्षमा गोरखाका राजा भएको वर्ष नै नुवाकोटमा आक्रमण गरे तर यसपटक पनि हार भयो । पुनः गोर्खाली फौजले बनारसको



७.१ पृथ्वीनारायण शाहको विजय अभियानको नक्सा

भ्रमण गरी हातहतियार जम्मा गरेर नुवाकोटमाथि आक्रमण गरे। यसपटक भने गोरखाली फौजले नुवाकोटमा अधिकार जमायो। त्यसवखत नुवाकोट काठमाडौँअन्तर्गत थियो। त्यसको सुरक्षाको जिम्मा जयन्त रानाले लिएका थिए। यसअघि जयन्त राना नरभूपाल शाहका सेनानायक थिए तर नुवाकोटको पहिलो युद्धमा हार भएको हुनाले यिनी काठमाडौँका राजा जयप्रकाश मल्लका शरणमा गएर नुवाकोटको रक्षा गर्ने अभिभारा लिएका थिए।

मोहिनी : शङ्खमणि राना कसरी मारिए ?

सोनानी : गोरखालीहरूले अन्तिम पटक नुवाकोटमा आक्रमण गर्दा जयन्त राना काठमाडौँ गएका थिए। यिनले आफ्ना छोरा शङ्खमणि रानालाई नुवाकोटको सुरक्षा गर्ने अभिभारा सुम्पेका थिए। त्यसै बखत गोरखालीहरूले नुवाकोटमाथि आक्रमण गरेर शङ्खमणि रानालाई मारेका थिए ?

मोहिनी : जयन्त राना कहाँ, कसरी मारिए ?

सोनानी : नुवाकोटको विजयपछि गोरखालीहरूले बेलकोटमाथि आक्रमण गरे। त्यसबखत जयन्त राना काठमाडौँबाट बेलकोटमा आएका थिए। बेलकोटको युद्धमा जयन्त राना समातिएर मारिए।

क्रियाकलाप

१. एकाइमा दिइएका बाक्य पढ र अर्थ लेख।
२. एकीकरण अभियानको सिलसिलामा गरिएका कामहरूको बुँदागतरूपमा सूची बनाऊ।
३. पाठमा दिइएका नक्सा जस्तै ठूलो नक्सा बनाई प्रदर्शन गर।
४. तिम्रा मातापिताले हालको अवस्थामा आउन केके अप्ठ्याराहरू भोग्नु परेको थियो, यसभन्दा राम्रो अवस्थामा आउन अझ केके गर्नुपर्ला ?
५. आफ्ना समुदायमा योगदान गर्ने कुनै एक व्यक्तिको जीवनी झल्कने संवाद बनाई अभिनय गर।

तिम्रो समुदायमा

१. आफ्नो समुदायमा मानिसहरूले गरिरहेका कामको अवलोकन गर्न फाराम बनाऊ। कामको अवलोकन गरिने व्यक्तिलाई बाधा नपर्ने गरी उसले गरेको एकएक काम टिप्दै जाऊ। तिमीसँग घडी छ भने कुनकुन समयमा ती व्यक्तिले केके काम गरे टिप्न नबिर्स।
२. ती व्यक्तिको जीवन कृति आफ्नो अवलोकनको आधारमा तयार गर।
३. काम र जीवनशैलीलाई मिलाई संवाद बनाई कक्षामा प्रस्तुत गर।
४. एकीकरण र विस्तारमा के अन्तर हुन्छ, उदाहरण दिई प्रस्तुत गर।

पाठ – १. (ख) एकीकरण अभियानका प्रमुख स्थलहरू

एकीकरण अभियानका घटना

मिति (वि.सं.)	घटना
१७९९ चैत्र २५	पृथ्वीनारायण शाहको राज्यारोहण ।
१७९९ कार्तिक	नुवाकोटमा आक्रमण र पराजय ।
१८०१ आश्विन १५	नुवाकोट विजय र शङ्खमणि राना मारिए ।
१८११ श्रावण	दहचोक दखल गरी किल्ला निर्माण गरे ।
१८१४ जेष्ठ १९	गोरखालीहरूद्धारा कीर्तिपुरमा पहिलो आक्रमणमा र कालु पाँडेले विरगति प्राप्त ।
१८१९ भाद्र ९	मकवानपुर विजय, राजा दिग्बन्धन सेन भागे ।
१८१९ आश्विन २२	हरिहरपुर विजय, दिग्बन्धन सेन र यिनका परिवार समातिए ।
१८१९ माघ १०	गुरगिन खाँको नेतृत्वमा आएको बङ्गालको नवाव मिरकासिमको फोजको हार ।
१८२३ भाद्र	कीर्तिपुरमाथि दोस्रो असफल आक्रमण ।
१८२३ माघ र चैत्र	कीर्तिपुरलाई घेरावन्दी, चैत्रशुक्ल नवमी रातमा कीर्तिपुरद्धारा आत्मसमर्पण ।
१८२४ आश्विन २४	कप्तान किनलकको नेतृत्वमा आएको फौज गोरखाली विजय ।
१८२५ आश्विन १३	काठमाडौँमाथि अधिकार, राजा जयप्रकाश मल्ल पाटन भागे ।
१८२५ आश्विन २४	पाटनमाथि अधिकार, पाटनको राजा तेजनरसिंह मल्ल, कान्तिपुरका राजा जयप्रकाश मल्ल भक्तपुरतर्फ पलायन भए ।
१८२६ कार्तिक २८	भक्तपुरमाथि आक्रमण, ३ दिनसम्म युद्ध र गोरखालीतर्फ ५० र भक्तपुर तर्फ १७०० मारिएका, भक्तपुरका राजा रणजीत मल्लद्धारा आत्मसमर्पण ।
१८२८ माघ १३	नेपाली सेना चौविसी विजय गर्न असफल भई फर्के ।
१८३० श्रावण ४	कमलानदी पारी चौदन्डीमाथि अधिकार ।
१८३१ श्रावण ५	कोसीपारि विजयपुरमाथि अधिकार, नेपालको सिमाना पूर्वमा टिस्टा नदी पुऱ्याइएको ।
१८३१ माघ १	पृथ्वीनारायण शाहको स्वर्गारोहण ।

स्रोत : पूर्णिमा, पूर्णाङ्क २७



७.२ गोरखा दरवारको काष्ठकला र दरवार

क्रियाकलाप

१. पाठमा दिइएको मिति र घटनाको आधारमा समयरेखा बनाई प्रस्तुत गर ।
२. तिमी र तिम्रा एक साथीले एक महिनामा गरेका प्रमुख कामहरूको तालिका बनाई कक्षामा प्रस्तुत गर ।
३. पाठमा दिइएका चित्रहरूजस्तै चित्र बनाई प्रत्येक चित्रको वर्णन गर ।

तिम्रो समुदायमा

१. तिम्रो समुदायमा भएका वर्ष दिनका प्रमुख घटना को तालिका बनाई प्रस्तुत गर ।
२. तिम्रो समुदायका विभिन्न नमुनाका पाँच घरका चित्र बनाई वर्णन गर ।
३. समुदायमा कुनै घर बनाउन लागेको समय, निर्माण सामग्री र गरिएका काम उल्लेख गर्दै समयरेखा बनाऊ ।

पाठ – २. एकीकरण अभियानको विस्तार

पृथ्वीनारायण शाहको मृत्युपछि उनका उत्तराधिकारीहरूले एकीकरण अभियानलाई अघि बढाउँदै लगे । प्रताप सिंह शाहको छोटो कार्यकालमा उपर्दाङगढी, कविलासपुर गढी, सुमेस्वर गढी र चितवनसमेत नेपालमा गाभिएका थिए । वि.सं. १८३४ मङ्सिर २६ वर्षको अल्पायुमा प्रताप सिंह शाहको मृत्यु भएपछि उनका अढाई वर्षका छोरा रणबहादुर शाहलाई गद्दीमा राखी आमा राजेन्द्र लक्ष्मीले नायवको रूपमा शासन सञ्चालन गर्न थालिन् ।

७.३ राजेन्द्रलक्ष्मी

राजेन्द्र लक्ष्मीले बेतियामा निर्वासित जीवन बिताइरहेका देवबहादुर शाहलाई काठमाडौँ बोलाएर केही समय देवर भाउजू संयुक्त शासन चलाए । फेरि देवर भाउजूको बीचमा मनोमालिन्य बढ्यो । फलस्वरूप बहादुर शाह पुनः बेतियामा नै निर्वासित हुनुपऱ्यो । राजेन्द्रलक्ष्मीको नायवी कालमा पाल्पा, पर्वत, तनहुँ, लमजुङ र कास्कीको गठवन्धन थियो । राजेन्द्रलक्ष्मीले पश्चिम अभियानमा बलभद्र कुँवर, दामोदर पाण्डे, अमरसिंह थापा, वंशराज पाण्डे आदिको नेतृत्वमा नेपाली फौज पठाएर तनहुँलाई नेपालमा मिलाउने काम भयो । कास्कीले आफ्नो गठवन्धन तोडी विश्वासघात गरेकाले चौबिसी सेनाको पराजय भएको ठानी पर्वतले कास्कीमा आक्रमण गऱ्यो । कास्कीले गोरखासँग सहयोग माग गर्दा नेपाली फौजले सो आक्रमण बिफल तुल्याई कास्कीको सुरक्षा गऱ्यो । त्यसपछि वंशराज पाण्डेको नेतृत्वमा नेपाली फौजले लमजुङमा अधिकार जमायो । नेपाली फौज पर्वत र पाल्पा विजय गर्न अघि बढेका बेला पर्वतका राजा कीर्तिबम मल्लले कास्कीलाई फेरि आफ्ना पक्षमा मिलाई लमजुङमा आक्रमण गरे तर यस लडाइँमा नेपाली सेना कै विजय भयो । एक वर्षपछिं नेपाली फौजले कास्की विजय गरी पल्लो नुवाकोट, गरहुँ, रिसिङ, भीरकोट, सतहुँ आदि ठाउँमा कब्जा जमायो । यसरी चौविसी राज्यको विजय अभियानमा महत्त्वपूर्ण सफलता हासिल गरी वि.सं. १८४२ श्रावण २ गते राजेन्द्र लक्ष्मीको निधन भयो ।

राजेन्द्र लक्ष्मीको मृत्युपछि बहादुर शाह बेतियाबाट नेपाल आएर रणबहादुर शाहको नायवको रूपमा शासन सञ्चालन गर्न थाले । चौबिसी राज्यमा पाल्पा र पर्वत विजय गर्न बाँकी नै थियो । उनले राजा महादत्त सेनकी छोरीसँग विवाह गरी गोप्य सन्धि गरेर आफ्नो विजय अभियानको बाटो खोले । वि.सं. १८४३ जेठमा गुल्मी, अर्घाखाँची, धुर्कोट आदि ठाउँहरू नेपालमा गाभिए । वि.सं. १८४३ आश्विनमा पर्वत पनि विजय भयो । यसपछि प्युठान, दाङ र रोल्पासमेत नेपालमा गाभिए । यसै क्रममा

जाजरकोटले पनि नेपालको अधिनमा रहने कुरालाई स्वीकार गऱ्यो । चौबिसी र वाइसी विजय अभियानपछि अमरसिंह थापाको नेतृत्वमा नेपाली सेना कुमाउँ गढवालतर्फ लाग्यो । यो फौजले दैलेख र अछाम विजय गऱ्यो । कुमाउँको नयाँ सरकारसँग सन्धि गरी वि.सं. १८४७ चैत्र ११ गते कुमाउँको राजधानी अलमोडा र वि.सं. १८४८ आषाढ १२ गते गढवालको राजधानी श्रीनगर जित्दै नेपाली फौज अलकान्दसम्म पुग्यो । यही समयमा नेपाल तिब्बत युद्ध सुरु भएकाले गढवालसँग सन्धि गरी नेपाली फौज फिर्ता भयो । सन्धिअनुसार गढवालले नेपालको अधिनता स्वीकार गरी वार्षिक ९ हजार नेपाललाई बुझाउने व्यवस्था भयो । नेपाल तिब्बत युद्ध वि.सं. १८४९ मा चीनको मध्यस्थतामा रोकियो । बेत्रावतीको सन्धिअनुसार नेपाली उत्तरी सिमाना तातोपानी पुरानै कायम भयो । नेपालको एकीकरण अभियानमा ठूलो योगदान पुऱ्याएर बहादुर शाहको वि.सं. १८५४ मा जेलमा दुःखदायी निधन भयो ।

क्रियाकलाप

१. एकीकरण अभियानको विस्तारलाई संवादमा परिवर्तन गरी अभिनयसाथ कक्षामा सुनाऊ ।
२. आफ्नो तीन पुस्ताको तालिका बनाई कक्षामा प्रदर्शन गर ।
३. राजेन्द्रलक्ष्मीको शासनकालको प्रसङ्ग जोडेर आफ्नो साथीलाई राष्ट्रको भलाइको निम्ति समर्पित हुन सल्लाह दिई एक चिठी लेख ।
४. तिम्रो जीवनमा घटेका सबभन्दा स्मरणीय घटनालाई आधा पृष्ठमा लेखेर कक्षामा सुनाऊ ।
५. बहादुर शाहको नायवी कालमा नेपालमा गाभिएका ठाउँहरूको नाम लेख ।

तिम्रो समुदायमा

१. तिम्रो समुदायमा कुनै नारीले राष्ट्रको विकासमा नेतृत्व लिई योगदान दिइरहेको हुनसक्छ । तिनले प्रत्येक दिन गर्ने दिनचर्याको टिपोट गर ।
२. तिमीले प्राप्त गरेको जवाफको आधारमा जीवनी तयार गरी कक्षामा सुनाऊ ।
३. तिमीले सुनेका जीवनीमध्ये सबभन्दा राम्रो कसको लाग्यो र राम्रो लाग्नुपर्ने कारणहरू केके थिए, लेख र कक्षामा सुनाऊ ।
४. तिम्रो परिवारमा घरभित्रको जिम्मा कसलाई दिइएको छ । त्यसरी जिम्मा पाउनु अधिकार हो कि कर्तव्य हो, आफ्नो राय देऊ ।

शब्दार्थ

मध्यस्यता = दुईबीचको भगडा वा युद्धमा तेस्रो पक्ष बसेर मिलाउने काम ।

पाठ – ३. राणाकालीन प्रधानमन्त्रीहरूका सामाजिक कार्यहरू

मैले पल्लो घरकी पार्वतीलाई भेटेर राणा शासानकालमा भएका सामाजिक कार्यको विषयमा सोधे। तिनले आफू १९९० सालको भूइँचालोमा जुद्धशमशेरको प्रधानमन्त्रीत्वकालमा जन्मेको कुरा बताउँदै आफ्ना बाजेले भनेको र आफूले भोगेको आधारमा दिइएको जवाफलाई तालिकाबद्ध गरिएको छ। वि.सं. १९८८ श्रावण ४ गते प्रधानमन्त्री भीमशमशेरले मृत्युदण्ड उन्मूलन गर्ने सम्बन्धमा जारी गरेको सनद यस्तो छ :

> "राजकाज जङ्गी अैनले ज्यान काटिनमाबाहेक अरू अैन अैनमा ज्यान लिनुभनी र काटना मार्नामा तजविज भनी लेखिएको समेतमा ज्यान नलिनु दामल गर्नु, जारिको खतमा साधुले ज्यान काट्न पाउने खतमा पनि ज्यान काट्न पाउँदैन। अरू खतमा जुन सजाय रोजछ सो मात्र गर्न पाउँछ।"

नेपालको कानुनी इतिहासका केही पृष्ठ

भीमशमशेरले । त्रिभुवनलाई हाम्रो प्रचण्ड गोरखाको फैसला सुनाउने दिन टङ्गाल दरबारमा ल्याएका रहेछन्। त्रिभुवनलाई उनले भने, ... "यिनीहरूलाई काट्ने थिए, ज्यान सजाय खारेज गरेकाले दामल गरी जन्म कैद राख्छु ...।" - खड्गमान सिंह *(जेलमा मेरो पहिलो रात)*

जुद्ध शमशेरले भीमशमशेरको सनदलाई भङ्ग गर्दै चार सहिदलाई मृत्यु दण्ड दिए। यिनले राजकाज अपराध लगाएर नेपाल आमाका सपुत सहिदहरूलाई निर्ममतापूर्वक मृत्यु दण्ड दिन लगाए।

सुरेन्द्र र जङ्गबहादुरको शासनकालमा बनेका मुलुकी ऐनका केही अंश "विराना मुलुकमा राजादेखि रैयतसम्म कसैले शिवालय धर्मशाला नबनाउनु ... किन भन्या आफ्ना राज्यमा बनाया थोरै भया पनि आफ्ना सन्तानले टालटुल गरी बनाउन पाउने, आफ्नो देश राम्रो हुन्या"

राणा प्रधानमन्त्रीहरू र पदभार ग्रहण गरेको वर्ष (वि.स.मा)	कूल शासन अवधि	सामाजिक सुधार
१. जङ्गबहादुर १९०३	३१ वर्ष	पहिलो पटक मुलुकी ऐन प्रकाशित, गिद्देप्रेसको स्थापना
२. रणोद्धीपसिंह १९३४	८ वर्ष	संस्कृत पाठशाला र छात्रावासको व्यवस्था
३. वीरशमशेर १९४२	१६ वर्ष	वीर अस्पताल, वीर पुस्तकालय, वीर धारा
४. देवशमशेर १९५८	११४ दिन	देशका विभिन्न भागमा पाठशालाको स्थापना, गोरखापत्र प्रकाशन
५. चन्द्रशमशेर १९५८	२८ वर्ष	सती तथा दासप्रथाको अन्त्य, त्रिचन्द्र कलेजको स्थापना
६. भीमशमशेर १९८६	३ वर्ष	मृत्युदण्डलाई कैदमा परिणत

७. जुद्धशमशेर १९८९	१३ वर्ष	औद्योगिकीकरणको सुरुवात
८. पद्मशमशेर २००२	३ वर्ष	कन्या पाठशाला, प्रौढ शिक्षाको व्यवस्था, वैधानिक कानुनको घोषणा
९. मोहनशमशेर २००५	२ वर्ष	शिक्षकहरूको सङ्ख्या र तलवमा वृद्धि सरकारी तथा गैरसरकारी पदहरूको विज्ञापन । संयुक्त राष्ट्र सङ्घको सदस्य ई. १९५० को नेपाल भारत सन्धि लागि प्रयास ।

क्रियाकलाप

१. तिमीले पार्वतीजस्तै अन्य कुनै छिमेकी महिलालाई राणा शासनकालमा भएका सुधार-सम्बन्धी कुरा थाहा पाउन प्रश्नहरू सोध्नुपरेमा केके प्रश्नहरू बनाउँछौ ? प्रश्नहरू बनाउँदा माथि पाठमा दिइएका सबै विषयवस्तुको साथै अन्य केही कुरा पनि थाहा पाउन सकियोस् । प्रश्न बनाई सकेपछि साथीहरूलाई सोध ।

२. कसैको पनि ज्यान लिनु राम्रो काम होइन । त्यसै हुनाले सभ्य समाजमा मृत्युदण्डलाई निरुत्साहित गरिन्छ । तिमीले राणा शासनकालमा यस सम्बन्धमा गरिएको कामको चर्चा गर्दै कुनै पत्रिकाको सम्पादकलाई पत्र लेख ।

तिम्रो समुदायमा

१. तिम्रो समुदायमा राणा शासनकालमा बनेका घर, पाटी, पौवा, मठ, मन्दिर, धारा, बाटोघाटो वा कुनै पनि वस्तु हुनसक्छ । तीमध्ये एउटाको चित्र बनाऊ र त्यसको निर्माण मिति, बनाउने व्यक्तिहरू, त्यसबाट हुने फाइदाहरू उल्लेख गर्दै त्यसको संरक्षणका निम्ति पुरातत्त्व विभागलाई पत्र लेख ।

२. आफ्ना समुदायमा भएका पुरातात्त्विक वस्तुहरूको संरक्षणका निम्ति तिमीले आफ्नो व्यक्तिगत रूपमा कसरी सहयोग गर्न सक्छौं । सहयोग गर्नका निम्ति एक महिनाको कार्यक्रम बनाऊ ।

३. तिमीले बनाएको कार्यक्रमअनुसार काम गर्दा भएका सुधार टिपेर त्याई कक्षामा सुनाऊ ।

शब्दार्थ

दामल गर्नु = तातो पाताले शरीरमा डाम्नु

जार = पत्नी अपहरण गर्ने

सनद = सरकारी आज्ञापत्र

जारी = पत्नी हरण भएबापत पाउने रकम

पाठ - ४. वि.सं. २००७ देखि २०४६ सम्मका प्रमुख उपलब्धिहरू

वि.सं. २००७ सालमा प्रजातन्त्र प्राप्त भएपछि विभिन्न क्षेत्रमा केही सुधारहरू भएका देखिन्छन् । ती निम्नानुसार रहेका छन् :

१. सामाजिक सुधार

वि.सं. २००७ देखि २०४६ बीचमा सामाजिक क्षेत्रमा धेरै सुधार भएका थिए । त्यसमध्ये २०२० सालमा भएको मुलुकी ऐनलाई महत्त्वपूर्ण रूपमा लिइन्छ । उक्त मुलुकी ऐनले जात, वर्ण, धर्म, लिङ्ग आदिको आधार मा भेदभाव गर्न नपाइने व्याख्या गरेको थियो । उक्त ऐन २०२० सालको भाद्र १ गतेदेखि लागू भएकाले हरेक भाद्र १ गतेलाई मुक्ति दिवसको रूपमा मनाउने चलनसमेत रहेको पाइन्छ ।

७.४ वृक्षरोपण

२. आर्थिक सुधार

वि.सं. २०१३ मा पहिलोचोटी पञ्चवर्षीय योजनाको सुरुवात भएको थियो । उक्त योजनालाई हालसम्म पनि निरन्तरता दिइएको छ । हाल देशमा दसौँ पञ्चवर्षीय योजना कार्यान्वयनमा रहेको छ । वि.सं. २०२१ सालमा भूमिसुधार ऐन लागू भएको थियो । उक्त ऐनले जग्गाजमिनको न्यायोचित वितरण गर्ने, जग्गाको हदबन्दी तोक्ने, जमिनदारी प्रथा, किपट प्रथा र उखडा प्रथाको अन्त्य गर्ने, मोहियानी हकको व्यवस्था गरेको थियो । यसले कृषि क्षेत्रमा आधुनिकीकरण गर्ने कुरासमेत गरेको थियो । त्यसै समयमा विभिन्न सडकहरूसमेत बनेर आर्थिक क्षेत्रमा सहयोग पुगेको थियो ।

३. प्रशासनिक सुधार

देशको विकासलाई योजनाबद्ध रूपमा अगाडि बढाउन देशलाई प्रशासनिक रूपमा विभाजन गर्ने कार्य भएको थियो । यसका लागि वि.सं. २०१८ मा १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरिएको थियो । यसै गरी वि.सं. २०२९ मा चार विकास क्षेत्र (पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल

र सुदुर पश्चिमाञ्चल) विभाजन गरिएको थियो भने वि.सं. २०३७ सालमा पाँच विकास क्षेत्र बनाइयो ।

४. शैक्षिक सुधार

वि.सं. २००७ देखि २०४६ सम्म पर्याप्त मात्रामा शैक्षिक सुधारसमेत भएको थियो । वि.सं. २०१६ मा त्रिभुवन विश्वविद्यालयको स्थापना भएको थियो । शिक्षाको क्षेत्रमा अझ महत्त्वपूर्ण सुधार वि.सं. २०२८ मा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएको थियो । उक्त योजनामार्फत देशमा व्यावसायिक शिक्षाको सुरुवात गरिएको थियो । वि.सं. २०३१ सालदेखि प्राथमिक तहमा निःशुल्क शिक्षा लागू भएको थियो भने वि.सं. २०३५ देखि निःशुल्क पाठ्यपुस्तक वितरण कार्य सुरु भएको पाइन्छ ।

क्रियाकलाप

१. २००७ देखि २०४६ सालसम्मको आर्थिक सुधारको विषयमा माथिका विषयवस्तुका आधारमा समाचार बनाई कक्षामा सुनाऊ । यस्तो समाचार बनाउँदा अन्य समाचार पत्रहरूको सहयोग लेऊ । आफ्ना साथीहरूले बनाएका समाचारहरू पनि सुन र आफ्नो प्रतिक्रिया देऊ ।

२. वि.सं. २०२० मा समतामूलक समाजको निर्माण गर्न मुलुकी ऐन लागू भयो । यो ऐन लागू भएको ४० वर्षभन्दा बढी समय व्यतित भइसक्यो । के नेपाली समाज ऐनले अपेक्षा गरेको जस्तो बनेको छ, छैन भने समतामूलक समाज कसरी बनाउन सकिन्छ, बुँदागतरूपमा सुझाव देऊ ।

३. २००७ देखि २०४६ सालसम्म भएको शैक्षिक तथा प्रशासनिक क्षेत्रमा भएको सुधारका महत्त्वपूर्ण पक्षहरू बुँदागत रूपमा लेख ।

तिम्रो समुदायमा

तिम्रो समुदायमा छोरा र छोरी दुवै पढ्न जान्छन् भने कुनकुन परिवारका छोराछोरीहरू कस्ता पाठशालामा पढ्न जान्छन्, भेदभाव गरिएको छ कि छैन, कुनै परिवारमा कुनै बालबालिका पढ्न जाँदैनन् भने पढ्न नजाने कारण पत्ता लगाऊ र पढ्न जान सुझाव देऊ वा तिमीले पनि पाठशालामा भर्ना हुन सहयोग पुऱ्याई देऊ । तिमीले गरेको सहयोग कक्षामा साथीहरूलाई पनि सुनाऊ ।

शब्दार्थ

मुलुकी ऐन = वि.सं. २०२० मा जात, वर्ण, धर्म, लिङ्ग आदिको आधारमा भेदभाव गर्न नपाइने गरी बनेको कानुन ।

पाठ - ५. प्राचीन रोमको सभ्यता

मैले इटली निवासी सिल्वा नामकी महिलालाई सोलुखुम्बु क्षेत्रमा पर्वतारोहण गर्दै रहेको अवस्थामा भेटें। मैले तिनलाई रोमको सभ्यताको विषयमा केही बताइदिन अनुरोध गरें। हामी दुवै एउटा रूखमुनि बस्यौं। तिनले भन्दै गइन् र मैले तिनले भनेको कुरा एउटा डायरीमा टिप्दै गएँ। सिल्वाले मेरो ध्यान आफूतर्फ तान्दै भनिन्, "बुझ्नुभो, प्राचीनकालमा इटली रोमन साम्राज्यका रूपमा प्रसिद्ध थियो। समुद्र किनारदेखि १२ माइल टाढा टाइवर नदीको किनारमा रोम सहर रहेको छ। ७५३ इ.पू. मा रोमलस र रोमस नामका दुई दाजुभाइहरूको नामबाट रोम सहरको नाम रहन गएको विश्वास गरिन्छ।"

तिनले बसाइको आसन फेरिन् र लामो स्वास फेर्दै आकाशको क्षितिजतर्फ हेर्दै भन्न थालिन् "रोममा धेरै वर्षसम्म पौट्रिसियन र प्लेवियन नामका दुई जातिहरूको बीचमा सङ्घर्ष चलिरह्यो। पौट्रिसियनहरू धनी थिए तर प्लेवियनहरू गरिब थिए, अन्त्यमा दुवैको बीचमा सम्झौता भयो, प्लेवियनहरूले केही अधिकार प्राप्त गरे जसलाई बाह्र पाता (Twelve Table) भनिन्छ। यस सम्झौतापछि राष्ट्रिय एकता कायम भयो र रोमन साम्राज्यको विस्तार गर्ने अनुकूल वातावरण तयार भयो।" मैले धैर्य गर्न सकिनँ, आफ्नो जिज्ञासा राख्दै गएँ। तिनले जवाफ दिइन्-"रोमनहरूले उत्तरी अफ्रिकाको एउटा शक्तिशाली राज्य कार्थेजमाथि आक्रमण गरे। यस युद्धलाई प्युनिक युद्ध पनि भनिन्थ्यो। यो युद्ध तीन पटकसम्म भयो। दोस्रो प्युनिक युद्धलाई "हेनिवाल युद्ध" पनि भनिन्थ्यो किनभने यो युद्ध कार्थेजका सेनापति

७.५ रोमन साम्राज्य र जुलियस सिजर

हैनिवाल रोमनहरूप्रतिको घृणाले गर्दा भएको थियो। कार्थेजको हारपछि सम्पूर्ण भूमध्यसागर रोमनहरूको नियन्त्रणमा आयो। कार्थोतिज निवासी रोममा दास बनाइए। रोमको इतिहासमा जुलियस सिजर (Julius Caesar 100-44 BC) को महत्त्वपूर्ण स्थान थियो। यिनको छोटो शासनकालमा रोमन साम्राज्य पश्चिममा स्पेनदेखि पूर्वमा युफ्रेटस नदी र दक्षिणमा सहारादेखि उत्तरमा बेलायतसम्म फैलिएको थियो। यिनी विजयको खुसीमा भन्ने गर्दथे। "म आएँ, मैले देखेँ, मैले विजय गरेँ।" १५ मार्च ४४ इ.पू. मा अधिनायकवादी भएको आरोपमा सिनेट भित्रै यिनको हत्या गरियो।" "जुलियस सिजरपछि रोमको शासक को भए ?" भनी मैले प्रश्न गर्दा सिल्वा भन्छिन्", अगस्टस सिजर (Augustus Caesar) जुलियस सिजरका भतिजा रोमका शासक भए। यिनको चवालीस वर्षको शासनलाई स्वर्णयुग भन्दछन्। यिनले मौद्रिक स्थितिमा सुधार गर्नुको साथै आफ्नो निगरानीमा न्याय व्यवस्थालाई राख्ने, नगर र प्रान्तमा स्वायत्त शासनको स्थापना गर्ने र योग्य व्यक्तिलाई प्रशासनिक पदमा राख्ने परम्पराको थालनी गरेका थिए। सिल्वा बडो जोशको साथ भन्न थालिन्- "रोमले नै सबभन्दा पहिले कानुनको निर्माण गरेको थियो। रोमन कानुनलाई तीन भागमा विभाजित गरिएको थियो। पहिलोलाई देवानी कानुन (The Civil Law), दोस्रोलाई जनताको कानुन (The Law of the people) र तेस्रोलाई प्राकृतिक कानुन (The Natural Law) भनिन्थ्यो।" साँझ परिसकेको थियो। त्यसैले फेरि भेट्ने बाचा गर्दै मैले सिल्वासँग बिदा लिएँ।

क्रियाकलाप

१. रोमको सभ्यता सम्बन्धमा पुस्तकालयमा अनेक पुस्तकहरू पाइन्छन्। पुस्तकालयमा गएर पाठसम्बन्धी महत्त्वपूर्ण बुँदा टिप र साथीसँग सोधेर केही कुरा थप। त्यसपछि पाठका विषयवस्तु तथा चित्रलाई समेटर माथिकै जस्तो गरेर सत्यमा आधारित कथा तयार गर।

२. नयाँ पुस्तक लेख्नुपर्दा तिमी कुनकुन प्रावधान अपनाउँछौ। एउटा तिम्रो आफ्नै किसिमको पूर्वाधार तयार गरी कक्षामा प्रस्तुत गर।

३. तिमीले रोमको इतिहास पढ्दा कुनकुन पुस्तक पढ्नुपर्ला पुस्तकको सूची तयार गर।

तिम्रो समुदायमा

१. तिम्रो समुदायमा दसजना मानिसलाई रोम कुन देश र महाद्वीप पर्दछ भनी प्रश्न गर। ठीक र बेठीक जवाफलाई तालिका बनाई देखाऊ।

२. तिम्रो समुदायको भाषा, कला र संस्कृतिको विकास गर्न केके गर्नुपर्ला, समुदायका विद्वान्हरूलाई सोधेर एक प्रतिवेदन तयार गर।

शब्दार्थ

देवानी कानुन = लेनदेन तथा जग्गासम्बन्धी कानुन

स्वर्णयुग = सबै क्षेत्रमा उन्नति भएको युग

पाठ - ६. पुनर्जागरण

प्यारी शान्ता

नमस्ते

तिमीले मलाई युरोपको पुनर्जागिरण (Renaissauce) बाट भएको परिवर्तनका विषयमा सोधेर पठाएको इमेल प्राप्त भयो । पुनर्जागिरणको प्रारम्भ इटलीबाट भयो र यसको प्रभाव जर्मनी, फ्रान्स र बेलायत हुँदै सारा युरोपमा फैलियो ।

पुनर्जागिरणकालमा साहित्य, कला, विज्ञान र भौगोलिक खोजका क्षेत्रमा अभूतपूर्व प्रगति भयो । इटलीका महाकवि अलिघेंरी दाँते (Alighenri Date 1265-1321) ले विश्वप्रसिद्ध ग्रन्थ डिभाइन कमेडीको रचना गरे । यिनले यो ग्रन्थ आफ्ना लोकभाषा तुस्कनमा लेखेका थिए । यसभन्दा अघि इटलीमा ल्याटिन तथा युनानी भाषामा ग्रन्थहरू लेखिन्थे । नेपाली साहित्यमा भानुभक्तको आचार्यको जुन योगदान थियो, इटलीको साहित्यमा दाँतेको त्यही योगदान थियो । दाँतेले डिभाइन कमेडीमा ठूला भनाउँदाहरूमाथि व्यङ्ग गरेका थिए । उनको कथाअनुसार "उनले एकदिन जङ्गलमा बाटो बिराएछन् । त्यसैबखत अर्का रोमन कवि भर्जिलसँग भेट भएछ । भर्जिलले उनलाई नर्क देखाउन लगे छन् । उनले नर्कमा आफूले ठूला सम्झेका मानिसले त झुटा र विश्वासघाती काम गरेर नर्कमा यातना भोगिरहेका रहेछन् ।" इटलीका अर्का महान् मानवतावादी साहित्यकार फ्रान्सिसको पेट्रार्क (Francesco Petrach 1301-1374) थिए । चित्रकलाको क्षेत्रमा पनि इटलीले आफ्नो श्रेष्ठता कायम गयो । लियोनार्दो दा भिन्ची (Leonardo da vinci 1452-1519), माइकल एन्जेलो (Michelangelo 1475-1564), राफेलो साजियो (Raffaello Sanzio 1483-1520) पुनर्जागिरणकालीन इटलीका प्रसिद्ध चित्रकारहरू थिए । लियोनार्दो दा भिन्ची कला, विज्ञान, निर्माण, गणित तथा गायनका क्षेत्रमा निपुण थिए । यिनले बनाएका मोनालिसा (Monalisa), द लास्ट सुपर (The last supper), द भर्जिन अफ द रक्स (The virgin of the Rocks), द भर्जिन एन्ड चाइल्ड विथ सेन्ट एन (The virgin and child with soint Anne) नामका चित्रहरू विश्वप्रसिद्ध छन् । तीमध्ये मोनालिसाले निकै प्रसिद्धि पाएको छ । मोनालिसा एक व्यापारीकी पत्नी भएको विश्वास गरिन्छ ।

७.६ मोनालिसा

चित्रको ओठमा देखिएको मुस्कान अत्यन्त मनमोहक मानिन्छ, माइकल एन्जेलोले एकसय पैंतालीसओटा चित्र र दुईसय चौरानब्बेओटा मूर्ति बनाएका थिए । यिनका चित्रहरूमध्ये द लास्ट जजमेन्ट (The Last Judgement) विश्वप्रसिद्ध चित्र

मानिन्छ । यो चित्र सिस्टाइन चापेल नामको घरको भित्तामा बनाइएको छ । यिनलाई यो चित्र बनाउन साढे चार वर्ष लागेको थियो । राफेल सान्जिमोको बालकलाई छातीमा टाँसेको सिस्टाइन मोडिना नामको चित्र विश्वप्रसिद्ध भयो । मूर्तिकलाको क्षेत्रमा इटलीका लौरेन्जो गिबर्टी (Lorengo Ghiberti 1378-1455) र डेनाटेलो (Denatell 1386-1466) ले विशेष योगदान दिएका थिए । वस्तुकलाको क्षेत्रमा फिलिपो बुनेलेस्की (Fillipo Brunelleschi 1377-1446) ले विशेष योगदान दिएका थिए । पुनर्जागरणले गर्दा विज्ञानको क्षेत्रमा पनि नयाँनयाँ चमत्कारको थालनी भयो । इटलीका प्रसिद्ध वैज्ञानिक ग्यालिलियो (Galileo 1564-1642) ले दूरबिनको आविष्कार गरेर पृथ्वी र अन्य ग्रह सूर्यको वरिपरि घुम्दछन् भनी देखाई दिए । पुनर्जागरणले गर्दा भौगोलिक खोजको युगको पनि थालनी भयो । १४९२ इ. मा स्पेनका राजा फर्डिनेन्ड (Fedinand) र रानी इसाबेला (Isabella) ले क्रिस्टोफर कोलम्बसलाई पूर्वीय देशको भ्रमण गर्न पठाए । यिनले अमेरिका पत्ता लगाए । पुनर्जागरणकालका सबै कुरा लेख्न गाह्रो छ । आफ्नो पुस्तकालय वा नजिकको पुस्तक पसलमा गएर विश्वको इतिहास पढेर आफ्नो ज्ञानलाई फराकिलो बनाउनो छौ भन्ने आशा छ ।

तिम्रो साथी

रस्मी

क्रियाकलाप

१. पाठमा दिइएका विषयवस्तुको आधारमा मिति, नाम र काम देखाउने गरी तालिका बनाई कक्षामा प्रस्तुत गर ।

२. पाठमा दिइएका विषयवस्तु र अन्य पुस्तकको आधारमा संवाद बनाई कक्षामा अभिनय गरी देखाऊ ।

तिम्रो समुदायमा

१. तिम्रो समुदायमा सवारी साधन, कृषि सामग्री वा अन्य यन्त्रहरूमा परिवर्तन आएको हुनसक्छ । कुनै एउटा वस्तुलाई राम्ररी हेरी चित्र बनाऊ र लेखिएका कुराको वर्णन गर ।

२. यन्त्रको प्रयोग गर्ने मानिसहरूसँग त्यसबाट भएका फाइदाको विषयमा सोध र एउटा प्रतिवेदन तयार गरी कक्षामा सुनाऊ ।

शब्दार्थ

पुनर्जागरण = मध्यकालीन युरोपमा तेह्रौंदेखि सोह्रौं शताब्दीसम्म मानिसमा पुनरुत्थान गर्ने चेतना आयो जसलाई पुनर्जागरण भनिन्छ ।

सारांश

यस एकाइमा तिमीले निम्नलिखित कुराहरू सिक्यौ :

- त्रिरत्नसौन्दर्य गाथा पुस्तकमा लेखिएका कुराहरू पढ्न र बसन्तपुर दरबारको चित्र बनाउन ।
- एकीकरण सम्बन्धमा लेखिएको संवादलाई अभिनयसाथ पढ्न ।
- पाठमा दिइएको नक्सालाई ठूलो पारेर कक्षामा प्रस्तुत गर्न ।
- समुदायमा गएर काम गरिरहेका मानिसलाई हेरी तिनले गरेका प्रत्येक कामलाई टिपेर ल्याई त्यसको आधारमा संवाद बनाई कक्षामा प्रस्तुत गर्न ।
- एकीकरणको समयमा भएका प्रमुख घटनाहरू समावेश गरी समयरेखा बनाई प्रस्तुत गर्न ।
- एकीकरण अभियानको विस्तारबारे जानकारी प्राप्त गर्न ।
- राणा शासनकालीन समयमा भएका कामहरूलाई समुदायको कामसँग तुलना गर्न ।
- वि.सं. २००७ देखि २०४६ सम्मका प्रमुख आर्थिक, प्रशासनिक र शैक्षिक विकासको जानकारी प्राप्त गर्न ।
- रोमको सभ्यतालाई नेपाली सभ्यतासँग दाँज्न ।
- पुनर्जागरणको प्रक्रिया र परिणामलाई उपयोग गर्न ।

एकाइ - ८.

हाम्रो आर्थिक क्रियाकलाप



उन्नत बीउ, कीटनाशक, खादमल आदि ।
प्रयोग गरौं कृषि औजार, लगाऔं जल साथि ॥
उद्योग गरौं जीवनस्तर माथि उठाउनलाई ।
आर्थिक लाभ प्राप्त गरी जीवन चलाउनलाई ॥

पाठ - १. कृषि उत्पादनका प्रमुख क्षेत्रहरू

नेपाल कृषि प्रधान देश हो । धरातलीय स्वरूपका आधारमा नेपाललाई हिमाली, पहाडी र तराई प्रदेशमा विभाजन गरिएको छ । हावापानी, वर्षा र माटोका आधारमा कृषि उत्पादन कतै बढी र कतै कम हुन्छ । उत्पादनका आधारमा हेर्दा पनि कृषि उत्पादनका प्रमुख क्षेत्रहरू छुट्याउन सकिन्छ भने बालीका आधारमा पनि यसका क्षेत्रहरू छुट्याउन सकिन्छ । बालीलाई खाद्य र नगदे बालीमा वर्गीकरण गर्न सकिन्छ । यसरी वर्गीकरण गर्दा खाद्यबालीमा धान, मकै, गहुँ, कोदो, जौ, फापर आदि पर्दछन् । त्यसै गरी नगदे बालीमा उखु, जुट, तेलहन, सुर्ती, आलु, चिया, कफी, कपास, अलैंची आदि पर्दछन् । खाद्यबाली र नगदेबाली उत्पादन हुने प्रमुख क्षेत्रलाई तल तालिकामा देखाइएको छ :

(क) खाद्य बाली

क्र.सं.	बालीको किसिम	उत्पादन हुने प्रमुख क्षेत्रहरू	हावापानी, वर्षा र माटो
१.	धान	तराईका जिल्लाहरू र पहाडका बेंसी फाँटहरू	न्यानो हावापानी, पर्याप्त वर्षा र मलिलो माटो
२.	मकै	पहाडी प्रदेशका जिल्लाहरू र हिउँदमा तराईका जिल्लाहरू	उपयुक्त (समशीतोष्ण जलवायु) वर्षा, मलिलो, बलौटे र अन्य माटो
३.	गहुँ	पहाड र तराई प्रदेशका जिल्लाहरूमा (पानी नजम्ने जमिनमा)	चिसो हावापानी, कम वर्षा र मलिलो रातो, बलौटे माटो
४.	कोदो/ फापर	पहाडी प्रदेशमा, हिमाली	समशीतोष्ण उपयुक्त वर्षा र मलिलो,रातो र फुस्रो र अन्य माटो
५.	जौ	उत्तर पहाडी प्रदेश र हिमाली प्रदेशको तल्लो भाग (फेदी)	चिसो हावापानी (१०° तापक्रम) वर्षा (५० से.मि) कम मलिलो माटो

(ख) नगदे बाली

क्र.सं.	बालीको किसिम	उत्पादन हुने प्रमुख क्षेत्रहरू	हावापानी, वर्षा र माटो
१.	उखु	मोरङ, सुनसरी, रौतहट, सर्लाही, बारा, पर्सा, नवलपरासी, रुपन्देही, (मध्य र पूर्वी तराईका जिल्लाहरू	न्यानो हावापानी (२७° तापक्रम) पर्याप्त वर्षा (१२५ से.मि) मलिलो माटो
२.	जुट	झापा, मोरङ, सुनसरी र सप्तरी (पूर्वी तराईका जिल्लाहरू)	न्यानो हावापानी (२७° तापक्रम) वर्षा (१५० से.मि) मलिलो माटो
३.	सुर्ती	सिरहा, धनुषा, महोत्तरी, सर्लाही	न्यानो हावापानी (२०° तापक्रम) वर्षा (१०० से.मि) मलिलो माटो
४.	तेलहन (तोरी, आलस,सर्स्यु आदि)	चितवन, दाङ, कैलाली, बर्दिया, सिन्धुली, उदयपुर, रौतहट, आदि	न्यानो र शुष्क हावापानी मुलायम माटो र कम वर्षा

५.	आलु	नेपालका प्रायः सबै जिल्लामा यसको खेती गरिन्छ ।	वर्षा र हिउँद दुवै याममा हुन्छ । बलौटे र मलिलो माटो
६.	चिया	इलाम, झापा	न्यानो हावापानी, पर्याप्त वर्षा, मलिलो माटो
७.	कफी	गुल्मी, अर्घाखाँची, पाल्पा	समशीतोष्ण हावापानी
८.	अलैंची	इलाम, ताप्लेजुङ, पाँचथर संखुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा आदि ।	चिस्यान जमिन (खोल्साखोल्सी समेत हुने)
९.	कपास	बाँके, बर्दिया, कैलाली, दाङ, कञ्चनपुर र पहाडका बेंसीहरू	समशीतोष्ण हावापानी, उपयुक्त वर्षा र मलिलो माटो

खाद्य र नगदे बालीले कृषि उत्पादनमा महत्त्वपूर्ण योगदान दिई देशको आर्थिक विकासमा समेत टेवा दिएको छ । कृषि उत्पादनमा आधारित थुप्रै उद्योगधन्दाहरू पनि सञ्चालित छन् । आजकाल बालीहरूलाई वर्णसङ्कर (hybrid) गरी जुनसुकै स्थानमा जहिले पनि उत्पादन गर्न सक्ने गरी विकसित गरिएको छ ।

क्रियाकलाप

१. उखु उत्पादन हुने प्रमुख क्षेत्रहरू उल्लेख गर ।
२. जुटबाट कुनकुन सामग्री बनाइन्छ, छलफल गरी लेख ।
३. मकै कस्तो खालको हावापानीमा बढी उत्पादन हुन्छ ?
४. तेलहन उत्पादन हुने प्रमुख क्षेत्रलाई नक्सामा देखाऊ ।
५. कृषि उत्पादन हुने प्रमुख क्षेत्रहरू उल्लेख गरी समाचार बनाऊ ।

तिम्रो समुदायमा

१. **तिम्रो समुदायमा उत्पादन हुने बालीहरूको सूची बनाऊ र ती बालीका लागि कस्तो वर्षा, हावापानी र माटो चाहिन्छ, समूहमा छलफल गरी एउटा प्रतिवेदन तयार पार ।**
२. **तिम्रो समुदायमा कुन बाली सबैभन्दा बढी उत्पादन हुन्छ, स्थानीय किसानसँग सोधपुछ गर । यसरी बढी उत्पादन हुनुको कारण पत्ता लगाऊ र कक्षामा प्रस्तुत गर ।**

शब्दार्थ

तेलहन = तिल, तोरी, आलस, सर्स्यू, भटमास जस्ता तेल आउने वस्तु
समशीतोष्ण = ज्यादा गर्मी पनि नहुने, ज्यादा ठन्डी पनि नहुने
शुष्क = चिसोपन नभएका, सुकेको अवस्था
वर्णसङ्कर = दुई अलग बिरुवाबाट उत्पादित सन्तान, ठिमाहा

पाठ – २. उद्योग सञ्चालित क्षेत्रहरू

नेपालका सबै ठाउँहरूमा उद्योग सञ्चालनका लागि पूर्वाधार पुगेको छैन, तापनि घरेलु र कुटीर उद्योग सबै पूर्वाधार पूरा नभए पनि सञ्चालित गर्न सकिन्छ । यसरी पूर्वाधार पूरा नभई सञ्चालित उद्योगले देशको आवश्यकतालाई पूरा गर्न सक्दैनन् । उद्योग सञ्चालन गर्न केही पूर्वाधार आवश्यक छन् । ती पूर्वाधार भनेको घर, जग्गा, पानी, बिजुली, टेलिफोन, कच्चापदार्थ, सडक, गोदाम, बैङ्क, आवास सुविधा आदि हुन् । यस्ता पूर्वाधार पुगेका ठाउँमा सरकारले औद्योगिक क्षेत्रको घोषणा गरेको छ । त्यस्ता औद्योगिक क्षेत्रमा विभिन्न किसिमका साना तथा घरेलु, मझौला र ठूला उद्योगहरू सञ्चालन भएका छन् । त्यसदेखि बाहेक पूर्वाधार पुगेका अन्य स्थानमा पनि ठूलाठूला उद्योगहरू सञ्चालन भएका छन् ।

औद्योगिक पूर्वाधार भएका ठाउँमा वि.सं. २०१६ देखि औद्योगिक क्षेत्रको स्थापना हुन थालेको हो । त्यस्ता क्षेत्रहरू निम्नानुसार छन् :

१. बालाजु औद्योगिक क्षेत्र, काठमाडौँ
२. हेटौँडा औद्योगिक क्षेत्र, मकवानपुर
३. पाटन औद्योगिक क्षेत्र, ललितपुर
४. पोखरा औद्योगिक क्षेत्र, कास्की
५. धरान औद्योगिक क्षेत्र, सुनसरी
६. नेपालगञ्ज औद्योगिक क्षेत्र, बाँके



८.१ नेपालको औद्योगिक नक्सा

७. बुटवल औद्योगिक क्षेत्र, रुपन्देही
८. धनकुटा औद्योगिक क्षेत्र, धनकुटा
९. सुर्खेत औद्योगिक क्षेत्र, सुर्खेत
१०. साना औद्योगिक क्षेत्र, भक्तपुर
११. धनगढी औद्योगिक क्षेत्र, कैलाली
१२. राजविराज औद्योगिक क्षेत्र, सप्तरी

माथिका क्षेत्रहरूबाहेक देशका अन्य भागमा साना तथा कुटीर उद्योग, मझौला उद्योग र ठूला उद्योगहरू सञ्चालनमा रहेका छन् । यस्ता उद्योगहरूले देशको आर्थिक विकासमा महत्त्वपूर्ण योगदान दिएका छन् । त्यसैले उद्योगको विकासका लागि सरकारले राम्रो नीति ल्याउनुपर्दछ । उद्योगको संरक्षण र संवर्द्धनका लागि राहत पुऱ्याउने खालको औद्योगिक नीति सरकारले अवलम्बन गरे मात्र देश उद्योगको विकासतिर अग्रसर हुन सक्छ । उद्योग पनि आर्थिक विकासको एउटा मेरुदण्ड हो । त्यसैले उद्योगको विकासका लागि सबै पक्षबाट सहयोगको जरुरी छ ।

क्रियाकलाप

१. नेपालको नक्सामा औद्योगिक क्षेत्रहरू देखाऊ ।
२. उद्योग सञ्चालन गर्न केकस्ता पूर्वाधारहरू चाहिन्छन् ?
३. उद्योगको संरक्षण र संवर्द्धन गर्न कस्तो खालको औद्योगिक नीति सरकारले अवलम्बन गर्नुपर्दछ, छलफल गरी समाचार तयार पार ।
४. तिमीले नेपालका उद्योगहरूबाट उत्पादित कस्ताकस्ता वस्तुको उपयोग कसरी गरेका छौं ?
५. तिम्रो आफ्नो समुदायको औद्योगिक स्थलको नक्सा तयार पार ।

तिम्रो समुदायमा

तिमी बसेको गा.वि.स/न.पा.मा साना तथा घरेलु उद्योग सञ्चालन भएको हुनसक्छ । त्यस्ता उद्योगमा जाऊ र त्यो उद्योग सञ्चालन गर्न चाहिने कच्चापदार्थ, उपकरण सम्बन्धमा प्रश्नावली तयार गरी त्यस प्रश्नावलीका आधारमा एउटा प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर ।

शब्दार्थ

पूर्वाधार = कुनै उद्योगधन्दा सुरु गर्नुभन्दा पहिलेको आवश्यक आधार
औद्योगिक क्षेत्र = उद्योग सञ्चालन भएको स्थान, ठाउँ
प्रश्नावली = प्रश्नहरूको क्रमबद्ध तालिका, कुनै जानकारी लिन सम्बन्धित व्यक्तिसँग सोधिने प्रश्नहरूको सूची

पाठ – ३. कृषि र उद्योगबीचको आपसी सम्बन्ध

नेपालमा सञ्चालित धेरै उद्योगहरू कृषिमा आधारित छन् । कृषि क्षेत्रबाट उत्पादन भएका कच्चा पदार्थहरूबाट नै त्यस्ता उद्योगहरू सञ्चालन भएका छन् । उदाहरणका लागि उखुबाट चिनी उद्योग, सनपाटबाट जुट उद्योग, सुर्तीबाट चुरोट उद्योग, कपासबाट कपडा उद्योग, पशुहरूको छालाबाट छाला उद्योग, चियाबाट चिया उद्योग आदि । यी उद्योग सञ्चालन गर्नका लागि आवश्यक कच्चापदार्थ कृषि क्षेत्रबाट नै प्राप्त हुन्छन् ।

कृषिका लागि आवश्यक पर्ने कुटो, कोदालो, हलो, अन्य उपकरण आदि उद्योगबाट उत्पादित हुन्छन् । तिनै कृषि औजारको प्रयोग गरी कृषिमा बढी उत्पादन गर्न सकिन्छ । कृषिका लागि आवश्यक रासायनिक मल, कीटनाशक औषधी पनि उद्योगबाट नै प्राप्त हुन्छ । कृषि औजार, रासायनिक मल, कीटनाशक औषधीको समुचित प्रयोगले कृषिमा बढीभन्दा बढी उत्पादन गर्न सकिन्छ । त्यस्तै सिँचाइका लागि आवश्यक पर्ने जेनेरेटर पनि उद्योगबाट नै प्राप्त हुन्छ । तसर्थ कृषि र उद्योगको एक आपसमा सम्बन्ध रहेको छ । यी दुईबीचको आपसी सम्बन्धबाट नै कृषि र उद्योग फस्टाउन सक्छन् । चित्रले पनि यसलाई अझ स्पष्ट बनाउँछ ।



८.२ चिनी उद्योग

क्रियाकलाप

१. कृषि र उद्योगको आपसी सम्बन्धको चित्रण गरी कुनै एक पत्रिकाका लागि सम्पादकीय तयार पार ।

२. कृषि उत्पादन वढाउन औद्योगिक वस्तुहरूको उपयोग कसरी गर्नुपर्ला ?

३ औद्योगिक वस्तुको उपयोग गर्न कस्ताकस्ता समस्या देखिएका छन्, ती समस्या समाधान कसरी गर्नुपर्ला, समूहमा छलफल गरी लेख ।

४. उद्योगवाट उत्पादित वस्तुको चित्र बनाई कक्षामा प्रस्तुत गर ।

तिम्रो समुदायमा

१. तिम्रो समुदायमा कुनकुन वस्तु उत्पादन हुन्छन्, तिनको तालिका बनाऊ । तालिकामा कृषि उत्पादन र औद्योगिक उत्पादनलाई अलगअलग राख । त्यहाँ उत्पादन हुने वस्तुहरू सम्बन्धमा स्थानीय किसानलाई सोधिने प्रश्नावली तयार पार । तिनै प्रश्नावलीको आधारमा समाचार तयार पारी कक्षामा प्रस्तुत गर ।

२. तिम्रो समुदायमा उद्योग स्थापना गर्न चाहन्छौं भने केकस्ता पूर्वाधार विकास गर्नुपर्ला, त्यस सम्बन्धमा स्थानीय व्यक्तिसँग सोधपुछ गरी प्रस्तुत गर ।

पाठ – ४. उद्योगहरूबाट आर्थिक उपलब्धि

आधुनिक युग औद्योगीकरणको युग हो । कुनै पनि अर्थ व्यवस्थामा परिवर्तन ल्याउनका लागि उद्योगहरूको विकास राम्रोसँग हुनुपर्छ । देशको आर्थिक विकासमा उद्योगको पनि महत्त्वपूर्ण स्थान रहेको हुन्छ । हाम्रो देशको सन्दर्भमा हेर्दा कृषि पछि उद्योगले नै देशको अर्थतन्त्रमा योगदान दिएको छ । प्रत्यक्ष वा अप्रत्यक्षरूपमा उद्योगको विकासले कृषिको विकासमा सहयोग पुऱ्याइरहेको हुन्छ । उद्योगको विकासले देशलाई आवश्यक पर्ने वस्तुहरू उत्पादन हुन्छ । वस्तुहरूको उत्पादनले विदेशबाट सामान ल्याउनु पर्दैन । यसबाट विदेशमा नेपाली रुपियाँ जादैन । देशमा नै उद्योगधन्दाको विकास भएमा आर्थिक स्थिति बलियो हुन्छ र उनीहरूमा क्रयशक्ति (Purchasing Power) बढ्छ । यसबाट धेरै सामानको बिक्री वितरण हुन्छ ।

उद्योगबाट उत्पादित सामान जति धेरै बिक्री वितरण हुन्छ त्यति कै मात्रामा उद्योग फस्टाउँदै जान्छ । उद्योगले जति धेरै नाफा कमाउँछ, यसबाट अन्य उद्योग सञ्चालन गर्न सकिन्छ । देशमा बढीभन्दा बढी उद्योगको स्थापना भएको खण्डमा राष्ट्रलाई आम्दानी हुन्छ । एकातिर उद्योगहरूले कर तिरेर देशको आम्दानी बढाउँछन् भने अर्कोतिर राष्ट्रलाई आवश्यक पर्ने वस्तुको उत्पादन गरेर नेपाली रुपियाँ विदेश जानबाट जोगाउँछन् । यसैगरी स्वदेशमा उत्पादित वस्तुहरू आफ्नो देशमा मात्रै खपत हुँदैनन् । त्यस्ता वस्तुहरू विदेशमा समेत निकासी गर्न सकिन्छ । जब वस्तुहरू विदेशमा पठाइन्छ तब देशलाई विदेशी मुद्रा आर्जन हुन्छ । समग्रमा भन्नुपर्दा उद्योगको विकासबाट निम्नलिखित फाइदाहरू हुन्छन् :

(क) रोजगारीको अवसर प्रदान गर्दछ ।

(ख) कृषि क्षेत्रको विकासमा टेवा पुऱ्याउँछ ।

(ग) आत्मनिर्भरतातर्फ अग्रसर हुन्छ ।

(घ) प्रतिव्यक्ति आयमा वृद्धि हुन्छ र जीवनस्तरमा सुधार ल्याउँछ ।

(ङ) एकातिर विदेशी मुद्राको बचत हुन्छ अर्कोतिर विदेशी मुद्रा आर्जन गर्न सकिन्छ ।

(च) स्रोत र साधनको परिचालन हुनुको साथै कच्चापदार्थको पनि सदुपयोग हुन्छ ।

उद्योग सञ्चालनका लागि पूर्वाधारको विकास राम्रोसँग हुनुपर्छ । पूर्वाधारको विकास भएर पनि उद्योग सञ्चालनमा थुप्रै समस्याहरूले गर्दा राम्रोसँग विकास हुन सकेको छैन । उद्योगले सामना गर्नुपरेका समस्याहरू धेरै छन् । ती समस्याहरू यसप्रकार छन् :

(क) बजारको अभाव

(ख) पुँजीको अभाव

(ग) कच्चा पदार्थको कमी

(घ) यातायात र सञ्चारको असुविधा

(ङ) दक्ष जनशक्तिको अभाव

(च) यन्त्र र उपकरणको अभाव

(छ) उपयुक्त औद्योगिक नीतिको अभाव, आदि ।

माथिका समस्याहरू समाधान गरी उद्योग सञ्चालन गर्न सकेमा देशको आर्थिक अवस्था सप्रने र मानिसहरूको जीवनस्तर पनि माथि उठ्नेछ । यसका लागि सरकारी, गैरसरकारी सबै क्षेत्रबाट आवश्यक सहयोग हुनु जरुरी छ ।

क्रियाकलाप

१. उद्योगको विकासले कृषिको विकासमा कसरी मद्दत पुऱ्याएको हुन्छ ?

२. उद्योगबाट देशको आम्दानी कसरी बढ्छ, कारण देऊ ।

३. उद्योगको विकासबाट केकस्ता फाइदा हुन्छन्, बुँदागतरूपमा लेख ।

४. औद्योगिक वस्तुहरूको प्रदर्शनीका लागि एउटा कार्यक्रमको रूपरेखा बनाऊ ।

५. उद्योगले सामना गर्नुपरेका समस्याहरू छलफल गरी प्रस्तुत गर ।

६. उद्योगले भोगेका समस्याहरू समाधानका उपायहरू उल्लेख गरी समाचार बनाऊ ।

तिम्रो समुदायमा

तिम्रो गा.वि.स/ न.पा.मा सञ्चालन भएका उद्योगहरू (साना, मझौला, ठूला) मा जाऊ । त्यहाँ जानुअघि उद्योग स्थापित वर्ष, लगानी भएको पुँजी, कच्चापदार्थ, उत्पादित वस्तु र बिक्री गर्ने ठाउँ सम्बन्धमा प्रश्नावली तयार पार । त्यही प्रश्नावलीका आधारमा प्रतिवेदन तयार पार र प्रस्तुत गर ।

पाठ – ५. आर्थिक उन्नतिका लागि साना, मझौला र ठूला उद्योगको भूमिका

(साना, मझौला र ठूला उद्योगको सम्बन्धमा शिक्षक र विद्यार्थीबीच भएको कुराकानी)

भावना : नमस्कार !

भूषण : नमस्कार, आरामै छौ !

८.३ उद्योगको विषयमा छलफल

भावना : आराम छु, सर, आज हामी उद्योगका सम्बन्धमा छलफल गरौँ कि भनेर आएको,

भूषण : भइहाल्छ नि ! आऊ न चौतारीमा बसेर कुराकानी गरौँ ।

भावना : सर, कस्ता उद्योगलाई साना उद्योग भनिन्छ, यसले विकासमा कसरी मद्दत पुऱ्याउँछन् ।

भूषण : थोरै लगानी, सानो ठाउँमा सञ्चालन गर्न सकिने, धेरै कामदार नचाहिने उद्योगलाई घरेलु (साना) उद्योग भनिन्छ, अर्थात् औद्योगिक व्यवसाय ऐन, २०५४ (संशोधन) को परिभाषाअनुसार "अधिकतम तीन करोडसम्म स्थिर जेथा भएको उद्योगलाई साना उद्योग भनिन्छ ।" यस्ता उद्योगले खास गरी ग्रामीण समुदायका मानिसलाई रोजगार प्रदान गर्दछन् । फुर्सतको समयको सदुपयोग, स्थानीय कच्चापदार्थको उपयोग, श्रम र सीपको उपयोग र रोजगारसमेत प्राप्त हुन्छ । यसबाट आर्थिक उन्नतिमा सहयोग पुग्दछ ।

भावना : मझौला र ठूला उद्योग भनेको के हो, यस सम्बन्धमा पनि जानकारी पाए राम्रो हुन्थ्यो कि !

भूषण : ठीकै छ, यस सम्बन्धमा पनि म बताइदिउँला । सुन, धेरै पुँजी लगानी भएको, दक्ष र अर्धदक्ष जनशक्ति चाहिने, मेसिन, यन्त्र र उपकरण प्रयोग गरिने ठूलो मात्रामा वस्तु उत्पादन हुने उद्योगलाई मझौला तथा ठूला उद्योग भनिन्छ । औद्योगिक व्यवसाय ऐन

२०५४ (संशोधन) अनुसार "तीन करोड रुपियाँदेखि १० करोड रुपियाँसम्मको स्थिर जेथा भएको उद्योगलाई मझौला उद्योग भनिन्छ । सोही ऐनअनुसार" दस (१०) करोड रुपियाँभन्दा बढीको स्थिर जेथा भएको उद्योगलाई ठूला उद्योग भनिन्छ ।" देशको आर्थिक उन्नतिमा उल्लेखनीय परिवर्तन गर्न मझौला तथा ठूला उद्योगको भूमिका महत्त्वपूर्ण रहन्छ । यस्ता उद्योगले देशलाई आवश्यक पर्ने वस्तुहरू उत्पादन गर्दछन् । ती उत्पादनले देशको खाँचोलाई पूरा गर्दछन् । यसले गर्दा विदेशमा सामान आयात गर्नुपर्दैन । यसरी आयात गर्नु नपर्दा मुद्राको बचत हुन्छ । उक्त बचत उद्योगधन्दा लगायत अन्य कुराहरूमा लगाउन सकिन्छ ।

भावना : सर, त्यसो भए मझौला तथा ठूला उद्योगले अरू केके फाइदा हुन्छ त !

भूषण : यस्ता उद्योगले कृषि क्षेत्रको विकासमा सहयोग पुऱ्याउँछन् । त्यस्तै रोजगारीको सिर्जना, निर्यात वृद्धि, स्रोत र साधनको परिचालनसमेत हुन्छ । यसरी मझौला तथा ठूला उद्योगले देशको आर्थिक उन्नतिमा महत्त्वपूर्ण योगदान दिएका हुन्छन् । बुझ्यौ त ! भावना ।

भावना : बुझें सर, अब त समय निकै बितिसक्यो । घरतिर लागौं नमस्कार !

भूषण : नमस्कार, ल घरतिर जाऊ है त ।

क्रियाकलाप

१. पाठको संवाद अध्ययन गरी अर्को एउटा संवाद तयार पार ।
२. कस्ता उद्योगलाई साना उद्योग भनिन्छ ? औद्योगिक व्यवसाय ऐन २०५४ (संशोधन) अनुसार उल्लेख गर ।
३. साना उद्योगले देशको आर्थिक उन्नतिमा कसरी सहयोग पुऱ्याउँछन् ?
४. मझौला तथा ठूला उद्योगले कसरी देश विकासमा सहयोग पुऱ्याउँछन् । त्यस सम्बन्धमा टिप्पणी लेख ।

तिम्रो समुदायमा

१. **तिम्रो समुदाय (गा.वि.स/न.पा.) मा भएका उद्योगहरूको तथ्याङ्क सङ्कलन गर । सङ्कलित तथ्याङ्कलाई स्तम्भ चित्र (Bar Graph) मा देखाऊ र कक्षामा प्रस्तुत गर ।**
२. **तिमी बसेको इलाकामा सञ्चालित साना, मझौला तथा ठूला उद्योगमा उत्पादित वस्तुको सूची तयार गर । ती वस्तुहरू स्थानीयस्तरमा मात्रै खपत भएका छन् कि अन्य क्षेत्रमा पनि पठाइएको छ, त्यस सम्बन्धमा उद्योगपतिसँग सोधिने प्रश्नावली तयार पार र त्यसका आधारमा प्रतिवेदन तयार गरी प्रस्तुत गर ।**

सारांश

यस एकाइमा तिमीले निम्नलिखित कुराहरू सिक्यौ :

- कृषि उत्पादनका प्रमुख क्षेत्रहरू नक्सामा देखाउन ।
- खाद्यबाली र नगदेबाली छुट्याउन ।
- समाचार बनाई प्रस्तुत गर्न ।
- सम्पादकीय तयार पार्न ।
- प्रश्नावली तयार पारी प्रयोग गर्न ।
- औद्योगिक स्थलको नक्सा तयार पार्न ।
- चित्र बनाई प्रस्तुत गर्न ।
- तालिका बनाउन ।
- कार्यक्रमको रूपरेखा बनाउन ।
- संवाद तयार गर्न ।
- तथ्याङ्कलाई स्तम्भचित्र (Bar Graph) मा देखाउन ।

एकाइ - ९.

हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग



संसारमा नेपालले शान्ति सन्देश दिई ।
जर्मनी र अमेरिकाको परिचय लिई ॥
मित्रदेश चीन जापान बेलायत्लाई चिनौं ।
सबै देशबीच राम्रो आत्मीयता राखौं ॥

पाठ - १. मित्रराष्ट्रहरूको परिचय

नेपालको धेरै देशहरूसँग दौत्य सम्बन्ध कायम भएको छ । यसरी धेरै देशसँग दौत्य सम्बन्ध हुनुमा नेपालले अपनाएको विदेश नीतिले पनि हो । नेपालले असंलग्न परराष्ट्र नीति अँगालेको छ । यो पञ्चशीलको सिद्धान्तमा आधारित छ । यस सिद्धान्तअनुसार राष्ट्रका पारस्पारिक हितका लागि क्षेत्रीय अक्षुण्णता र सार्वभौमिकताको सम्मान, अनाक्रमण, अहस्तक्षेप, समानता र शान्तिपूर्ण सहअस्तित्वका आधारमा दुई देशबीच सम्बन्ध कायम भएको हुन्छ । यही सम्बन्धले गर्दा मित्रराष्ट्रहरूसँगको सम्बन्ध र सहयोग विस्तार भएको हो ।

विश्वका अन्य देशहरूसँगको परिचयले त्यस देशको भौगोलिक अवस्थिति, त्यहाँको हावापानी, बालीनाली, जनसङ्ख्या विकास निर्माण, त्यस देशले गरेको उन्नति आदिबारेमा जानकारी लिन सकिन्छ । यिनै जानकारीबाट विश्वमा भएका आर्थिक उन्नति, जनताको अवस्था थाहा पाउन सकिन्छ । अरू राष्ट्रहरू कसरी अघि बढेका छन् । त्यसको जानकारी लिँदै आफ्नो देशलाई अग्रगतिमा बढाउनका लागि राम्राराम्रा नीति बनाई कार्यान्वयन गर्न सकिन्छ । यस्ता पाठले आफ्नो देशलाई प्रगतितिर उन्मुख गराउन पनि मद्दत पुग्दछ । नेपाली कला र संस्कृतिको विकासमा पनि अन्य देशसँगको सम्बन्धले मद्दत पुऱ्याउँछ । आधुनिक प्रविधिको उपयोग गरेर हाम्रो देशको सभ्यता र संस्कृतिको प्रचारप्रसार गर्न सकिन्छ । आजकाल सञ्चारका आधुनिक साधनहरू प्रयोगमा आइसकेका छन् । ती साधनबाट मित्रराष्ट्रको प्रगति र त्यहाँ हुने गतिविधि समयसमयमा थाहा पाउन



९.१ विश्वको नक्सा

सकिन्छ । विभिन्न देशहरूसँगको सम्बन्धले गर्दा नै नेपाली विद्यार्थीहरूले विश्वका विभिन्न देशमा गएर अध्ययन गर्ने अवसर पाएका छन् । यस्तो अवसरले गर्दा विभिन्न मुलुकमा हाम्रो देशको आर्थिक र सामाजिक विकासमा समेत मित्रराष्ट्रहरूको सम्बन्ध र सहयोगले ठूलो टेवा पुऱ्याएको हुन्छ ।

क्रियाकलाप

१. नेपालले कस्तो खालको विदेश नीति अपनाएको छ ?

२. मित्रराष्ट्रहरूसँगको सम्बन्धबाट कुनकुन कुराको जानकारी लिन सकिन्छ ?

३. विदेशमा बसेको साथीलाई आफ्नो देशको गौरब बढाउन गर्नुपर्ने कार्य उल्लेख गरी पत्र लेख ।

४. नेपालसँग दौत्य सम्बन्ध कायम भएका देशहरूलाई विश्वको नक्सामा देखाऊ ।

५. आधुनिक प्रविधिको उपयोग गरी नेपाली सभ्यता र संस्कृतिको प्रचारप्रसार कसरी गर्छौं, छलफल गरी लेख ।

तिम्रो समुदायमा

तिम्रो समुदायका कुनै मानिस विदेश जानुभएको होला, विदेश जानका लागि आवश्यक पासपोर्ट (राहदानी) प्राप्त गर्नुपर्ने हुन्छ, राजधानी प्राप्त गर्न कुनकुन विवरण समावेश गर्नुपर्छ सम्बन्धित मानिससँग सोधेर सूची तयार गरी कक्षामा प्रस्तुत गर ।

शब्दार्थ

प्रविधि = सीप वा कौशल

पाठ - २. चीन र जापानसँगको सम्बन्ध र सहयोग

(क) नेपालको चीनसँग सम्बन्ध

१. चीन र नेपालको प्राचीनकालदेखि नै सम्बन्ध रहेको थियो भन्ने प्रमाण धर्मग्रन्थमा भेटिन्छ । बौद्ध धर्मग्रन्थअनुसार मञ्जुश्रीले चोभारको डाँडो काटी काठमाडौँ उपत्यकालाई बस्न योग्य बनाएका थिए । सातसय वर्षअघि कलाकार अरनिको चीनमा गएर राम्राराम्रा कलाकृतिको निर्माण गरेका थिए । अंशुवर्माको समयमा भृकुटीको विवाह तिब्बतका स्रङचङगम्पोसँग भएको थियो । यसरी अंशुवर्माले नेपाल र चीनको सम्बन्ध अझ बलियो पारेका थिए ।



९.२ (क) चीनको नक्सा

२. एसिया महाद्वीपमा अवस्थित जनवादी गणतन्त्र चीनसँग नेपालको वि.सं. २०१२ साल (10 August 1955) मा दौत्य सम्बन्ध कायम भएको थियो । उत्तरमा रहेको चीन नेपालको असल छिमेकी देश हो । यसको राजधानी बेइजिङ हो । यसको क्षेत्रफल करिब छयानब्बे लाख वर्ग किलोमिटर छ । चीनमा साम्यवादी शासन व्यवस्था कायम छ । त्यसैले त्यहाँ कम्युनिष्टहरू सरकारमा रहेका छन् । सन् १९४९ को क्रान्तिपछि चीनले ठूलो आर्थिक र सामाजिक प्रगति गरेको छ । त्यसैले आजकाल विश्वका प्रायजसो मुलुकमा चिनियाँ सामानहरू पाइन्छन् ।

३. चीनले नेपाललाई धेरै कुरामा सहयोग गरेको छ । यातायात, उद्योग, जलविद्युत् आदि क्षेत्रमा सहयोग पुऱ्याएको छ । यातायातको क्षेत्रमा अरनिको र पृथ्वी राजमार्ग, चक्रपथ आदि हुन् । उद्योगको क्षेत्रमा पनि चीनले नेपाललाई सहयोग गरेको छ । काठमाडौँमा रहेको बाँसबारी छाला जुत्ता कारखाना, हरिसिद्धि इँटाटायल कारखाना, भक्तपुर इँटा कारखाना, नवलपरासीको भृकुटी कागज कारखाना पनि चीन सरकारले नै बनाएको हो । हाल यी उद्योगहरू निजीकरण भई सञ्चालन भएका छन् । यसै गरी वीरेन्द्र अन्तर्राष्ट्रिय सभा भवन, राष्ट्रिय सभागृह, सुनकोसी जलविद्युत् आयोजना पनि चीन सरकारकै सहयोगमा बनेको हो ।

(ख) नेपाल जापान सम्बन्ध

जापानलाई टापुहरूको देश भनिन्छ । उनीहरूको भाषामा जापानलाई निप्पोन भनिन्छ । निप्पोनको अर्थ सबभन्दा पहिले सूर्य उदाउने देश हो । चारओटा मुख्य टापुहरू मिलेर जापान बनेको छ । ती टापुहरूमा होकाइडो (Hokkido), होन्सु (Honshu), सिकोकु र (Shikoku) क्युसु (Kuyshu) हुन् । टोकियो जापानको राजधानी हो । यो होन्सु टापुमा पर्दछ ।

नेपाल र जापानको सम्बन्ध वि.सं. २०१३ साल (सन्.१९५६) सालमा भएको थियो । यसअघि राणा प्रधानमन्त्री देवशमशेरले ८ जना नेपाली विद्यार्थीलाई जापान पढ्न पठाएका थिए ।

नेपाल र जापानका धेरै मिल्दाजुल्दा कुराहरू छन् । दुवै राजतन्त्रात्मक देश हुन् । जापानीहरू असाध्यै मिहिनेती छन् । यही मिहिनेतले गर्दा जापानले ठूलो प्रगति गरेको छ । हामीले हाम्रो देशको विकासका लागि जापानीहरूबाट धेरै कुरा सिक्नु जरुरी छ ।



९.२ (ख) जापानको नक्सा

जापान सरकारले गोङ्गबु बसपार्क, विभिन्न खानेपानी आयोजना, जलविद्युत् परियोजना, पोखरा र काठमाडौंको रेडियो प्रसारण केन्द्र, कास्की र दाङमा बागवानी विकासमा समेत सहयोग पुऱ्याएको छ । यसरी जापान सरकारले नेपालसँग विभिन्न समयमा सम्झौता गरी शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा सहयोग पुऱ्याउँदै आइरहेको छ ।

क्रियाकलाप

१. नेपालको चीन र जापानसँग कहिले दौत्य सम्बन्ध कायम भयो, यस सम्बन्धले नेपाललाई कस्तो फाइदा पुगेको छ ?
२. चीनले नेपालको विकासमा पुऱ्याएको सहयोग सम्बन्धमा एक लेख तयार पार ।
३. चीनको सहयोगमा निर्माण भई रहेका उद्योगहरूलाई किन निजीकरण गरिएका हुन् ?
४. जापानलाई किन टापुहरूको देश भनिन्छ र जापानले कुनकुन क्षेत्रमा सहयोग पुऱ्याएका छन् ?
६. एसियाको नक्सामा जापान र चीन देखाऊ ।

तिम्रो समुदायमा

१. तिम्रो समुदायमा सञ्चालित उद्योग, पुलपुलेसा, बाटोघाटो (राजमार्ग तथा सहायक मार्ग) मित्र राष्ट्रहरूको सहयोगमा बनेका छन् कि, त्यस सम्बन्धमा स्थानीय व्यक्तिसँग सोधपुछका लागि प्रश्नावली तयार पार ।

२. तिम्रो गा.वि.स. / न.पा.मा खानेपानी योजना, उद्योग सञ्चालन गर्नुपर्‍यो भने मित्र राष्ट्रहरूसँग सहयोग लिनुपर्दा कस्तो खालको चिठी लेख्नुपर्ला ।

शब्दार्थ

साम्यवादी = सार्वजनिक प्रबन्ध र उपयोगको सिद्धान्तमा समाज व्यवस्था स्थिर गर्ने राजनीतिक व्यवस्थामा विश्वास राख्ने ।

सम्पादकीय = समाचार आदिमा सम्पादकको तर्फबाट लेखिएको विशेष प्रकारको लेख ।

निजीकरण = व्यक्ति वा समूहको अधिन रहेको ।

पाठ – ३. फ्रान्स र जर्मनीसँगको सम्बन्ध र सहयोग

(क) नेपाल फ्रान्स सम्बन्ध

युरोप महाद्वीपको पश्चिमी भागमा फ्रान्स पर्दछ । यसको तीनतिर समुद्र जोडिएको छ । फ्रान्सको राजधानी पेरिस हो । युरोपको सबभन्दा अग्लो शिखर माउन्ट इलब्रस (Mt. Elbrus) पनि फ्रान्समा नै पर्दछ । यस शिखरको उचाइ ४८०७ मिटर छ ।

यहाँका थोरै मानिसहरू खेतीपाती गर्दछन् । धेरै मानिसहरू उद्योग र व्यापारको क्षेत्रमा लागेका छन् । फ्रान्सेलीहरू घरलाई विश्राम केन्द्रका रूपमा मान्दछन् । उनीहरू घरभित्र राम्ररी सजावट गर्दछन् । कविता, नाटक, चित्रकला, मूर्तिकला, फ्रान्सेलीहरूलाई औधि मनपर्छ । फ्रान्सका मुख्य सहरहरूमा पेरिस, भर्सिलिज, लियो, मार्सेइज पर्दछन् । विश्व प्रसिद्ध धरहरा इफेल (Effel) टावर पेरिसमा पर्दछ । नेपाल र फ्रान्सको सम्बन्ध पुरानो भए तापनि औपचारिक रूपमा वि.सं. २००६ (सन् १९४९ अप्रिल २०) मा सम्बन्ध कायम भयो । यसअघि वि.सं. १९०७ तिर प्रधानमन्त्री जङ्गबहादुर राणाले फ्रान्सको भ्रमण गरेका थिए । यो कुरा इतिहासमा उल्लेख छ ।



९.३ (क) फ्रान्सको नक्सा

नेपालको विकासका लागि फ्रान्सले आर्थिक र प्राविधिक सहयोग उपलब्ध गराएको छ । ग्रामीण विकास र साना जलविद्युत् आयोजनाहरू फ्रेन्च सरकारको सहयोगमा सञ्चालन भएका छन् । यसैगरी नेपाली विद्यार्थीहरू फ्रान्समा गएर अध्ययन गरिरहेका छन् ।

(ख) नेपाल जर्मनीसँगको सम्बन्ध

युरोप महाद्वीपमा जर्मनी पर्दछ । जर्मनीको राजधानी बर्लिन हो । नेपाल र जर्मनीको दौत्य सम्बन्ध वि.सं. २०१५ साल (४ अप्रिल १९५८) मा भएको थियो । जर्मनी विश्वमा आर्थिक रूपले सम्पन्न राष्ट्र मानिन्छ । नेपालबाट निकासा हुने गलैंचामध्ये सबैभन्दा बढी जर्मनीमा जान्छ । यसबाट नेपाललाई बर्सेनि विदेशी मुद्रा आर्जन हुन्छ । नेपालको आर्थिक विकासमा जर्मनीको योगदान रहेको

छ । नेपालबाट बर्सेनि अध्ययनका लागि विद्यार्थीहरू जर्मनीमा जान्छन् । यस्तो खालको छात्रवृत्ति पनि जर्मन सरकारले उपलब्ध गराएको छ । यसरी जर्मनी सरकारले नेपालको आर्थिक र सामाजिक विकासमा सहयोग पुऱ्याउँदै आइरहेको छ । यसले कृषि र स्वास्थ्य क्षेत्रमा पनि सहयोग पुऱ्याएको छ । स्वास्थ्य क्षेत्रमा फोहोरमैला व्यवस्थापनमा आर्थिक सहयोग उपलब्ध गराएको छ ।

प्रत्येक वर्ष जर्मनहरू नेपालमा आउँछन् । यसबाट विदेशी मुद्रा आर्जन हुन्छ । जर्मनीले नेपालको कला, संस्कृति र वातावरण संरक्षण कार्यमा सहयोग गर्दै आएको छ । त्यसै गरी ठूला र साना जलविद्युत् आयोजनाहरू र गोबरग्यास प्लान्टहरू सञ्चालन गर्न सहयोग पुऱ्याएको छ । चुरेको वनजङ्गललाई संरक्षण गर्न र पहाडी क्षेत्रका गाउँहरूमा बसोबास गर्ने मानिसहरूलाई स्वावलम्बी बनाउन पनि सहयोग गरेको छ ।



९.३ (ख) जर्मनीको नक्सा

क्रियाकलाप

१. नेपालका तत्कालीन राणा प्रधानमन्त्री जङ्गबहादुरले फ्रान्स भ्रमण गर्नुको कारण के थियो ?
२. नेपाल र फ्रान्सको सम्बन्धले हाम्रो देशलाई कस्तो सहयोग प्राप्त भएको छ ?
३. फ्रान्सेलीहरूलाई मनपर्ने कुराहरू लेख । फ्रान्सका मुख्यमुख्य सहरलाई नक्सामा देखाऊ ।
४. जर्मनी कुन महाद्वीपमा पर्दछ, नेपालबाट जर्मनीमा सबैभन्दा बढी निकासी हुने वस्तु कुन हो ?
५. जर्मनीले नेपाललाई कुनकुन क्षेत्रमा सहयोग पुऱ्याएको छ ?

तिम्रो समुदायमा

१. **तिम्रो जिल्लामा मित्रराष्ट्रको सहयोगबाट कुनै आयोजना सञ्चालन भएको छ भने सो सम्बन्धमा प्रश्नावली तयार गर ।**
२. **तिम्रो गा.वि.स/न.पा.मा खानेपानीको व्यवस्था गर्न कुनै मित्रराष्ट्रले गैरसरकारी संस्था मार्फत् आर्थिक सहयोग प्रदान गर्दैछ, त्यसको कार्यक्रम बनाऊ ।**

शब्दार्थ

स्वावलम्बी = आत्मनिर्भर
महाद्वीप = महादेश, जमिनको ठूलो भाग
व्यवस्थापन = कुनै कुराको व्यवस्था मिलाउने काम

पाठ – ४. संयुक्त राज्य अमेरिका र बेलायतसँगको सम्बन्ध र सहयोग

(क) संयुक्त राज्य अमेरिकासँगको सम्बन्ध र सहयोग

नेपाल र संयुक्त राज्य अमेरिकाबीच वि.सं. २००४ (25 अप्रिल 1947) मा दौत्य सम्बन्ध कायम भयो । अमेरिकालाई संयुक्त राज्य भनिन्छ किनकि यो देश पचासओटा राज्यहरू मिलेर बनेको छ । यसको राजधानी वासिङ्टन डी.सी. हो । अमेरिकामा लगभग ९९% मानिस साक्षर छन् । यसले निकै उन्नति गरेको छ । त्यहाँका मानिसहरूको जनजीवन उच्च रहेको छ । नेपालबाट तयारी पोसाक र अन्य सामान पनि संयुक्त राज्य अमेरिकामा निकासी गरिन्छ । नेपालका विकास कार्यहरूमा अमेरिकाले सहयोग पुऱ्याउँदै आएको छ । यसले कृषि, स्वास्थ्य, यातायात र सञ्चार, शिक्षा, उद्योगलगायत प्रशासनिक क्षेत्रमा समेत सहयोग पुऱ्याएको छ ।



९.४ (क) संयुक्त राज्य अमेरिकाको नक्सा

(ख) नेपाल र बेलायत सम्बन्ध र सहयोग

बेलायतलाई संयुक्त अधिराज्य भनिन्छ । इङ्गल्यान्ड, स्कटल्यान्ड र वेल्स मिलेर बेलायत (Great Britain) बनेको छ । यसको राजधानी लन्डन हो । यहाँ पहाड, डाँडा, बँसी, मैदान, खोँचहरू छन् । यो देशलाई चारैतिरबाट समुद्रले घेरेको छ । यहाँ वर्षभरि नै सिमसिमे पानी परिरहने र प्रायजसो हुस्सु लागिरहन्छ ।

यहाँका थोरै (लगभग ५%) मानिस मात्र खेतीपातीमा लागेका छन् । यहाँ जाडो हुने हुनाले गहुँ, जौ, आलु र फलफूल पाइन्छ । यहाँका ९५% मानिस उद्योग र व्यापारमा लागेका छन् ।

यो देश पनि आर्थिकरूपले सम्पन्न छ । यहाँ ठूलाठूला सहरहरू विकास भएका छन् । त्यस्ता सहरहरूमा लन्डन, बर्किङघम, म्यान्चेस्टर, अक्सफोर्ड, क्याम्ब्रिज, एडिनबरा र ग्लास्गो हुन् ।

बेलायत र नेपालको सम्बन्ध पुरानै भए तापनि औपचारिकरूपमा सन् १९३४ मा मात्र दौत्य सम्बन्ध कायम भएको हो । वि.सं. १९०६ सालतिर राणा प्रधानमन्त्री जङ्गबहादुरले बेलायत भ्रमण गरेका थिए । त्यसैको फलस्वरूप प्रथम र द्वितीय विश्वयुद्धमा अङ्ग्रेजसँग मिलेर नेपाली वीरहरूले युद्ध लडेका थिए । त्यसले गर्दा बेलायतले आफ्नो साम्राज्य विश्वमा फैलाउन सकेको थियो ।

बेलायतले नेपाललाई धेरै कुरामा सहयोग पुऱ्याउँदै आएको छ । बूढानिलकण्ठ स्कुल, औषधी अनुसन्धानशाला, मदन भण्डारी मार्ग (धरान-धनकुटा), महेन्द्र राजमार्ग (नारायणगढ-बुटवल खण्ड), रेडियो नेपालको क्षमता विस्तारमा समेत सहयोग पुऱ्याएको छ ।



९.४ (ख) बेलायतको नक्सा

क्रियाकलाप

१. अमेरिकालाई किन संयुक्त राज्य भनिन्छ ?
२. अमेरिकाले नेपालको कुनकुन क्षेत्रमा सहयोग पुऱ्याएको छ ?
३. नेपाल र अमेरिकाबीच सडक निर्माण गर्न सम्झौता गर्नुपर्‍यो भने कस्तो खालको सम्झौतापत्र तयार पार्नुपर्ला, त्यसको रूपरेखा बनाऊ ।
४. बेलायतलाई किन टापुको देश भनिन्छ ?
५. बेलायतले नेपाललाई कुनकुन कुरामा सहयोग पुऱ्याएको छ ?

तिम्रो समुदायमा

१. मित्रराष्ट्रले तिम्रो विद्यालय सुधार गर्न आर्थिक सहायता दिएमा कुनकुन काम गर्न प्रधानाध्यापक / विद्यालय व्यवस्थापन समितिको अध्यक्षलाई सुझाव दिन्छौ, त्यसको रूपरेखा बनाई प्रस्तुत गर ।
२. गा.वि.स/न.पा.ले विद्यालय हाताभित्र शौचालय निर्माणका लागि आर्थिक सहयोग प्रदान गर्दैछ भने प्रधानाध्यापक र गा.वि.स/न.पा.प्रमुखबीच हुने सम्झौता पत्रको नमुना तयार पार ।

शब्दार्थ

रूपरेखा = ढाँचा

सम्झौतापत्र = दुई देशबीचमा कुनै कुराको सम्बन्धमा हुने सहमति पत्र

पाठ – ५. अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको योगदान

नेपाल एक शान्तिप्रिय राष्ट्र हो। त्यसैले विश्वका ११६ राष्ट्रहरूले नेपालको शान्तिक्षेत्रको प्रस्तावलाई स्वीकार गरेका छन् । नेपालले असंलग्न परराष्ट्र नीति अँगालेको छ । यस नीतिअनुसार नेपाल कसैको पक्ष नलिई तटस्थ रहँदै आएको छ। कसैको पक्षमा नलाग्ने राष्ट्रहरू मिलेर एउटा सङ्गठन बनाएका छन्, जसलाई असंलग्न राष्ट्रको सङ्गठन भन्दछन् । त्यस सङ्गठनले समयसमयमा असंलग्न राष्ट्रहरूको शिखर सम्मेलनको आयोजना गर्दछ। नेपालले त्यस्ता शिखर सम्मेलनमा भाग लिन्छ र आफ्ना भनाइहरू राख्दछ ।



९.५ विश्वको नक्सा

नेपाल शान्तिप्रिय मुलुक र संयुक्त राष्ट्रसङ्घको सदस्य भएकाले विश्वमा शान्ति कायम गर्न संयुक्त राष्ट्रसङ्घलाई बेलाबेलामा सहयोग पुऱ्याउँदै आएको छ । यो कार्य नेपाल प्रहरी र नेपाली सेनाले गर्दै आएका छन् । नेपाल प्रहरी र नेपाली सेनाले शान्ति सेनाको रूपमा संयुक्त राष्ट्रसङ्घअर्न्तगत रही विश्वमा शान्ति कायम गर्ने कार्य गर्दै आएका छन् । नेपालले पूर्वी टिमोर, लेवनान, कोसोभो, कुवेत आदि ठाउँहरूमा गई शान्ति स्थापना गरेको छ । यसरी नेपालले विश्वमा शान्ति स्थापना कार्यमा ठूलो सहयोग पुऱ्याएको छ । यसबाट नै विश्वमा नेपालीहरू शान्तिप्रेमी छन् भन्ने कुरा स्पष्ट हुन्छ । अन्तर्राष्ट्रिय खेलकुदले पनि शान्ति स्थापना कार्यमा सद्भाव र आपसी सहयोग पुऱ्याएको छ ।

क्रियाकलाप

१. नेपालले कस्तो परराष्ट्र नीति अँगालेको छ ?

२. नेपाललाई किन शान्तिक्षेत्र घोषित गरिएको हो ?

३. शान्तिसेनाको रूपमा नेपालले विश्वका कुनकुन मुलुकमा शान्ति स्थापना कार्यमा सहयोग पुऱ्याएको छ ?

४. विश्वको नक्सामा नेपालले शान्ति स्थापना कार्यमा सहयोग पुऱ्याएका देशहरू देखाऊ ।

तिम्रो समुदायमा

१. दुई छिमेकीबीच जग्गाको सिमाना मिचेको विषयमा झगडा हुँदैछ, यदि तिमीलाई मध्यस्थकर्ता बनाइयो भने ती दुईबीचको झगडालाई कसरी साम्य पार्छौ, झगडालाई अन्त्य गर्ने कुनकुन तरिका अपनाउँछौ, प्रस्तुत गर ।

२. रेडियो, टेलिभिजनबाट प्रसारित र पत्रपत्रिकाबाट प्रकाशित विश्वमा भएका समसामयिक घटनाहरू (विज्ञान प्रविधि र राजनीतिसम्बन्धी) सङ्कलन गरी कक्षामा प्रस्तुत गर । साथीहरूको प्रतिक्रियालाई समेटी निचोड प्रस्तुत गर ।

शब्दार्थ

मध्यस्थकर्ता = दुई पक्षका बीचमा रही कुनै विवाद मिलाउने व्यक्ति

शिखरसम्मेलन = राष्ट्रहरू प्रमुखका बीचमा हुने सद्भावपूर्ण भेला

सारांश

यस एकाइमा तिमीले निम्नलिखित कुराहरू सिक्यौ :

- मित्रराष्ट्रहरूसँगको सम्बन्धबाट हुने फाइदा बताउन ।
- विश्वको नक्सामा नेपालसँग दौत्य सम्बन्ध कायम भएका राष्ट्र देखाउन ।
- आधुनिक प्रविधिको उपयोग गरी कला र संस्कृतिको प्रसार गर्न ।
- राहदानी फाराम भर्ने अभ्यास गर्न ।
- समाचार तयार पारी प्रस्तुत गर्न ।
- चीन र जापानले नेपाललाई गरेको सहयोग उल्लेख गर्न ।
- सम्पादकीय तयार पार्न ।
- प्रश्नावली तयार पारी प्रयोग गर्न ।
- चिठीको नमुना तयार गर्न ।
- फ्रान्स र जर्मनीले पुऱ्याएको सहयोग उल्लेख गर्न ।
- सम्झौतापत्रको ढाँचा तयार पार्न ।
- अमेरिका र बेलायतले नेपाललाई पुऱ्याएको सहयोग उल्लेख गर्न ।
- विद्यालय सुधार कार्यक्रमको ढाँचा तयार पार्न ।
- मध्यस्थकर्ताको भूमिका निर्वाह गर्न ।
- विश्वमा भएका विज्ञान, प्रविधि र राजनीतिसम्बन्धी समसामयिक घटनाहरू उल्लेख गर्न ।
- विश्वमा घटेका समसामयिक (विज्ञान, प्रविधि र राजनीति) घटनाले नेपालमा पुऱ्याएको असर उल्लेख गर्न ।

कक्षागत गीत

कक्षा ८

तराई हेर कति राम्रो हरियो वन हुनाले
पहाड हेर झनै राम्रो गुराँस फुल्नाले
म त हेर त्यसै राम्रो यसै राम्रो
त्यसै राम्रो नेपाली हुनाले
सगरमाथा मेरै आफ्नो शिर भइदिनाले...२

अरूको भरमा बाँच्नुपर्छ हातै नहुनाले
एकदिन भोकै मर्नुपर्छ पौरख नहुनाले } २
म त मेरै पौरख खान्छु
म त हातमा नङ्ग्रा खियाउँछु हो २, नेपाली हुनाले
सारा नेपालीको लक्ष्य एउटै भइदिनाले

अरूको साथमा हिँड्नुपर्छ आँखै नहुनाले
अन्यायलाई सहनुपर्छ निर्धो भइदिनाले } २
म त अन्यायसित लड्छु
ठूलोसानो एउटै देख्छु हो २, नेपाली हुनाले
नारीपुरुष मेरै दुईटा आँखा भइदिनाले...२

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर ।

मुद्रकः- जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानोठिमी, भक्तपुर ।